# लेखापरीक्षण प्रतिवेदन

# कास्की

## २०७२।७३




## महालेखापरीक्षकको कार्यालय

### काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| ३.१. | उच्च अदालत | ३ |
| ३.२. | जिल्ला अदालत | ३ |
| ३.३. | उच्च सरकारी वकिल कार्यालय | ३ |
| ३.४. | जिल्ला सरकारी वकिल कार्यालय | ३ |
| ३.५. | लोकसेवा आयोग पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय | ४ |
| ३.६. | तथ्याक कार्यालय | ४ |
| ३.७. | आन्तरिक राजस्व कार्यालय | ४ |
| ३.८. | मालपोत कार्यालय | १४ |
| ३.९. | पश्चिम पृतना हेड क्वाटर विजयपुर | १७ |
| ३.१०. | कालिभञ्जग गण ई | १८ |
| ३.११. | सिद्धीदल गुल्म | १८ |
| ३.१२. | जिल्ला शिक्षा कार्यालय | १८ |
| ३.१३. | राष्ट्यि परिक्षा बोर्ड | २० |
| ३.१४. | शैक्षिक तालीम केन्द्र | २० |
| ३.१५. | वन विज्ञान अध्ययन संस्थान डिनको कार्यालय | २० |
| ३.१६. | पृथ्वी नारायण ब. क्याम्पस | २२ |
| ३.१७. | पोखरा विश्वविद्यालय केन्द्रीय कार्यालय | २२ |
| ३.१८. | पोखरा विश्वविद्यालय परिक्षा नियन्त्रण कार्यालय | २३ |
| ३.१९. | पो.वि ब्यबस्थापन संकाय डिनको कार्यालय | २४ |
| ३.२०. | पोखरा विश्वविद्यालय, केन्द्रिय कार्यालय (बक्यौता तर्फ) | २४ |
| ३.२१. | मानविकी तथा सामाजिकशास्त्र संकाय, पोखरा विश्वविद्यालय (बक्यौता तर्फ) | २६ |
| ३.२२. | व्यवस्थापन संकाय, डीनको कार्यालय, पोखरा विश्वविद्यालय (बक्यौता तर्फ) | २७ |
| ३.२३. | पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय (बक्यौता तर्फ) | २७ |
| ३.२४. | विज्ञान तथा प्रविधी संकाय, डीनको कार्यालय कास्की (बक्यौता तर्फ) | २९ |
| ३.२५. | जिल्ला विकास समिति | ३० |
| ३.२६. | जिल्ला प्राविधिक कार्यालय | ३३ |
| ३.२७. | पश्चिम नेपाल ग्रामीण खानेपानी | ३४ |
| ३.२८. | गण्डकी अञ्चल आर्युवेद केन्द्र | ३४ |
| ३.२९. | जिल्ला जनस्वास्थ्य कार्यालय | ३४ |
| ३.३०. | पश्मिाञ्चल क्षेत्रीय अस्पताल | ३५ |
| ३.३१. | पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय | ३६ |
| ३.३२. | क्षेत्रीय क्षयरोग केन्द्र | ३६ |
| ३.३३. | पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य तालीम केन्द्र | ३७ |
| ३.३४. | पर्यटन कार्यालय | ३७ |
| ३.३५. | सिंचाई विकास डिभिजन | ३८ |

| | | |
|---|---|---|
| ३.३६. | जल उत्पन्न प्रकोप नियन्त्रण सव डिभिजन का. | ४० |
| ३.३७. | क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय | ४१ |
| ३.३८. | जिल्ला कृषि विकास कार्यालय | ४६ |
| ३.३९. | जिल्ला पशु सेवा कार्यालय | ४७ |
| ३.४०. | पशु विकास फार्म | ४८ |
| ३.४१. | राष्ट्रिय पशु प्रजनन् केन्द्र | ५० |
| ३.४२. | आयोजना कार्यान्वयन सहयोग समूहको कार्यालय | ५१ |
| ३.४३. | क्षेत्रीय कृषि तालिम केन्द्र | ५३ |
| ३.४४. | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय | ५३ |
| ३.४५. | यातायात व्यवस्था कार्यालय, सवारी | ५३ |
| ३.४६. | अंचल यातायात व्यवस्था कार्यालय | ५४ |
| ३.४७. | क्षेत्रीय सडक निर्देशनालय | ५५ |
| ३.४८. | हेभी इक्विपमेन्ट डिभिजन | ५६ |
| ३.४९. | डिभिजन सडक कार्यालय | ५६ |
| ३.५०. | जिल्ला प्रशासन कार्यालय | ६३ |
| ३.५१. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ६५ |
| ३.५२. | राष्ट्रिय अनुसन्धान क्षेत्रिय कार्यालय | ६५ |
| ३.५३. | जिल्ला प्रहरी कार्यालय | ६५ |
| ३.५४. | अंचल प्रहरी कार्यालय | ६५ |
| ३.५५. | अन्चल शसस्त्र प्रहरी गुल्म गण्डकी | ६५ |
| ३.५६. | पश्चिम क्षेत्रीय सशस्त्र प्रहरी गण मुख्यालय | ६६ |
| ३.५७. | पश्चिम क्षेत्रीय प्रहरी कार्यालय | ६६ |
| ३.५८. | सशस्त्र प्रहरी बल कालिका गण | ६६ |
| ३.५९. | पश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय | ६७ |
| ३.६०. | शहरी विकास तथा भवन निर्माण डिभिजन का. | ६७ |
| ३.६१. | अन्नपूर्ण संरक्षण क्षेत्र | ७३ |
| ३.६२. | क्षेत्रीय कृषि अनुसन्धान केन्द्र | ७८ |
| ३.६३. | नगर विकास समिति पोखरा | ७९ |
| ४. | आन्तरिक लेखापरीक्षण | ७९ |
| अनुसूची १ : | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | ८१ |
| अनुसूची २ : | बेरुजूको स्थिति | ८४ |
| अनुसूची ३ : | जिल्ला विकास समितिको कार्यालयको आय व्यय विवरण | ८७ |
| अनुसूची ४ : | जिम्मेवार पदाधिकारीको नामावली | ८९ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ। लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ६७ कार्यालयको विस्तृत र ५० कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण** : यस जिल्ला स्थित ११७ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.१८ अर्ब ३० करोड ९९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू** : आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष ८६ कार्यालयको प्रारम्भिक प्रतिवेदनबाट कूल दफा १००५ र रु.८० करोड १५ लाख ६९ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउँन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म ६८ कार्यालयको प्रतिक्रियावाट फछ्र्यौट र समायोजन भएका ५१५ दफा र रु ४ करोड ८६ लाख ९९ हजार मिलान गरी ८५ कार्यालयको दफा ४९० र रु.७५ करोड २८ लाख ७० हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियावाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा कायम गरिएको छ। लेखापरीक्षणको क्रममा रु.५ लाख ४९ हजार र प्रतिक्रियाबाट रु.४ लाख ८५ हजार समेत रु.१० लाख ३७ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.६ करोड ६१ लाख ८१ हजार, अनियमित रु.३३ करोड ६१ लाख ७१ हजार र पेश्की रु.३५ करोड ५ लाख १८ हजार रहेको छ। यस सम्वन्धी विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव** : तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारी वमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## उच्च अदालत

१. **आन्तरिक नियन्त्रण:** बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नु पर्दछ । अदालतको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा खरिद सम्वन्धी मौजुदा सूची तयार नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको, इन्धन खर्चको लगबुक नराखेको जस्ता व्यहोरा देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

२. **शीर्षक फरक :** नेपाल सरकार आर्थिक संकेत तथा वर्गिकरण २०६७ अनुसार जुन शीर्षकमा रकम खर्च भएको हो सोही शीर्षकबाट मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले करारमा कार्यरत ना.सु., कार्यालय सहयोगी समेत ५ जना कर्मचारीहरुलाई रु ९२७२३६/- परामर्श सेवा शीर्षकवाट तलब खर्च लेख्नुपर्नेमा तलब शीर्षकवाट खर्च लेखेको नियमित देखिएन ।

३. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनुपर्ने व्यवस्था छ । आर्थिक वर्षको अन्त्यसम्म एक निर्माण व्यवशायीको नाममा रहेको रू.८१८०००/- पेश्की फछ्र्यौट भएको नदेखिएकोले नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

## कास्की जिल्ला अदालत

१. **जिन्सी खाता:** आर्थिक कार्यविधि नियमावली,२०६४ अनुसार अदालतले स्वीकृत ढांचामा जिन्सी खाता राख्नु पर्ने, नेपाल सरकारले २०६३ साउन देखि लागू हुने गरी नयां ढांचाको जिन्सी खातामा प्रति ईकाई मुल्य समेत खुल्ने गरी राख्ने व्यवस्था गरे तापनि अदालतले खर्च भएर नजाने जिन्सी खाता पुरानो ढांचामा राखेको देखियो । पुरानो ढांचामा सामानको दर र मुल्य खुलाएको छैन । नयां ढांचाको जिन्सी खाता प्रयोगमा ल्याउनु पर्दछ ।

## उच्च सरकारी वकिल कार्यालय

१. **प्रोत्साहन खर्च :** अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७० मा खर्चको व्याख्या र बर्गीकरण गरे अनुसार सम्वन्धित खर्च सोही खर्च शीर्षकबाट नै गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रोत्साहन भत्ता रु.२,०१,९८५.०० अन्य भत्ताबाट लेख्नुपर्नेमा तलब खर्च शीर्षकबाट रु.१,२४,४९९.०० र अन्य सेवा शुल्कबाट रु.७७,४८७.०० खर्च लेखेका नियमित देखिएन ।

२. **चाडपर्व खर्च** : सार्वजनिक खरिद नियमावली २०६४ को ९५ मा कार्यालय सुरक्षा, चिठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन लगायतको संचालन र रेखदेखको लागि करार सम्झौता गरी कार्य गराउने व्यवस्था छ । कार्यालयले कार्यरत ५ कार्यालय सहयोगीहरुसंग सेवा करार सम्झौता गर्दा चाडपर्व खर्च पाउने व्यवस्था सहितको शर्त नराखेकोमा करार कर्मचारीहरुलाई चाडपर्व खर्च बापत रु ५९३००।०० करारमा उल्लेखित शर्त विपरीत खर्च लेखेको पाईयो ।

३. **धरौटी** : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ६७ मा नियम प्रारम्भ हुनुभन्दा अगाडी राखिएको धरौटी मध्ये प्रयोजन बाँकी रहेका बाहेक अन्य धरौटी रकम प्रमाण साथ दावी गर्न आएमा फिर्ता दिनेगरी राजश्वमा आम्दानी बाधिने व्यवस्था छ । कार्यालयको धरौटी कच्चावारी, आर्थिक बिवरण एंव श्रेस्ता परिक्षण गर्दा आ.व.२०५८/५९ देखि २०६३/६४ सम्मको ६ व्यक्तिको नाममा रु.१,३६,४९३.०० धरौटी बांकी रहेको देखिन्छ । प्रयोजन समाप्त भएको धरौटी रकम सदर स्याहा गर्नुपर्दछ ।

## जिल्ला सरकारी वकिल कार्यालय

१. **शीर्षक फरक** : अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७० मा खर्चको व्याख्या र बर्गिकरण अनुसार सम्बन्धित खर्च शीर्षकबाट मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा करारमा कार्यरत

२ कार्यालय सहयोगिलाई आषाढको तलब भुक्तानी दिदां अन्य सेवा शुल्कबाट खर्च लेख्नु पर्नेमा तलब खर्च शीर्षकबाट रु.२४८३०.०० खर्च लेखेको छ भने कर्मचारीहरुको प्रोत्साहन भत्ताको रकम अन्य भत्ता शीर्षकबाट खर्च लेख्नुपर्नेमा तलब खर्च शीर्षकबाट रु.२,४०,१७२.०० खर्च लेखेको अनियमित देखियो ।

## लोकसेवा आयोग पश्चिमाञ्चल क्षेत्रिय निर्देशनालय

१. **पेश्की बांकी :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ७४ अनुसार उपलव्ध गराएको मोबिलाईजेशन पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्दछ । आयोगले एक निर्माण व्यवसायीलाई दिएको मोबिलाईजेशन पेश्की रु.२३,४७०११.०० नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

२. **कन्टिन्जेन्सी खर्च** : नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ९६२, मिति २०७०।१।२४ गतेको परिपत्र अनुसार कार्यालयले पूंजीगत खर्च गर्ने रकमको ५ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ । साथै कन्टीनजेन्सी खर्चको छुटै हिसाब राख्नुपर्नेमा सो समेत राखेको देखिएन । आयोगले भवन निर्माणतर्फ मूल्य अभिबृद्धिकर वाहेक पुंजीगत खर्च रु ८०३८१८४/- को ५ प्रतिशतले हुने रु ४०१९०९/- कन्टिन्जेन्सी खर्च गर्नुपर्नेमा रु.४,८३,२५६.०० खर्च गरेको देखिएकोले रु.८१३४७/- सीमा भन्दा बढी खर्च गरेकोछ ।

३. **शीर्षक फरक** : अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७० मा खर्चको बर्गिकरण र व्याख्या गरेको छ । जुन खर्च शीर्षकमा रकम बिनियोजन भएको छ त्यसैबाट सोही शीर्षकमा खर्च लेख्नु पर्दछ । आयोगले करारमा कार्यरत २ जना कार्यालय सहयोगीहरुलाई पारिश्रमिक भुक्तानी गर्दा अन्य सेवा शुल्कबाट खर्च लेख्नुपर्नेमा तलब खर्च शीर्षकबाट रु.५१,४००.८० खर्च लेखेको देखियो । खर्च शीर्षक फरक गरेको रकम नियमसंम्मत देखिएन ।

४. **कर बीजक सच्चाएको**: मूल्य अभिबृदि कर नियमावली २०५३ को नियम १४ मा मु.अ.करमा दर्ता भएका व्यवसायीले कुनै बस्तु वा सेवा आपुर्ती गर्दा बिजक जारी गर्नु पर्ने व्यवस्था छ । एक निर्माण सेवाबाट मिति २०७२।११।१७ मा पेश गरेको बिल रकम रु.१०,८८,३६१। र मु.अ.कर रु.१४१,४८७। समेत जम्मा रु.१२,२९८४८।९८ उल्लेख भएकोमा बिजक नम्बर टिपेक्स लगाइ सच्चाएको देखिएकोले सम्बन्धीत आन्तरिक राजस्व कार्यालयमा मू.अ. कर समायोजन भएको प्रमाण पेश गर्नुपर्दछ ।

## तथ्याङ्क कार्यालय

१. **आन्तरिक नियन्त्रण :** बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नु पर्दछ । अदालतको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा खरिद सम्वन्धी मौजुदा सूची तयार नगरेको पुराना सामानको मर्मत संभार र लिलाम विक्री कार्य नगरेको व्यहोरा देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनुपर्दछ ।

## आन्तरिक राजश्व कार्यालय

१. **वक्यौता राजस्व असुली :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ मा कर असुल गर्न सक्ने तरिका उल्लेख छ । आयकर ऐन, २०५८ को दफा १०९ मा कर वक्यौता राख्ने व्यक्तिलाई रकम बुझाउनु पर्ने व्यक्ति वा निजको रकम जिम्मा लिने व्यक्ति समेतलाई रकम दाखिला गर्न आदेश दिई असुल गर्न सक्ने व्यवस्था छ । अन्त:शुल्क ऐन, २०५८ को दफा १० ज मा अन्त:शुल्क अधिकृतले अन्त: शुल्क असुल गर्ने तरिका उल्लेख गरेको छ । वक्यौता असुली सम्बन्धमा

कार्यालयबाट भएका कारवाहीको मूल्याकन गर्न कार्यालयमा रहेको माग असुली किताब तथा करदाताको फाइल परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्:

१.१ मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १९ मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र बुझाउनु पर्ने र नबुझाएमा बांकी रहेको कर रकममा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था रहेको छ । कार्यालयमा दर्ता रहेका करदाताहरुमध्ये २०७३ आषाढ मसान्तसम्म ५२०२ करदातावाट कर वापत रु.२९७१६४०००। दाखिला गर्न बांकी रहेको छ । जसमध्ये रु.१ लाखभन्दा बढि बांकी राख्ने ३७४ करदातासंग मात्र रु.४५९५४३७७ बांकी रहेको छ ।

१.२ मूल्य अभिबृद्धि कर विवरण बुझाउन बांकी राख्ने २४७  करदाताहरुमध्ये रु.१ लाख भन्दा बढि बांकी भएका करदाताहरुको विश्लेषण गर्दा सबैभन्दा बढि २०९ अवधिको कर विवरण बुझाउन बांकी रहेको देखिन्छ ।

१.३ कार्यालय अन्तर्गत रहेका करदाताहरुमध्ये विभिन्न करदाताहरुसंग २०७३ आषाढ मसान्तसम्म आयकर रु.८६७०९६९७–, अन्त:शुल्क रु.२८३१४११०।–, परिश्रमिक कर रु.५१९९८५।– बहाल कर रु.३२९२५२।–, बिक्रीकर रु.५९७२६८६।– र रु.२८२७१०२१३।८६ कर रकम २०७२।०७३ आर्थिक वर्षको असुल गर्न बांकी रहेको छ । रकम बक्यौता राख्ने करदाताहरु मध्ये पुनरावेदनका लागि राजश्व न्यायाधिकरण एवं प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजश्व विभागमा गएका बाहेक आर्थिक वर्ष २०४५।४६ देखिनै बक्यौता रहेको देखिएकोले बक्यौता असुली प्रभावकारी हुनुपर्दछ ।

१.४ आर्थिक वर्षको अन्तमा असुल गर्न बांकी आयकर तथा अन्त:शुल्क बक्यौता राजस्व रु. २८२७१०२१३।– मध्ये एक करदाताहरुको रु.८७०३२४।– २०६६।६७ देखि आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन परेको कार्यालयको अभिलेखबाट देखिन्छ । आयकर ऐन, २०५८ को दफा ११५(८) मा निवेदन परेको साठी दिनभित्र विभागले निर्णय दिई सक्नुपर्ने व्यवस्था भएकोमा ७ वर्ष वितिसक्दा पनि निर्णय भएको देखिएन ।

१.५ आर्थिक वर्षको अन्तमा असुल गर्न बांकी आयकर तथा अन्त:शुल्क (मूल्य अभिबृद्धि कर बाहेक) वक्यौता राजस्व रु.२८२७१०२१३।–मध्ये एक करदाताको रु.९१,४६,२४१।– कर निर्धारणका सम्बन्धमा राजश्व न्यायाधिकरणमा पुनरावेदन परेको कारणबाट कर रकम विवादित रहेको कार्यालयको अभिलेखबाट देखिन्छ ।

१.६ करदाताको कारोवार एवं चल अचल सम्पत्ति रोक्का गरेर वक्यौता असुल गर्न सकिने कानूनी व्यवस्था रहेतापनि वक्यौता असुली कार्य प्रभावकारी हुन सकेको छैन । आयकर ऐन, तथा मूल्य अभिवृद्धि कर कानूनको व्यवस्था अनुसार करदाताले दाखिला गर्नुपर्ने कर तोकिएको अवधिभित्र दाखिला नगरेमा बक्यौता असुल गर्न करदाताहरुको खोजतलास गरी टुगो लगाउने, सम्पत्ति तथा कारोबार रोक्का गर्ने जस्ता कारबाही गर्नसक्ने कानूनी व्यवस्थाको पालना गरी वक्यौता असुलीलाई प्रभावकारी वनाउनुपर्दछ ।

२. **मूल्य अभिवृद्धि कर कोष** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५१ अनुसार भंसार विन्दुमा संकलित सम्पूर्ण कर रकम मूल्य अभिवृद्धि कोष खातामा दैनिक रुपमा जम्मा गर्नुपर्ने र सो को विवरण भंसार कार्यालयले तीन दिन भित्र नजिकको आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्ने, यसरी कोषमा जम्मा हुन आएको रकमबाट विभागले आदेश दिएको रकम फिर्ता दिई वांकी रहने रकम दैनिक रुपमा तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । मूल्य अभिबृद्धि

कर फिर्ता गर्नको लागि यस वर्ष रु.४,००,००,०००। माग भई आएकोमा रु.३५२२७०१९। फिर्ता भएको छ ।

३. **बजेटमा समावेश :** मूल्य अभिबृद्धि कर फिर्ता दिनको लागि नेपालको अन्तरिम संविधान, २०६३ को धारा ९३ बमोजिम पेश हुने बजेटमा २८२११ (राजश्व फिर्ता) वा अन्य खर्च शीर्षकमा बजेटको व्यवस्था गरी सोही खर्च शीर्षकबाट निकाशा र खर्च गर्नु पर्नेमा बजेटमा समावेश नगरी यस्तो खर्च गरेको पाइयो ।

४. **वार्षिक लक्ष्य र प्रगति :** समग्रमा लक्ष्यको तुलनामा १०८ प्रतिशत तथा गतवर्षको तुलनामा १३२ प्रतिशत वढी राजश्व असुल भएको छ । तर यस वर्ष शिक्षा सेवा कर तर्फ ८० प्रतिशत मात्र असुल भएको छ ।

५. **शिक्षा सेवा शुल्क :** आर्थिक ऐन, २०७१ को दफा ८ मा निजी क्षेत्रबाट सञ्चालित देशभरिका उच्च माध्यमिक शिक्षाभन्दा माथिको शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरु, काठमाण्डौ उपत्यकाभित्र तथा उप-महानगरपालिका, नगरपालिका र जिल्ला सदरमुकाम तथा आन्तरिक राजश्व विभागले तोकेको स्थानमा संचालित शिक्षण संस्थाहरुले असूल गर्ने भर्ना शुल्क र मासिक शिक्षण शुल्कमा १ प्रतिशतका दरले शिक्षा सेवा शुल्क असूल गर्ने व्यवस्था छ । स्थायी लेखा नम्बर लिएका शिक्षण संस्थाहरुले शिक्षण सेवा शुल्क नवुझाएको वा कम वुझाएको सम्बन्धमा कार्यालयवाट विद्युतीय माध्यममा अभिलेख राखी नियमित रुपमा अनुगमन भएको देखिएन । जिल्लामा दर्ता भएकामध्ये स्थायी लेखा नम्बर लिन बांकी विद्यालयहरु खोजी गरी आय विवरण तथा शुल्क दाखिला गरे नगरेको अनुगमन हुनुपर्दछ ।

६. **स्वास्थ्य सेवा कर :** आर्थिक ऐन, २०७१ को दफा ७ मा नेपाल सरकारले प्रदान गर्ने स्वास्थ्य सेवा र सामूदायिक अस्पतालहरुले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेकका अन्य निकायहरुले प्रदान गर्ने स्वास्थ्य सेवाहरुमा जारी विजक मूल्यको पांच प्रतिशतका दरले स्वास्थ्य सेवा कर लगाई असुल गरिने व्यवस्था छ । यो वर्ष कार्यालयले रु.५२७२९०००।– शुल्क असुल गर्ने लक्ष्य भएकोमा रु. ५०३७३ असुल भएको देखाईएको छ । कार्यालयको अभिलेखबाट कतिवटा अस्पतालले स्थायी लेखा नम्बर लिएको स्पष्ट देखिदैन । यस जिल्लामा कारोबार स्थल राखी सम्बन्धित निकायमा दर्ता भएका निकायले स्थायी लेखा नम्बर लिए नलिएको र आय विवरण एवं शुल्क दाखिला गरे नगरेको सम्बन्धमा कार्यालयलले विद्युतीय माध्यममा अभिलेख खडा गरी प्रभावकारी रुपमा अनुगमन गरेको छैन ।

७. **सरसर्ति लेखापरीक्षण :** कार्यालयले कर परीक्षण गरेका करदाताहरुका फाइल अतिरिक्त आर्थिक वर्ष २०७१।७२ सम्मको आयको विवरण पेश गरेका केही करदाताहरुको छनौट गरी लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु निम्न छन:

७.१. लेखापरीक्षण व्यवसाय सञ्चालन गरेका करदाताको मू.अ.कर विवरण सरसर्ती परीक्षण गर्दा आय कर तर्फ ननफाईलर रहेको पाइयो । यसै कर कार्यालयको कार्यक्षेत्रका विभिन्न करदाताको लेखापरीक्षण गरी शुल्क लिएकोमा ४ लेखापरीक्षकले करयोग्य नाफा रु.८३,०२,६०७ भएकोमा आय विवरण नै नवुझाएको देखिएकोले थप छानविन गरी कर दायित्व यकिन हुनुपर्दछ ।

७.२. स्वास्थ्य संग सम्वन्धीत एक करदाताले मिति २०७२/७/२३ मा पेश गरेको आयवर्ष २०७०।०७१ को आय विवरण सरसर्ति परीक्षण गर्दा निम्न व्यहोरा देखिएकोले थप छानविन गर्नुपर्ने देखियो ।

- टि.डि.यस.पेवलमा रु.१९,६०,८०२। देखाएकोमा उक्त रकम दाखिला भएको नदेखिएकोले असूल गर्नुपर्दछ ।

- आयकर ऐन, २०५८ अनुसार कर छुटमा दर्ता भएको उक्त संस्थाका कतिपय आम्दानी जस्तै ( एम्वुलेन्स आम्दानी) एवं खर्च कर योग्य देखिएकोले छुट लिएको उद्धेश्य अनुरुपको क्रियाकलाप सञ्चालन भए नभएको छानविन गर्नुपर्ने देखियो ।
- आयकर ऐन, २०५८ को दफा ८७ वमोजिम कर्मचारीको आयमा कर कट्टि गर्नुपर्ने व्यवस्था छ । कर्मचारी खर्च शीर्षकमा कर्मचारी क्षतिपुर्ति अर्न्तगत रु.५,८२,२०,४९८। खर्च लेखेकोमा अग्रीम कर रु.८७,३३,०७४। कट्टी गरेको नदेखिएकाले उक्त रकमका सम्वन्धमा थप छानविन गरी कर दायित्व यकिन हुनुपर्दछ ।

७.३. ठेक्का पट्टाको कारोवार गर्ने एक निर्माण सेवाको २०७२।०७३ को मू.अ.कर विवरण परीक्षण गर्दा करयोग्य विक्री रु.२,२४,९२,४९४। भएकोमा खरिद रु.१,३८,२८,४०६। करयोग्य खरिद एवं छुट खरिद रु.१,०८,४९०। मात्रै देखिएको तर निजले यस आ.व. को आय विवरण पेश गरेको देखिएन । निजको मू.अ.कर विवरण अनुसार करयोग्य आय रु.८५,५५,५९८। का सम्वन्धमा थप छानविन गरी कर दायित्व यकिन हुनुपर्दछ ।

७.४. एक व्यवसाय समितिले २०७२।९।२९ मा पेश गरेको आय वर्ष २०७१।०७२ को आय विवरण सरसर्ति परीक्षण गर्दा निज करदाता आयकर ऐन, २०५८ को कर छुट भएको संस्था अर्न्तगत भनी करयोग्य आयमा कर भुक्तानी नगरेको देखिन्छ । निज करदाताले पेश गरेको वित्तिय विवरण अनुसार आम्दानी अर्न्तगत विभिन्न शुल्क असूल गर्ने एवं खर्च समेत व्यवसायिक प्रयोजनकै देखिएकोले जुन उद्देश्यले कर छुट पाएको हो सो उद्देश्य वमोजिको आर्जन नभई व्यवसायकि आर्जन नै भएको हुनाले करदातले वासलातमा देखाएको बचत रु.२,३७,८७,८०४।– का सम्वन्धमा थप छानविन गरी अयकर ऐन, २०५८ को अनुसूची १ वमोजिम २५ प्रतिशत कर शुल्क सहित रु.५९,४६,९५१। असूल गर्नुपर्दछ ।

७.५. एक विकास संस्थाले मिति २०७२।९।३० मा पेश गरेको आ.व.२०७१।०७२ को वित्तिय विवरणहरु सरसर्ति परीक्षण गर्दा व्याज आय एवं अन्य आय गरी रु.२४,९९,५९,३५९। आय गरेकोमा सम्पूर्ण खर्च कटाउदा वचत रु.२,६९,९६,३९४। देखिन्छ । यसरी आम्दानी र खर्च प्रकृति हेर्दा करयोग्य नै रहेको देखिन्छ । जुन उद्देश्यले कर छुटको प्रमाण लिएकोले सोही उद्देश्य वमोजिम आय आर्जन गरेको नदेखिएकोले सो कारोवारमा लाग्ने कर रु.६७,४९,०९८।– सम्वन्धमा थप छानविन गरी आयकर ऐन, २०५८ को अनुसूची १ वमोजिम २५ प्रतिशत कर शुल्क र व्याज सहित असूल हुनुपर्दछ ।

७.६. एक उपभोक्ता संस्थाले मिति २०७२।६।२५ मा २०७१।०७२ को आय विवरण पेश गरेको देखिन्छ । आय विवरण परीक्षण गर्दा निजको आय विद्युत खरिद विक्रीवाट हुने र खर्च समेत सोही प्रयोजनमा भएको देखिन्छ । आयकर ऐन, २०५८ मा नाफा नकमाउने उद्देश्यले स्थापन भएका सार्वजनिक प्रकृतिका सामाजिक, धार्मिक, शैक्षिक वा परोपकारी संस्था छुट पाउने संस्था हुने हुंदा निज करदाताको कारोवार विद्युत खरिद विक्रिवाट आय आर्जन गर्ने देखिएकोले निजको आय व्यय विवरणको थप छानविन गरी वचत देखाएको रकम रु.७१,०८,३२३।– मा आयकर ऐन, २०५८ को अनुसूची १ वमोजिम २५ प्रतिशत कर रु.१७,७७,०८१। असूल गर्नुपर्दछ ।

७.७. एक समितिले मिति २०७२।८।२४ मा आर्थिक वर्ष ०७१।०७२ को आय विवरण वुझाएको देखिन्छ । आय विवरण परीक्षण गर्दा शुल्क अन्य दस्तुर आम्दानी विवरणमा समिति शुल्क, सदस्यता शुल्क, दण्ड जरिवाना, विमा शुल्क, विस्थापन शुल्क लगायतका शीर्षकमा रु.१५,०९,५४,८०३। आम्दानी भएको र खर्च समेत तलव, प्रशासनिक खर्च, मर्मत संभार खर्च लगायत रु.१५,०२,२९,५२९। देखाई रु.७,२५,२७४। वचत रहेको देखिन्छ । वासलातमा हाल सम्मको वचत रु.४२,२५,५२०। देखिएको र निज संस्थाको आम्दानी र खर्च कर छुट हुनुपर्ने नदेखिएको साथै यस्तै प्रकृतिको अर्को एक समितिले

वार्षिक कर तिर्ने गरेको देखिन्छ। उक्त आम्दानी एवं खर्चका सम्वन्धमा थप छानविन गरी वचत रकममा आयकर ऐन, २०५८ को अनुसूची १ वमोजिम २५ प्रतिशत कर रु.१०,५६,३८०। असूल गर्नुपर्दछ।

७.८. एक युवा क्लवले मिति २०७२।६।२८ मा पेश गरेको आय वर्ष २०७१।०७२ को आय विवरण परीक्षण गर्दा विभिन्न वित्तिय संस्थावाट रकम प्राप्त गरी व्याज आय गर्ने गरेको र सोही अनुसार व्याज खर्च गरेको देखिन्छ। आयकर ऐन, २०५८ अनुसार नाफा नकमाउने उद्देश्यले स्थापना भएका संस्थाले मात्र कर छुट पाउने देखिन्छ। तर निज करदाताले व्याज आय एवं खर्च हेर्दा नाफा कमाउने उद्धेश्य नै देखिन्छ। यो वर्ष आय देखाएको रु.११,५६,३८,३८०।– र सोमा खर्च रु.७,६०,२६,२००।– हुंदा करयोग्य आय रु.३,९६,१२,१८०।– भएकोमा सो कारोवारमा लाग्ने कर रु.९९,०३,०४५।– सम्वन्धमा थप छानविन गरी आयकर ऐन, २०५८ को अनुसूची १ वमोजिम २५ प्रतिशत कर शुल्क र व्याज सहित असूल हुनुपर्दछ।

७.९. एक कंक्रीट प्रा.लि.ले मिति २०७२।९।२९ पेश गरेको आय वर्ष २०७१।०७२ को आय विवरण परीक्षण गर्दा निजको सम्पत्तिमा आयकर ऐन, २०५८ को अनुसूची २ अनुसार आधारभुत सम्पतीमा १५ प्रतिशतका दरले ह्रास कट्टी गर्नपर्ने व्यवस्था भएकोमा निजसंग भएका सवारी साधन टि्पर आधारभुत सम्पती भएको र ह्रास आधार रु.१,३१,३४,५७४। भएकोमा १५ प्रतिशतले रु.१९७०१८६। मात्र ह्रास कट्टी गर्नुपर्नेमा २० प्रतिशतले रु.२६,२६,९१५। ह्रास कट्टि गरी खर्च दावि गरेको हुनाले उल्लेखित दर भन्दा वढि ह्रास कट्टी गरेको देखिएकाले थप छानविन गरी वढि खर्च दावि गरेको रु.६,५६,७२९ मा आयकर ऐन, २०५८ को अनुसूची १ वमोजिम २५ प्रतिशत कर व्याज एवं शुल्क सहित रु.१,६४,१८२। असूल गर्नुपर्ने देखिएको छ।

७.१०. मादक पदार्थको थोक व्यापार गर्ने एक करदाताले पेश गरेको आयविवरण परीक्षण गर्दा आयकर ऐन, २०५८ को अनुसूची १.२ (२) अनुसार कुनै आय वर्षमा चुरोट, विडी, सिगार, खैनी मदिरा र वियर व्यवसाय गर्ने निकायको आयमा ३० प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ। निज करदाताले मदिराको व्यवसाय गरी आय विवरण पेश गरेको देखिन्छ। मदिरा जन्य वस्तुको थोक व्यापार गर्ने करदाताले देखाएको आय रु.३११९५७६।–मा रु.१५५७७९।– घटी कर दाखिला गरेकोले रु.१५५७७९।- असुल गर्नुपर्दछ।

८. **पूर्ण करपरीक्षण तर्फ** : यसमा निम्न व्यहोरा देखिएका छन्:

८.१. कपडाको खुद्रा व्यापार गर्ने एक करदाताले पेश गरेको २०६९।०७० को आय विवरण अनुसार यस वर्षमा बैक ऋण नदेखाएकोमा पनि अनुसुची १२ मा राष्ट्रिय बाणिज्य बैकलाई व्याज भुक्तानी भनी रु.७५८२८८।७५ खर्च दावि गरेको छ। यसरी नपाउने खर्च दावि गरेको पाइएकोले सो खर्च रकमलाई आयमा समावेश गरी आयकर ऐन २०५८ को अनुसुची १ बमोजिम कर रु.१८९५७२। तथा दफा १२०(क) अनुसारको शुल्क समेत छानविन गरी रु.१८९५७२। असुल हुनुपर्ने देखिएको छ।

८.२. विविध सामानको थोक व्यापार गर्ने करदाताको कारोबार गत वर्ष रु.६,०८,४९,००१ भएकोमा रु.१३,५९,७६२। अर्थात कुल कारोबार रकमको २२३ प्रतशित अन्य आय भएको देखिन्छ। तर यो वर्ष करदाताको कुल कारोबार रु.६६,२४,२००। गत वर्ष भन्दा ८।८६ प्रतिशतले वृद्धि हुदा अन्य आम्दानी भने घटेर केबल रु.५१९८८१ मात्र अर्थात कुल कारोबार रकमको ०.७८ प्रतिशत मात्र देखिन्छ। यसरी विक्रीको अनुपातमा आर्जन हुने अन्य आय घटेको सम्बन्धमा थप छानविन गरी गत वर्षको दरले अन्य आय रु.१४,७७,२०१। मानी घटी देखाएको रु.९,५७,३२०। आयमा आयकर ऐन २०५८ को अनुसुची १ बमोजिम २५ प्रतिशत कर रु.२,३९,३३०।– र सो मा लाग्ने शुल्क एवं व्याज सहित असुल गर्नुपर्दछ।

- आयकर ऐन २०५८ को दफा ८८ मा भाडा भुक्तानी गर्दा १० प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था भएकोमा करदाताले ढुवानी भाडा तथा कुल्ली खर्च रु.६,३२,९५०। भुक्तानी गर्दा अग्रिम कर कट्टि नगरेकोले उक्त ढुवानी भाडा तथा कुल्ली खर्च रु.६३२९५।- छानवीन गरी कर दायित्व एकिन हुनुपर्दछ ।

८.३. आयकर ऐन, २०५८ को दफा १४(१) अनुसार सवारी साधन तथा सवारी साधनका पाटपुर्जाको कारोबार गर्ने करदाताले कुनै रकम ऋण लिए बापत सो ऋण दायित्व सृजना भएकोमा सो रकम सोही वर्ष प्रयोग गरिएको वा सो वर्षमा प्रयोग गरीएका कुनै सम्पत्ती खरिद गर्न प्रयोग गरिएकोमा व्याज कट्टि पाउने व्यवस्था छ । एक करदाताले लिज होल्ड इम्प्रुभमेन्ट अर्न्तगत रु.१,१०,०९,६०३।- खर्च गरेको देखिन्छ भने बैक ऋण यो वर्ष रु.४५,५७,८९८। लिई औषत व्याज ४.६ प्रतिशतले रु.२०,७३,३९९। खर्च लेखेको देखिन्छ । करदाताले भाडा अन्य समेत नदेखाएको अवस्थामा लिज होल्ड इम्प्रुभमेन्टमा प्रयोग भएको रकम पुजीकृत गर्नुपर्ने तथ व्याजकट्टि लिन मिल्ने देखिदैन । उक्त व्याज कट्टि लिएको रकम रु.५,०६,४४२। का सम्वन्धमा छानविन गरी आयकर ऐन २०५८ को अनुसुची १ बमोजिम २५ प्रतिशत कर सोमा लाग्ने व्याज एवं शुल्क सहित रु.१२६६१०।- असुल गर्नुपर्दछ ।

- आयकर ऐन २०५८ को दफा ८८ मा व्यवसाय प्रवर्धन शुल्क एवं इन्सेन्टीभ मा १५ प्रतिशतमा अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था भएकोमा एक करदाताले इन्सेन्टीभमा रु.४,२९,०००। खर्च कट्टि लिएकोमा अग्रिम कर कट्टा गरेको नदेखिएकोले रु.६४,३५०।- असुल गर्नुपर्दछ ।
- मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(३) अनुसार व्यवसायीक प्रयोजनाका लागि निर्माण गरिने ५० लाख बढिको भवन अपार्टमेन्ट, सपिङ कम्प्लेक्स र विभागले तोकेको यस्तै प्रकारका अन्य संरचना निर्माण गर्दा दर्ता नभएको व्यक्तिबाट गराएको भएता पनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी सो संरचनाको स्वामित्व रहेको व्यक्तिबाट कर निर्धारण गरी असुल उपर गरिनेछ भन्ने उल्लेख भएकोमा करदाताले लिज होल्ड इम्प्रुभमेन्टमा खर्च गरेको रु.१,१०,०९,६०३। मध्ये दर्ता नभएको व्यक्तिसंग खरिद गरेको रु १२,६९,४२६। भनी कर परीक्षणबाट कर निर्धारण गरेको देखिन्छ । करदाताले मु.अ.करमा खरिद गरेको भनी अनसुची १३ मा प्रविष्ट नगरेको तथा केलब विवरण मात्र दिए अनुसार एक प्रा. लि.संग रु.७५,५९,०९४। र अर्का एक प्रा. ली संग रु.१०,०४,४००। गरी रु.८८,६३,४९४। को खरिद देखाएकोमा ती करदाताले निजलाई विक्री नदेखाएकोले थप छानविन गरी मु.अ.कर ऐन २०५२ बमोजिम १३ प्रतिशत कर एवं जरिवाना सहित रु.११,५२,२५४। असुल गर्नुपर्दछ ।

८.४. औषधीको थोक व्यापार गर्ने एक करदाताले वित्तिय विवरणमा एक मेडकिल हललाई रु.८,८९,०६०। र एक फार्मेसीलाई रु.५,२९,८६६।- डेब्टर्समा देखाएको छ भने डेब्टर्स सुचिमा मिति समेत उल्लेख छैन । विक्री विवरण परीक्षण गर्दा उल्लेखित करदातालाई यो वर्ष विक्री नै भएको छैन । यसरी विक्री नै नभएको आवस्थामा डेब्टर्स देखाई वासलातको सम्पत्ती रु.१४,१८,९२६। बढेको देखिएकोले सो सम्वन्धमा छानवीन गरी आयकर ऐन २०५८ का दफा ४० बमोजिम निसर्ग मानी आयकर ऐन २०५८ को अनुसुची १ बमोजिम २५ प्रतिशत दर सोमा लाग्ने व्याज एवं शुल्क सहित रु.३,५४,७३२।- असुल गर्नुपर्दछ । करदाताले अन्तीम मौज्दातमा रु.१,२०,९५,०७९। को औषधीको मौज्दात देखाएको छ तर उक्त औषधीहरुको विवरण, परिमाण र मूल्य खुलासा गरेको पाईएन । सो सम्वन्धमा थप छानविन गर्नुपर्दछ ।

८.५. भवन निर्माण सामाग्रीको कारोबार गर्ने करदाताले आय विवरण पेश गर्दा अनलाइनकै माध्यमबाट पेश गर्नुपर्ने र अनुसुची १३ भरी खरिद, विक्री, आसामी, साहू, प्रविष्ट गर्नुपर्ने व्यवस्था छ । निज करदाताको वित्तिय विवरणमा साहुमा एक सिमेन्ट प्रा.लि.लाई रु.१९,७५,११६।- देखाएकोमा उक्त

प्रा.लि.ले निजलाई आसामी नदेखाएको हुनाले निजले अनावश्यक दायित्व देखाएको हुनाले यो सम्बन्धमा थप छानविन गरी आयकर ऐन २०५८ को दफा ४० बमोजिम निसर्ग गरी सोही ऐनको अनुसुची १ बमोमिज २५ प्रतिशत कर रु.४,९३,७७० एवं व्याज र शुल्क सहित असुल गर्नुपर्दछ ।

८.६. निर्माण सामाग्री, रंगरोगन तथा डेकोरेसनको कारोबार गर्ने करदाताले आयकर ऐन २०५८ मा भाडा भुक्तानी गर्दा १० प्रशित अग्रिम करकट्टा गर्नुपर्ने व्यवस्था छ । करदाताको वित्तीय विवरण अनुसार ट्रान्सपोर्टसन एण्ड लेवरमा रु.३३,२०,३०५।- खर्च लेखेकोमा कति ट्रान्सपोर्टसन र कति लेवर खर्च हो सो खुलाएको छैन तसर्थ अग्रिम कर कट्टा नगरीएको रकम छानविन गरी कर दायित्व रु.३३२२०३।-एकिन गर्नुपर्ने देखिएको छ ।

- आयकर ऐन २०५८ को दफा कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई सम्पत्ती हस्तान्तरण गरी गरीएको २७ (१क) भुक्तानीको हकमा हस्तान्तरित सम्पत्तीको बजार मुल्य बराबरको रकम परमाणिकरण गर्नुपर्ने व्यवस्था छ । करदाताको वित्तिय विवरण अनुसार रु.८०,०९,५४०। सञ्चालकहरुबाट सापटी प्राप्त गरेको देखिन्छ र यसरी सापटी प्राप्त गरेको रकम व्यवसायमा प्रयोग भएको तर कुनै प्रकारको वित्तिय लागत बहन गर्नु परेको देखिदैन । करदाताले बैक ऋण प्राप्त गरी औषत ४ प्रतिशतले व्याज भुक्तानी गरेको संचालकबाट प्राप्त रकमको समेत सोही अनुसारको रु.३२०३८२।- आय परमाणिकरण गरी आयकर ऐन २०५८ को अनुसुची १ बमोमिज २५ प्रतिशत कर रु.८०,०९५। व्याज एवं शुल्क सहित रु.८००९५।- असुल गर्नुपर्दछ ।
- करदाताको मु.अ.कर विवरण अनुसार भुक्तानी गर्नुपर्ने मु.अ.कर (डेविट) रु.२२८७१ भएको तर आय विवरणमा भने रु.७६०१९३ देखाएको छ । यसरीमु.अ.कर विवरण भन्दा रु.७,३७,३२२। दायित्व बढेको देखिएकोले आयकर ऐन २०५८ को दफा ४० बमोजिम उक्त दायित्व निसर्ग गरी आयकर ऐन २०५८ को अनुसुची १ बमोजिम २५ प्रतिशत कर सो मा लाग्ने व्याज समेत रु.१,८४,३३१।- असुल गर्नुर्दछ ।

८.७. विस्कुट तथा चाउचाउ उत्पादन गर्ने एक करदाताले आयकर ऐन २०५८ को दफा १४ मा व्यवसायिक प्रयोजनाका लागि लिइएको ऋणको व्याज कट्टि लिन पाउने व्यवस्था भएकोमा निजले विभिन्न मितिमा रु.४,०५,४६,५६७।-ऋण लिएकोमा औषत व्याजदर १०.२९ प्रतिशतले रु.३८,५६,६८९।- व्याज कट्टि लिएको देखिन्छ । साथै निजको वित्तिय विवरण अनुसार यो वर्ष संचित मुनाफाबाट रु.१५,८०,०००।- लाभांस झिकेको देखिन्छ । एकातर्फ व्यवसायमा नगद अभाव देखाई ऋण लिने र अर्को तर्फ ऋण नतिरी लभांश झिकी व्याजखर्च दावि गरेको देखिएको र सो सम्बन्धमा कर परिक्षणमा समेत कुनै उल्लेख नभएको हुनाले झिकेको रकमको सम्वन्धमा छानवीन गरी औषत व्याजदर १०.२९ प्रतिशतले रु १६,२५,८२०। व्याज अमान्य गरी आयकर ऐन २०५८ को अनुसुची १ बमोजिम २५ प्रतिशत कर रु.४,०६,४५५। व्याज एवं शुल्क सहित असुल गर्नुपर्ने देखिएको छ ।

- करदाताको विक्री विवरण एवं डेब्टर्स विवरण हेर्दा फरक देखिन्छ । निजको डेब्टर्स विवरणमा कहिले देखिको उठाउन बाकी रकम उल्लेख समेत गरेको छैन । निम्न विक्री हेर्दा विक्री गरेको भन्दा डेब्टर्स रु.२८,१९,५३८।- बढी देखिएकोमा थप छानविन गरी आयकर ऐन २०५८ को दफा ४० बमोजिम निसर्ग गरी सोही ऐनको अनुसुची १ बमोजिम २५ प्रतिशत कर रुं ७,०४,८८५। व्याज एवं शुल्क सहित असुल गर्नुपर्दछ ।
- आयकर ऐन २०५८ को दफा ८८ अनुसार भाडा भुक्तानी गर्दा १० प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था भएकोमा करदाताले बस्तु चलान खर्चमा रु.८०,४७,९६४।- खर्च लेखेकोमा सोको विस्तृत विवरण नभएकोले थप छानवीन गरी रु.८,४४,७९६। कर दायित्व एकिन गर्नुपर्ने देखिएको छ ।

- आयकर ऐन २०५८ को दफा ८७ अनुसार सामाजिक सुरक्षा कर १ प्रतिशत कट्टा गर्नुपर्ने व्यवस्था भएकोमा करदाताले यो वर्ष खर्च लेखेको तलब रु.१,६४,१६,२०९। मा १ प्रतिशतले रु १,६४,१६२। सामाजिक सुरक्षा कर कट्टा गर्नुपर्नेमा रु १,५४,८६०। मात्र कट्टा गरेकोले घटी कट्टा गरेको रु १८३०२ असुल गर्नुपर्ने देखिएको छ ।
- करदाताले प्रत्यक्ष लागत गणना गर्दा यूटिलिटी मनी रु.१,४७,२१,१५४। खर्च दावि गरेको र के के वापत हो खुलासा गरेको छैन भने पुनः प्रत्यक्ष लागतमा विधुत खर्च भनी रु.१०,६१,६२२। एवं खानेपानी खर्च भनी रु.२८,७५३। गरी रु.१०,९०,३७५। पनि खर्च दावि गरेको देखिन्छ । यस सम्बन्धमा थप छानविन गरी दोहोरो दावि गरेको खर्च रकममा आयकर ऐन, २०५८ को अनुसुची १ बमोजिम २५ प्रतिशत कर रु.२,७२,५९४।- व्याज एवं शुल्क सहित असुल गर्नुपर्दछ ।

८.८. विविध खाद्यान्न उत्पादन गर्ने एक करदाताले मुल्य अभिवृद्धि कर नियमावलीको नियम ४०(४) अनुसार करयोग्य र कर छुटमा प्रयोग हुने सामाग्री छुट्याउन नसकेमा समानुपातिक कर क्रेडिटको हिसाबले मुल्य अभिवृद्धि कर गणना गर्नुपर्नेमा निजले यो वर्ष कुल विक्री रु १४,३८,८९,४२४। मध्ये रु.६,९६,०८,८८१। अर्थात ४८.३८ प्रतिशत कर छुटको विक्री रहेको छ । करदाताले सवारी साधन खरीद एवं मर्मतको कर योग्य खर्चहरुमा दावि गरेको मुल्य अभिवृद्धि कर रु.१,६१,१४६।- को समानुपातिक हिसाबले ४८.३८ प्रतिशत अंश रु.७७,९६२।- डेविट समायोजन नगरेकोमा शुल्क जरिवाना र व्याज समेत असुल गर्नुपर्दछ ।

८.९. पेट्रोलियम पदार्थको कारोबार गर्ने एक करदाताले रु.२४,१४,६०८। नाफा नोक्सानी देखाई पेश गरेको आय वर्ष ०७१।०७२ को आय विवरण उपर कार्यालयबाट पुर्ण कर परिक्षण भई मिति २०७३।०२।२५ मा रु.३०,४९,८४८। संशोधित करयोग्य आय निर्धारण गरेको उक्त फाइलको लेखा परिक्षण गर्दा वोनस व्यवस्थामा भएको रु.३२,००,०००। यो वर्ष वितरण गरेको देखिएकोमा आयकर ऐन, २०५८ बमोजिम ५ प्रतिशत अग्रिम कर कट्टा गरेको नदेखिएकोले रु.१,६०,०००।- कर असुल गर्नुपर्दछ ।

८.१०. मोटर गाडीको कारोरबार गर्ने एक करदाताले लिएको ऋण रकम व्यवसायमा प्रयोग नभएको भनी व्याज अमान्य गरेकोमा बैक संग सम्बन्धीत स्वीफ्ट चार्ज र बैङ्क कमिसन गरी रु.८८,३१४।५५ खर्च दावि गरेकोमा उक्त खर्च सम्वन्धमा छानवीन गरी आयकर ऐन, २०५८ बमोजिम २५ प्रतिशत कर रु २२,०८०।- व्याज एवं शुल्क असुल गर्नुपर्दछ ।

- करदाताले एक प्रा.लि.मा डिलरसीप डिपोजिट बापत रु.१०,००,०००। राखेकोमा कुनै प्रकारको व्याज आम्दानी नदेखिएकोले थप छानविन गर्नुपर्दछ ।
- आयकर ऐन २०५८ को दफा २७(१) मा कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई सम्पत्ती हस्तान्तरण गरिएको भुक्तानीको हकमा हस्तान्तरीत सम्पत्तीको बजार मुल्य बराबरको रकम प्रमाणिकरण गर्नुपर्ने व्यवस्था छ। यो वर्ष करदाताले व्यवसायको रकम रु.५,८९,२३,४०९। दुई संचालकलाई सापटी दिएको देखाइएको छ। सोको व्याज भने प्राप्त देखिएन । तसर्थ उक्त रकमको प्रचलित व्याजदर १५ प्रतिशतले हुने रु.८८,३८,५११। लाई आयमा समावेश गरी ऐनको अनुसुची १ अनसार २५ प्रतिशतले हुने कर रु २२,०९,६२८। व्याज एवं थप शुल्क सहित थप छानविन गरी असुल गर्नुपर्दछ ।

८.११. भवन निर्माण तथा आल्मुनियमका सामानका कारोबार गर्ने एक करदाताको वित्तीय विवरणमा अन्य भूक्तानी बाँकी भनी रु.६२,२४,४४७- देखाइएकोमा सो को खुलासा गरेको छैन । साथै निज करदाताले अनुसुची १३ भर्दा केवल खरीद मात्रै भर्ने गरको साहु, आसामी, विक्री उल्लेख गरेको देखिएन ।

- करदाताले साहु देखाएको एक प्रा.लि.को रु.१३,४६,८३९।-, एक प्रा.लि. लाई ७,१५,४९४।- गरी रु.२०,६२,३३३।- सम्बन्धित करदाताले रिर्पोटेडमा नदेखिएको अर्के एवं कर परिक्षणमा समेत कुनै विषय उल्लेख नभएबाट अनावश्यक दायित्व बढाएको हुनाले सो सम्वन्धमा छानवीन गरी आयकर ऐन २०५८ को दफा ४० बमोजिम निसर्ग मानि आयकर ऐन २०५८ को अनुसुची १ बमोजिम २५ प्रतिशत कर ५,१५,५८३।- व्याज एवं शुल्क सहित असुल गर्नुपर्दछ ।

८.१२. दुग्धजन्य पदार्थको कारोबार गर्ने एक करदाताले आयकर ऐन, २०५८ को दफा १९ अनुसूची २ वमोजिम आधारभूत सम्पत्तिहरुमा १५ प्रतिशतले ह्रास कट्टि गर्न पाउने व्यवस्था भएकोमा निजले दुध बोक्ने ट्याङ्कर २ वटाको ह्रास आधार रु.३,४४,९३५। को १५ प्रतिशतले रु.५,१७,४९०। मात्र ह्रास कट्टि गर्न पाउनेमा २० प्रतिशतले रु.६,८९,९८७। खर्च कट्टी लिएको देखिएकोले रु.१७२४९७ वढि ह्रास कट्टि लिएको रकम आयकर ऐन, २०५८ को अनुसूची १ वमोजिम २५ प्रतिशत कर रु.४३,१२४। सोमा लाग्ने शुल्क एवं व्याज सहित असूल गर्नुपर्ने देखिएको छ ।

- आयकर ऐन, २०५८ को दफा ८८ मा भाडा वापत रकम भुक्तानी गर्दा १० प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । करदाताले दुध वितरण कार्यमा गाडी भाडामा लिई रु.६३,७४,२८३। खर्च कट्टि लिएकोमा ऐन वमोजिम कर कट्टि नगरेकोले रु.६,३७,४२८। असुल गर्नुपर्दछ ।
- आयकर ऐन, २०५८ को दफा ८७ मा ज्याला भुक्तानी गर्दा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टा गर्नुपर्ने व्यवस्था भएकोमा प्रत्यक्ष ज्यालामा रु.१७,३१,९४९। खर्च कट्टी लिएकोमा समाजिक सुरक्षा कर रु.१७,३१९। कट्टि नगरेको पाइयो ।
- करदाताले निःशुल्क नमुना भनी रु.३३,३७,८००। खर्च लिएको देखिन्छ । यसरी कट्टि लिदा कुन वस्तुको नमूना खुलाएको छैन । कच्चा पदार्थ खरिदमा मू.अ.कर क्रेडिट दाबी गरेको तर नमूना खर्चमा रु.४,३३,९१४ मू.अ.कर असूल भएको नदेखिएकोले थप छानविन गरी मू.अ.कर ऐन २०५२ बमोजिम कर दायित्व यकिन हुनुपर्ने देखियो ।
- करदाताको वित्तिय विवरण मा तलब तथा अन्य भूक्तानी बाँकीमा रु.१,२७,४०,४९४। देखिन्छ । वित्तिय विवरणको अनुसूचीमा तलव लगायत अन्य खर्च रु.२८,०९,७०३। मात्र देखिएकोमा उक्त भूक्तानी बाँकी कुन कुन नाममा हो स्पष्ट हुन सकेन । अतः भुक्तानी गर्नुपर्ने दायित्वका सम्वन्धमा थप छानविन गरी कर दायित्व यकिन हुनपर्ने देखिन्छ ।

८.१३. एक निर्माण सेवाले पेश गरेको आय वर्ष २०७०।०७१ को फाईल परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् :

- आयकर ऐन, २०५८ को दफा ८७ वमोजिम ज्याला भुक्तानी गर्दा १ प्रतिशत समाजिक सुरक्षा कर कट्टा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले श्रमिक ज्यालामा रु.१२,५५,२८४। खर्च लेखेकोमा रु.१२,५५३। अग्रिम कर असुल नगरेकोले असूल गर्नुपर्दछ ।
- करदाताले प्रत्येक ठेक्का एवं कुल ठेक्काको आम्दानी तथा खर्च देखिने विवरण पेश गरेको छैन भने खरिद गरिएको मालसामानको पनि विस्तृत विवरण समावेश गरेको छैन । करदाताले अनुसूची १३ भर्दा केवल खरिद मात्र भरेको देखियो । मिसम्याच प्रतिवेदन अनुसार करदाताले एक निर्माण सामाग्री सप्लायर्सबाट रु.१,५३,३२,६०४।, एक कन्सर्नवाट रु.११,९९,१३०। र एक पेन्टस एण्ड हार्डवयर्सवाट रु.८,९२,०९२। गरी रु.१,७४,२३,८३२। खरिद दावि गरेको देखिन्छ । तर ती करदाताहरुले विक्री नदेखाएवाट मिसम्याच परेको देखिन्छ । करदाताहरुले विक्रि नदेखाएको खरिद सम्वन्धमा थप छानवीन गरी अनावश्यक मूल्य अभिवृद्धि कर रु.२२,६५,०९८ क्रेडिट दावि गरे नगरेको सम्वन्धमा यकिन गर्नुपर्दछ ।

८.१४. अटोमोवाइल्स कारोबार गर्ने एक करदाताले आय वर्ष २०७०।०७१ को फाईल परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् ।

- आयकर ऐन, २०५८ को दफा ८८ मा व्यवासायी प्रर्वधनात्मक खर्चमा १५ प्रतिशत अग्रिम करकट्टा गर्नुपर्ने व्यवस्था भएको र रु.१२,७१,१०४। खर्च लेखेकोमा रु.१,९०,६६६। अग्रिम करकट्टा गरेको नदेखिएकोले सो सम्वन्धमा छानवीन गरी कर दायित्व एकिन गर्नुपर्दछ ।
- करदाताको गत वर्ष ऋण रु.१३,८५,०१,२३१। रहेको त्यस्तै यो वर्ष ऋण रु.११,६५,३०,७९७ रहेको देखिन्छ । यसरी विभिन्न वैंक वाट ऋण लिई औषत व्याज ९.१५ प्रतिशतले रु.१,३६,२१,०६०। भुक्तानी गरेको देखिन्छ । गतवर्ष आसामी १४,०१,८२,२७७ रहेकोमा यो वर्ष रु.१३,६२,५३,५९८। आसामी ५४६ जना व्यक्ति एवं संस्था रहेको देखिन्छ । एकातर्फ व्यवसायमा नगद अभाव देखाई ऋण लिई व्याज दावि गर्ने र अर्को तर्फ उधारो विक्रीको रकम असुल गर्न पहल गरेको नदेखिएकोले उक्त व्याज खर्च रु.१,३६,२१,०६०। का सम्वन्धमा थप छानवीन गरी आयकर ऐन, २०५८ को अनुसुची १ वमोजिम २५ प्रतिशत कर रु.३४,०५,२६५ सोमा लाग्ने व्याज एवं शुल्क सहित असूल गर्नुपर्दछ ।

८.१५. एक प्रा.लि. ले पेश गरेको आय वर्ष २०७०।०७१ फाईल परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्:

- आयकर ऐन २०५८, अनुसार लाभांसमा ५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । करदाताले रु.१५,१६,८८३।– लाभांश प्रस्तावित गरेकोमा रु.७५,८४४। कर कट्टा गरेको नदेखिएकोले रु.७५,८४४।- असूल गर्नुपर्दछ ।
- आन्तरिक लेखा परीक्षण शुल्क वापत रु.१,२५,०००। भुक्तानी गरेकोमा १५ प्रतिशतका दरले अग्रिम कर रु.१८,७५०।- कट्टा गर्नुपर्नेमा १.५ प्रतिशत अग्रिम करकट्टा गरेकोले घटि कट्टा गरेको रु.१६,८७५।- असूल गर्नुपर्दछ ।

९. **अन्तशुल्कतर्फ** : यसमा निम्न व्यहोरा देखिएका छन्:

९.१. एक नुडल्स प्रा.लि.ले उद्योग विभागबाट प्रकाशित मेटेरियल कन्जम्पसन नर्म्स भोल्युम १ २०६३ अनुसार ७४५।४५ ग्राम मैदा खपतबाट १ के.जि. चाउचाउ उत्पादन हुने उल्लेख छ । जस अनुसार करदाताको प्रतिलब्धि दर १३४।१४ प्रतिशत हुन आउंछ । उक्त करदाताले कर कार्यालयमा पेश गरेको कच्चा पदार्थ एवं उत्पादनको वार्षिक विवरण प्रतिवेदन अनुसार यो वर्षको मैदा खपत ४५७०२०० के.जी. भएकोमा ५८८७९४६।१२ के.जी. चाउचाउ अर्थात १२८।८३ प्रतिशत उत्पादन देखाएको छ । स्विकृत नर्म्स अनुसार उल्लेखित मैदाबाट ६१३०४६६।२८ के.जी चाउचाउ उत्पादन हुनुपर्नेमा उद्योग विभागले स्विकृत गरेको प्रतिलब्धी दरभन्दा घटी उत्पादन देखाएको परीमाण २४२५२०।१६ सम्बन्धमा कार्यालयबाट छानविन भएको देखिएन । घटी उत्पादन भएको देखाएको परिमाणको विक्री समेत नदेखाउने भएकोले २४२५२०।१६ के.जी. चाउचाउको प्रति केजी अन्तःशुल्क रु.७।५० का दरले हुने रु.१८,१८,९०१।– अन्तशुल्क आम्दानी प्राप्त भएको छैन । अतः स्विकृत नर्म्स भन्दा घटि उत्पादन देखाई विक्री वितरण गरेको नदेखिएको चाउचाउबाट प्राप्त हुने अन्तःशुल्क रु.१८१८९०१।– र सोमा लाग्ने विलम्व शुल्क र जरिवाना समेत छानविन गरी असुल हुनुपर्दछ ।

- माथी उल्लेखित विवरण अनुसार मैदा खपत नर्म्स भन्दा बढी देखिएको सम्बन्धमा आन्तरिक राजश्व कार्यालयले छानविन गरेको छैन । तसर्थ यस सम्बन्धमा थप छानविन गरी कच्चा पदार्थको बढी खपतका कारणले हुने उत्पादन, सोबाट मु.अ.कर तथा आयकर राजश्वमा पर्ने असर समेत यकिन गर्नुपर्ने देखिन्छ ।

९.२. एक फुड्स प्रा.लि.ले उद्योग विभागबाट प्रकाशित मेटेरियल कन्जम्पसन नर्म्स भोल्युम १ २०६३, अनुसार ७४५।४५ ग्राम मैदा खपतबाट १ केजी चाउचाउ उत्पादन हुने उल्लेख छ। जस अनुसार करदाताको प्रतिलब्धी दर १३४।१४ प्रतिशत हुन आउँछ । उक्त करदाताले पेश गरेको वार्षिक कच्चा पदार्थ एवं उत्पादनको विवरण प्रतिवेदन अनुसार यो वर्ष १७१४१७७ के जी मैदा उपयोग भएकोमा २१४४१८६।४० के.जि. चाउचाउ अर्थात १२५.०८ प्रतिशत उत्पादन देखाएको छ । स्विकृत नर्म्स अनुसार उल्लेखित मैदाबाट २२९९३९७.०३ के जी चाउचाउ उत्पादन हुनुपर्नेमा उद्योग विभागले स्विकृत गरेको प्रतिलब्धी दर भन्दा घटी उत्पादन देखाएको परिमाण १५५२१०.६३ केजी सम्बन्धमा कार्यालयबाट छानविन भएको देखिएन। घटी उत्पादन देखाएको परीणामको विक्री समेत नदेखाइने हुनाले १५५२१०.६३ केजी चाउचाउको प्रति केजी अन्तःशुल्क रु.७५० ले हुने रु.११६४०७९।७१ अन्तःशुल्क आम्दानी असुल भएको छैन। अतः स्विकृत नर्म्स भन्दा घटि उत्पादन देखाई विक्री वितरण गरेको नदेखिएको चाउचाउको अन्तःशुल्क रु.११६४०७९।७१ र सोमा लाग्ने व्याज र जरीवाना समेत छानविन गरी असुल गर्नुपर्दछ।

- माथी उल्लेखित विवरण अनुसार मैदा खपत नर्म्स भन्दा बढी देखिएको सम्बन्धमा आन्तरिक राजश्व कार्यालयले छानविन गरेको छैन । तसर्थ यस सम्बन्धमा थप छानविन गरी कच्चा पदार्थको खपतका कारणले हुने उत्पादन, सोमा लाग्ने मु.अ.कर तथा आयकरमा समेत पर्ने असर यकिन गर्नुपर्ने देखिन्छ।

९.३. चुरोट उत्पादन गर्ने एक उद्योगले आर्थिक वर्ष २०७२।०७३ मा कार्यालयमा पेश गरेको वार्षिक कच्चा पदार्थ खपत र उत्पादनको विवरण अनुसार यो वर्ष कुल २१०६७०८ केजी तयारी सुर्तीबाट २९६४९०० एम. चुरोट उत्पादन गरेको र सुन्य एम. प्रोसेस मा रहेको जनाएको छ । त्यस्तै ४८१८५ केजी पुनःप्रयोग गर्न सकिने र ९५२६१ केजी प्रयोग गर्न नसकिने जनाएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन् :

- रिप्रोसेसेवल सुर्ती ४४७८८ केजी पुनः आम्दानी जनाई खपत देखाएको पुष्टि हुने प्रमाण विवरण साथ संलग्न छैन ।
- अनयुजेवल सुर्ती ९५२६१ के. जि. कुल खपत परिमाण २१०६७०८ केजीको ४.५२ प्रतिशत रहेको देखिन्छ । उद्योगले जर्ती सम्बन्धमा स्ट्याण्डर्ड स्विकृत गराएको र मिन्हाको लागि अनुरोध गर्ने गरेको समेत देखिएन ।

९.४. एक व्लेण्डर्स प्रा.लि.ले यसवर्ष पेश गरेको मदिराको व्लेण्डिङ्ग आम्दानी खर्चको वार्षिक विवरण अनुसार यस वर्ष बोटलिङ्गमा १८१५५६९।४०५ ए पि भएकोमा सोबाट तयारी मदिरा १७८४०५२।५४० एल पि उत्पादन भएकोमा बोटलिङ्गमा जर्ति नोक्सानी भनी ३१५१६।६६५ एल पि देखाएको पाइयो जुन १।७४ प्रतिशत हुन आउंछ ।

## मालपोत कार्यालय, पोखरा

१. **खरिद योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ (१) मा सार्वजनिक निकायले वार्षिक दस लाख रुपैंया भन्दा बढी रकमको खरिद कार्य गर्दा वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा यस बर्ष रु.२८ लाख ३९ हजार खर्च गरेकोमा खरिद योजना तयार गरेको पाईएन ।

२. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा कार्यालयमा रहेका जिन्सी सामानहरुको निरीक्षण गरी प्रतिबेदन लिई सो बमोजिम कार्यान्वयन गर्नु पर्नेमा कार्यालयले २०७३।४।१५ मा तयार गरेको जिन्सि निरीक्षणको प्रतिवेदनमा मर्मत हुन नसक्ने भनि उल्लेख गरिएका विजुलि जेनेरेटर-१, कम्प्युटर-३, ल्यापटप-१, स्टिल दराज-१० भ्याकुम क्लिनर-१ लगायतका प्रतिवेदनमा उल्लेखित सामानहरु नियममा रहेको प्रावधान अनुसार लिलाम, मिन्हा तथा मर्मत सम्बन्धी कारवाही गरी जिन्सी दुरुस्त अवस्थामा राख्नुपर्नेमा सोको व्यवस्थापन गरेको छैन ।

३. **लिखत परीक्षण** : कार्यालयबाट प्राप्त वार्षिक प्रगति प्रतिवेदन विवरण अनुसार कार्यालयले वकसपत्र ११३६ थान, राजिनामा २४९७३ थान, दर्ताफारी सगोलनामा १०५ थान, अंशवण्डा ३१३, अंश बुझेको भरपाई ३४३ थान, शेषपछिको वकसपत्र १६४ थान, बैंक तथा वित्तिय संस्थाको धितोवन्धक १५१५० थान, व्यक्ति दृष्टिवन्धक ८१, सट्टापट्टा १२१, नाता बाहिरको स्वजिल्लाको बकसपत्र थान १ र अन्य ७२ थान समेत ४२४५९ रजिष्ट्रेशन लिखत पारित गरेको पाइयो । कूल लिखत मध्ये आंशिक लिखत छनौट गरी परीक्षण गरिएकोमा निम्न व्यहोरा देखिएका छनः

३.१. कार्यालयले रजिष्ट्रेशन शुल्क असूली गर्दा आउने सम्भावित जोखिम न्यूनिकरण गर्न जोखिम निरोधक उपायहरु समेत आन्तरिक नियन्त्रण प्रणालीले व्यवस्था गरेको छ । जिल्लाको जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारण समितिले वर्षेनी मूल्याङ्कन दरमा सामान्य प्रतिशत वृद्धि गरेपनि मूल्याङ्कनको आधारको व्याख्या सहित पुनरावलोकन नगर्नु, जग्गाको अवस्थिति, सडकको पहुँच तथा अन्य कुराहरुको आधारमा जग्गाको वर्गीकरण गर्नुपर्नेमा कतिपय ग्रामीण क्षेत्रका जग्गाको वर्गीकरण नगरी खेतियोग्य जग्गाको श्रेणी कायम गर्नु, जग्गाको न्यूनतम मूल्याङ्कन र खरिद बिक्रीको मूल्यबीच रहेको ठूलो भिन्नतालाई कम गर्नेतर्फ ध्यान नदिइनु, लिखतमा खुलाउनु पर्ने तोकिएका आवश्यक व्यहोराहरु स्पष्ट नभएको, दर्ता किताबलाई अद्यावधिक गरी प्रमाणीत गरेर राख्ने व्यवस्था नहुनु, एउटै सि.नं मा दुईभन्दा बढी लिखत पारित गर्नु, घरबाटो सिफारिसमा स्थान, जग्गाको अवस्थिति नखुलाई सो बर्गको न्यूनतम मूल्याङ्कन कायम गरी लिखत पारीत गर्नु नगर पालिकाका जग्गाहरुको न्यूनतम मूल्य समसामयीक हुने गरी तोकिनुले शहरमा अतिनै मूल्यवान घडेरीहरु पनि कम भन्दा कम मूल्य राखी लिखत पारित गर्न मिल्ने किसिमको अति खुकुलो र लचिलो मापदण्ड तोकिंदा राजश्व असूलीमा प्रत्यक्ष प्रभाव पर्ने रहेकोले सुधार हुनुपर्दछ ।

३.२. पूंजीगत लाभ कर असुल गर्ने मालपोत कार्यालयले जग्गा तथा घर जग्गा निर्शग गर्ने प्राकृतिक व्यक्तिले नियमानुसार भरेको पुंजीगत लाभ कर फारम अनुसारको पूजीगत लाभ करको विवरण प्रत्येक महिना समाप्त भएको १५ दिनभित्र सम्बद्ध आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था आयकर निर्देशिकाले समेत तोकेको छ । कार्यालयले नियमानुसार आ.रा.का.मा पठाएको पूंजीगत लाभ कर विवरण १ प्रति कार्यालयको अभिलेखको रुपमा राख्दा सम्बन्धीत पार्टीले खर्च दावी गरेको प्रमाण संलग्न राख्नु पर्नेमा राख्ने नगरेको, भरेका पूंजिगत लाभकर फारम क्रमागत रुपमा राख्ने नगरेको, पूंजिगत लाभकर फारममा सम्बन्धित लिखत नम्बर, मिति उल्लेख नगरेकोवाट खर्च दावी गरेको एकिन हुन सक्ने नदेखिएको । पूंजीगत लाभ कर सम्बन्धी अद्यावधिक विवरण लेखापरीक्षणका क्रममा उपलब्ध भएन । यसले गर्दा पूंजीगत लाभ करका दायरामा आएका जग्गा तथा घर जग्गा निर्शग गर्ने प्राकृतिक व्यक्ति तथा तिनका कारोवार यकिन गर्न सकिएन । अतः जग्गा तथा घर जग्गा निसर्ग गर्ने प्राकृतिक व्यक्तिले नियमानुसार भरेर पेश गरेका लाभ कर फारम र सम्बद्ध आन्तरिक राजस्व कार्यालयमा पठाएका लाभ कर सम्बन्धी विवरणको यथेष्ट अभिलेख राख्ने अनुगमन गर्ने व्यवस्था हुनुपर्ने सम्बन्धमा गत वर्षपनि औंल्याईएकोमा स्थिति यथावत रहेको पाईयो ।

३.३. आर्थिक अध्यादेश, २०६७ ले आयकर ऐन, २०५८ को दफा २ अनुसार गैह्र व्यवसायी कर योग्य सम्पत्ती अन्तर्गत प्राकृतिक व्यक्तिले रु.३० लाख वा सो भन्दा बढी मूल्यको जग्गा तथा घर जग्गाको कारोवार गर्दा भएको पूंजिगत लाभमा ऐनको दफा ९५ मा तोकिएको दर अनुसार रजिष्ट्रेशन कै बखतमा कर असूल गर्ने व्यबस्था गरेको छ । कार्यालयमा सेवाग्राहिबाट लाभकर छुट दिने उद्देश्यबाट जग्गाको थैली राख्ने क्रममा रु.३० लाखको सिमा लाई आधार बनाएर केही रकममात्र कम गरी जस्तै २९,९९,०००0।00 थैली राखी रजिष्ट्रेशन लिखत पारित गर्ने गरेको पाइएकोले यसतर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्दछ ।

४. **भवन निर्माण खर्च कट्टी** : आर्थिक अध्यादेश २०६७ ले आयकर ऐन, २०५८ को दफा २ अनुसार गैह्र व्यवसायी कर योग्य सम्पत्ती अन्तर्गत प्राकृतिक व्यक्तिले रु.३० लाख वा सो भन्दा बढी मूल्यको जग्गा तथा घर जग्गाको कारोवार गर्दा भएको पूंजिगत लाभमा ऐनको दफा ९५ मा तोकिएको दर अनुसार रजिष्ट्रेशन गर्दाकै बखतमा कर असूल गर्ने व्यबस्था गरेको छ । रजिष्ट्रेशन लिखतबाट विभिन्न ऋृणीहरुले घर जग्गा विक्री गर्दा पूंजिगत लाभकर घोषणा फारम भरि खरीद गर्दाको लिखत मूल्य, रजिष्ट्रेशन शुल्क र भवन निर्माण वापतको रकम कट्टी गरी बांकी रकममा मात्र नियमानुसार लाग्ने पूंजिगत लाभकर असूल भएको देखिन्छ । तर उक्त कट्टी रकम मध्ये घर निर्माण खर्च कट्टी लिएकोमा सो फारम साथ स्थानीय निकायबाट प्रमाणीत निर्माण खर्चको प्रमाण तथा अघिल्लो खरिद लिखत, रजिष्ट्रेशन रकम तिरेको प्रमाणहरु लाभकर फारम साथ संलग्न गरी सो को आधारमा मात्र खर्च कट्टी दिने व्यबस्था हुनु पर्ने व्यवस्था गत वर्ष औंल्याईएकोमा सुधार भएको पाईएन ।

५. **पूंजिगत लाभकर फारम** : निसर्गकर्ताहरुबाट स्वयम घोषणा गरेको पूंजिगत लाभकर फारमहरुमा निसर्ग कर्ताको लिखत नं.खुलाई निसर्गकर्ताहरुबाट कायम गरेको थैली अंकमा लिएको खर्च कट्टि जस्तै: गत विगत खरिद गरेको लिखत अंक खुल्ने लिखतको प्रतिलिपी, रजिष्ट्रेशनदस्तुरको प्रमाण, घर निर्माण मूल्यांकन प्रमाण लगायतको खर्च कट्टि लिएको प्रमाण संलग्न गरी खर्च कट्टि दिनु पर्नेमा लाभकर फारममा लिखत नं. उल्लेख नगर्नूका साथै ती प्रमाणहरु संलग्न नगर्नुको अलावा लाभकर फारमहरु क्रमागत रुपमा नराखेकोले पूंजिगत लाभकर असूल भएको लिखत र दर्ता रजिष्टरमा खुलाएको ३० लाख भन्दा बढीका लिखत अंकको पूंजिगत लाभकर असूल भएको छ छैन भिडान गरी एकन गर्न सकिएन । साथै ३० लाख भन्दा बढीका पुंजीगत लाभकर फारमको फाईलमा संलग्न नभएका फारमहरुको केही लिखत रहेको स्रेस्तामा परीक्षण गर्दा ती लाभकर घोषणा फारमहरु दुवै प्रति लिखत संलग्न रहेको पाईयो । अत: पूंजीगत लाभ कर फारमहरु माथि उल्लेख भए अनुसार कुन कुन लिखतबाट पूंजिगत लाभकर असूल भएको हो सो को लिखत नम्वर, अगाडी खरिदको लिखतको प्रमाण, रजिष्ट्रेशन शुल्कको प्रमाण, घर निर्माण मूल्यांकन प्रमाण लाभ कर फारम साथ संलग्न गरी पूंजिगत लाभ कर असूल गर्ने व्यबस्था हुनुपर्दछ ।

६. **सफ्टवेयर सम्बन्धमा** : कार्यालयबाट पास भएका राजिनामा लिखत मध्येबाट यसबर्ष रु. १६,०७,६३,१५७– पूंजिगत लाभकर असूल भएको छ । कार्यालयबाट पूंजिगत लाभकरको लागि सकेसम्म लाभकर फारम भराई दोहोरिएका व्यक्तिहरुको पनि लाभकर असूल गर्ने प्रयास भएको पाईयो । तर कार्यालयमा रहेको राजिनामा रजिष्ट्रेशन लिखत दर्ता किताव परिक्षण गर्दा घर जग्गा खरिद कारोवारीहरुको थैली अंक रु.२८ लाख देखि २९ लाख ९९ हजार सम्मका लिखतहरु छन् भने ५० लाख, ८० लाख थैलीका लिखतहरुमा समेत–२, ४, ५ भनि लिखतहरु पास हुने गरेको पाईयो ती लिखत कारोवारी धेरैनै छन जसलेगर्दा ती लिखत कारोवारीहरु केही समय, केही महीना तथा आर्थिक वर्षको अन्त वा अन्य फांटबाट हुने लिखत दोहोरो, तेहरो कारोवारी समेत गर्न सक्ने देखिएबाट आयकर ऐन, २०५८ ले तोकेको सिमा अंक नाघ्न गई पूंजिगत लाभकर छलिने देखिन्छ। अत: सम्बन्धित केन्द्रीय निकाय तथा कार्यालयबाट सफट्वेर लागू गरी पूंजिगत लाभकर छलिने अवस्थालाई नियन्त्रण गर्नुपर्ने व्यहोरा गत वर्ष औंल्याईएकोमा सुधार भएको पाईएन ।

७. **राजश्व असुली नभएको** : सरकारले विभिन्न १३ संघसंस्थाहरुलाई भोगाधिकार गर्न मासिक रु.२०००।- का दरले राजश्व बुझाउने गरी भोगचलनको लागि उपलब्ध गराएको जग्गाको रु.१२००००।- राजश्व प्राप्त भएको देखिएन ।

८. **भोगाधिकार जग्गालाई लिज** : सरकारी जग्गालाई लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७१ अनुसार २०७१ पौष देखि भोगाधिकारमा रहेका १९ संघ संस्थालाई जग्गा लिजमा दिने गरि सम्झौता अनुसारको राजश्व रकम असुल गरी लिज भोगाधिकार जग्गा लिजमा परिणत गर्ने व्यवस्था रहेको छ । सम्बन्धीत निकायले कार्यनीति २०७१ लाई कार्यान्वयन गरी १९ संस्थालाई भोगाधिकार अन्त्य गरी लिजमा दिने करार सम्झौता गरी व्यवस्थितरुपमा जग्गाको उपभोग तथा राजश्व असुलीको व्यवस्थापन गर्नुपर्दछ ।

९. **आन्तरिक लेखापरिक्षण बेरुजु फछ्र्यौट** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ (३) मा आन्तरिक लेखा परीक्षकले औल्याएको बेरुजु अन्तिम लेखापरिक्षण हुनु अगावै असुल फछ्र्यौट गर्नुपर्दछ । कार्यालयले आन्तरिक लेखापरीक्षकले औल्याएको बेरुजु फ्छर्योट गरेको छैन । आन्तरिक लेखापरीक्षणको देहायका बेरुजु फ्छयौट गराउनु पर्छ ।

९.१ एक जग्गा धनीले तिस लाख पुगेर पुंजिगत लाभकर तिरिसके पछि पुनः रु.४५२०००।- रु.१७४९८००।- गरी जम्मा रु.२२०१८०० को लिखत पास गर्दा ५ प्रतिशत पुंजीगत लाभकर रु.११००९०।- दाखिला नगरको रकम असुल हुनुपर्दछ ।

९.२ विभिन्न जग्गाधनिले संयुक्त नाममा पुंजीगत लाभकर तिरिसके पछि पुनः रु.७६५३५००/- को लिखत पास गर्दा ५ प्रतिशत पुंजीगत लाभकर रु.३८२६७५/- दाखिला गरेको नदेखिएकोले असुल गर्नुपर्ने देखिन्छ ।

९.३ पुतलीबजार ११ स्याङजाका एक जग्गा धनीले पुंजीगत लाभकर तिरिसके पछि पुनः रु.३९८७०००।- को लिखत पास गर्दा ५ प्रतिशत पुंजीगत लाभकर रु.१९९३५०।०० दाखिला नगरेकोमा उक्त रकम असुल गर्नुपर्दछ ।

९.४ ढिकुरपोखरी ६ कास्कीका एक जग्गा धनीले पुंजीगत लाभकर तिरिसकेपछि पछि पुनःरु.३५००००।– को लिखत पास गर्दा ५ प्रतिशत पुंजीगत लाभकर रु.१७५००।- दाखिला नगरेकोमा उक्त रकम असुल गर्नुपर्दछ ।

९.५ सराङकोट ४ कास्कीका एक जग्गा धनीले पुंजीगत लाभकर तिरिसके पछि पुनः रु.१२५०००।- को लिखत पास गर्दा ५ प्रतिशत पुंजीगत लाभकर रु.६२५० दाखिला नगरेकोमा तिर्नु नपर्ने कुनै प्रमाण भए पेश गर्नुपर्ने अन्यथा अशुल गर्नुपर्दछ ।

१०. **पूंजिगत लाभ कर** : आयकर ऐन २०५८ (संशोधन सहित) दफा २ द(४) र दफा ९५ क(३) मा कुनै प्राकृतिक व्यक्तिले एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.३० लाख वा सो भन्दा बढीको जग्गा वा निजी भवन निसर्ग गरेमा सम्पत्तिको स्वामित्व ५ वर्ष वा सो भन्दा बढी भएको छ भने २.५ प्रतिशतका दरले र स्वामित्व ५ वर्ष भन्दा कम भएको छ भने ५ प्रतिशतका दरले खुद पूंजीगत लाभमा अग्रिमकर असूल गर्नु पर्ने व्यवस्था गरेको छ । कार्यालयले यो वर्ष पारित गरेका रजिष्ट्रेशन लिखतहरुमा रु.३० लाख वा सो भन्दा बढीको गैर व्यावसायीक कर योग्य सम्पती निसर्ग गरेका ५ जग्गा धनीले रु.१०९७०३०० को जग्गा निसर्ग गरेकोमा सम्पत्तिको आयमा ५ प्रतिशतका दरले लाभकर असूल नगरेकोले उक्त जग्गाधनिहरुसंग लाभकर रु.५४८९६५/- असूल गरी दाखिला गर्नुपर्दछ ।

११. **कन्टिन्जेन्सी** : शहरी विकास संस्था भवन निर्माण विभाग डिभिजन कार्यालय कास्कीलाई कन्टिजेन्सी बापत उपलब्ध गराएको रु ८०,०००।- र रु.२००००।- बिल भर्पाइ बेगर भुक्तानी गरेकोले भर्पाई प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने देखियो ।

## पश्चिम पृतना हेड क्वाटर

१. **राशनको लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८८ मा राशन व्यवस्था गर्नुपर्ने प्रत्येक सार्वजनिक निकाय प्रमुखले आफ्नो निकायको निम्ति स्विकृत राशन दरवन्दी अनुसार

प्रत्येक वर्षको भाद्र मसान्त भित्र नेपाल राष्ट्र वैंकवाट प्रकाशित हुने सम्वन्धित क्षेत्रको उपभोक्ता मुल्यसुची, कृषि उपजको मुल्य निर्धारण गर्ने सरकारी निकायले प्रकाशन गरेको मुल्यसुची, सडक सुविधा, स्थानिय वजार दर तथा गत वर्षको खरिद सम्झौता दररेट तथा सार्वजनिक खरिद अनुगमन कार्यालयवाट कुनै निर्देशिका जारी भएको भए त्यस्तो निर्देशिकाको आधारमा लागत अनुमान तयार गर्नुपर्दछ भन्ने व्यवस्था छ । यस पृतना हेडक्वाटरवाट २२०४ नफ्रीको वार्षिक हुने खेताला संख्या ८०४४६० को लागि लागत अनुमान तयार गर्दा गत वर्षको खरिद सम्झौता लाई आधार नमानी केवल नेपाल राष्ट्र वैंक, उद्योग वाणिज्य संघ र जिल्ला कृषि कार्यालयको दररेटलाई मात्र आधार मानेर तयार गरेको पाईयो । अतः गत आ.व. स्विकृत दररेटलाई समेत आधार मानेर लागत अनुमान तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## श्री कालीभञ्जन गण (ई), एयरपोर्ट

१. **जिन्सी सम्बन्धमा :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० अनुसार सार्वजनिक निकायमा लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखि वा लिई राख्ने व्यवस्था गर्नुपर्ने र निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाध्न छुट भएको सामान भेटिएमा मूल्य र विवरण खुलाई आम्दानी बाध्न लगाउनु पर्ने, मर्मत संभार गर्नु पर्ने सामान भए तीन महिना भित्र मर्मत गराउनु पर्ने तथा मर्मत गर्न नसक्ने सामान भएमा तालुक कार्यालयवाट निर्देशन प्राप्त गरी ६ महिना भित्र लिलाम विक्री गर्नुपर्ने व्यवस्था रहेकोमा सोको कार्यान्वयन भएको छैन ।

## श्री सिद्धिदल गण, विजयपुर

१. **धरौटी सदरस्यहा** : आर्थिक कार्यविधि, नियमावली, २०६४ को नियम ६४ बमोजिम म्याद भित्र फिर्ता दावी लिन नआएको धरौटी रकम राजश्व खातामा दाखिला गर्नुपर्ने उल्लेख भएकोमा कार्यालयमा तीन संस्थाको नाममा म्याद नाघेको रु.**७२९६४६.२१** आर्थिक वर्ष २०६८।०६९ देखि ०७०।७१ सम्मको बांकी देखिएकोले उक्त रकम सदरस्यहा हुनुपर्ने देखिन्छ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण :** बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा खरिद सम्वन्धी मौजुदा सूची तयार नगरेको र पुराना सामानको मर्मत संभार तथा लिलाम बिक्री कार्य नगरेकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

२. **भरपाई बेगर खर्च** : विभिन्न कार्यक्रमहरुको तालिममा सहभागी ७ जनाले रकम बुझेको भर्पाई बेगर खर्च लेखेको रु.१४३८०/- असुल हुनुपर्दछ ।

३. **पेश्की :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ अनुसार तीन ब.उ.शि.नं.बाट विभिन्न ९ पदाधिकारीलाई रु.१८७०००/-पेश्की रकम दिएकोमा आ.ब.को अन्त्यसम्म पनि बाकी देखिएकोले नियमानुसार फछ्र्योट हुनुपर्दछ ।

४. **बढी तलव निकासा** : विद्यालयहरुमा स्वीकृत दरबन्दी अनुसारको तलव रकम निकाशा दिनु पर्नेमा ३ उच्च माध्यामिक विद्यालयमा रु.३१५३५०।- र एक प्रा.वि. को रु.८९९८२।- समेत रु.४,०५,३३२।– बढी निकासा रकम असुल गर्नुपर्दछ ।

५. **प्रमाण पेश नभएको :** एक उप सचिवको पाठय सामाग्री छपाई खर्च रु.३५०००।- सामुदायिक अध्ययन केन्द्रहरुको अनुगमन खर्च रु.४४००००।- निरन्तर शिक्षा किताब २७९ छपाई गरे वापतको खर्च रु.२७,८९८।– समेत जम्मा रु.५,०२,८९८।– खर्च लेखेकोमा जिन्सी दाखिला तथा भरपाई समेत नभएकोले उक्त खर्चको प्रमाण पेश हुनुपर्दछ ।

६. **तालिम खर्च :** सामुदायिक अध्ययन केन्द्रका परीचालक र अध्यक्षको लागि २ दिने तालिम संचालन गर्न एक कर्मचारीले पेश्की रु.१४१६००।- लिएकोमा सो तालिम पेश्की लिनु पुर्वको मितिमा नै संचालन भएको भनी पेश्की फछ्र्यौट गरेको पाईयो । खर्च सोधभर्ना लिन सकिनेमा तालिम समाप्ती पश्चात पनि पेश्की लिनु मनासिव देखिएन ।

७. **कार्यसम्पन्न** : सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रम अर्न्तगत विद्यालयहरुलाई रकम निकासा दिइएकोमा लेखा परीक्षण अवधिसम्म पनि कार्य सम्पन्न भई कार्यालयको अभिलेखमा अद्यावधिक नभएकोले रु.४६०००००।- को कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने देखियो ।

८. **छात्रवृत्ती रकम बारे** : शिक्षा विभागको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।०७३ अनुसार कक्षा ८ देखि १० सम्मको विद्यार्थीहरुलाई नियमित हाजिरी एवं कक्षा उत्तिर्णको आधार समेत बनाई दोहोरो नपर्ने गरी प्रति विद्यार्थी बार्षिक रु.१७००।- का दरले छात्रवृत्ती रकम विद्यार्थीहरुको बैक खातामा निकासा दिने व्यवस्था छ । कार्यालयले यस वर्ष सो शीर्षकमा १३०२ विद्यार्थीहरुको लागी रु.२२,१३,४००।- रकम विद्यालयको खाताहरुमा निकासा दिएको पाईयो । तर निर्देशिकाको व्यवस्था अनुरुप विद्यार्थीको खातामा निकासा दिएको नपाईएकोले लक्षीत वर्गले सो छात्रवृत्ती रकम प्राप्त गरे नगरेको आस्वस्त हुने अवस्था देखिएन । सो तर्फ सुधार हुनुपर्ने देखिन्छ ।

९. **बढी भुक्तानी :** सामुदायीक विधालयहरुमा प्रतिविद्यार्थी ईकाई लागतका आधारमा सहयोग अनुदान निर्देशका अनुसार सम्वन्धीत तहको शिक्षकको शुरु तलब स्केललाई १३ महिनाले गुणा गरी आउने रकम दिनुपर्ने उल्लेख छ । कार्यालयले १३ विद्यालयमा प्रति विधार्थी लागत गणना गर्दा शुरु तलब स्केल रु.२४४००।- भएकोमा २५४००।- का दरले गणना गरी अनुदान उपलब्ध गराएको देखिएकोले वढि भूक्तानी भएको रकम रु ५०६३४/- असूल हुनुपर्दछ ।

१०. **भौतिक सुविधा विस्तार** : भौतिक सुविधा विस्तार कार्यक्रम अर्न्तगत वार्षिक कार्यक्रम २०७२।०७३ अनुसार २ कोठे भवन निर्माणका लागि विभिन्न ८७ विद्यालयहरुलाई रु.१३,५०,०००।- वार्षिक रु.११,०४,५०,००।- विनियोजन रकम भौतिक सुविधा वितरण समितिको निर्णय अनुसार विभिन्न विद्यालयहरुलाई वितरण गरेकोमा जनसिद्ध मा.वि. हर्पनलाई रु.५,०००००।- निकासा दिएको पाइयो । विद्यालयले प्रथम किस्ता निकासा पश्चात भवन कार्य गर्न नसक्ने भनी कार्य नगरेकोमा निकासा दिइएको रकम लेखा परीक्षण अवधिसम्म पनि असुल भएको नपाईएकोले असुल गरी आम्दानी बाध्नुपर्ने देखिएको छ ।

११. **विद्यालय भौतिक निर्माण सुधारः-** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७१।७२ बमोजिम भौतिक निर्माण कार्यको लागत अनुमान, ड्रइङ्ग, डिजाइन, दर विश्लेषण, नापी किताब, रनिङ विल तथा कार्यसम्पन्न प्रतिवेदन कार्यालयले लिनुपर्ने उल्लेख छ । यस वर्षको वार्षिक कार्यक्रम अनुसार देहायका विद्यालयलाई ४ कोठे भवन निर्माण, २ कोठे भवन निर्माण, शौचालय निर्माण, बाहिरी वातावरण सुधार, पुनस्थापन कार्यक्रम तथा विद्यालय भवन मर्मत आदि कार्य गर्न विभिन्न विद्यालयलाई रु.२३६४६५५३८/- निकासा दिई खर्च लेखेकोमा रू.१९ करोड ६२ लाख १५ हजारको कार्यसम्पन्न गरेको नपाईएकोले कार्यसम्पन्न प्रतिवेदन र सोलाई पुष्ट्याँई गर्ने कागजात समेत पेश गर्नुपर्ने देखियो ।

१२. **भवन निर्माण :** वार्षिक कार्यक्रम अनुसार कार्यालयले भवन निर्माणको लागी यस वर्ष मा रु.१,००,००,०००।- रकम विनियोजन भएको पाइयो । कार्यालयले भवन निर्माणको लागि मिति

२०७३।०२।११ मा बोलपत्र आव्हान गर्दा परेका बोलपत्रहरु मध्ये घाट कबोलदाता एक जे.भि. संग पन्ध्र महिनाको सम्पन्न अवधी राखी २०७३।०३।३१ मा सम्झौता गरेकोमा सार्वजनिक खरीद नियमावली २०६४ को नियम १११(१) ख बमोजिम सम्झौता कार्यान्वयन सम्बन्धी कार्ययोजना र कार्यतालिका पेश भएन । साथै निर्माण व्यवसायीलाई मोविलाइजेशन पेश्की स्वरुप रु.३५,००,०००।- दिएको रकम नियमअनुसार फछ्र्योट हुनुपर्दछ ।

१३. **जिल्ला शिक्षा समिति** : समितिको यस वर्षको कुल आम्दानी रु १८१६२४१/६६ र खर्च रु १४४१९६४/०० भई बाँकी रु ६७२८५०/६४ रहेको पाईयो । प्रस्तुत आय व्यय विवरण जिल्ला शिक्षा समितिको वोर्ड वैठकवाट अनुमोदन गर्नुपर्नेमा सो अनुसार भएको नपाइएकोले अनुमोदन गर्नुपर्ने देखियो ।

## राष्ट्रिय परीक्षा वोर्ड शाखा कार्यालय, पोखरा

१. **खर्च समर्थन** : कार्यालयले केन्द्रको निर्देशन अनुसार गरेको खर्च केन्द्रवाट समर्थन भएको हुनुपर्छ । शिक्षक तथा विधार्थीको अभिमूखी कार्यक्रममा गरेको खर्च रु.२५८६१४/- समेत रु.४,८१,२८१।– खर्च गरेकोमा केन्द्रीय कार्यालयको समर्थन प्राप्त नभएकोले केन्द्रको समर्थन प्राप्त गरि नियमित गर्नुपर्दछ ।

## शैक्षिक तालिम केन्द्र

१. **टुक्रा गरी खरीद** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा खरिदमा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था विपरीत रंगरोगन र छाना मर्मत कार्यको लागत अनुमान ७ लाख भएको कार्यलाई टुक्राटुक्रा पारी दुई निर्माण व्यवसायीलाई रु ६७६४१७।११ को कार्य सोझै गरेको नियमसम्मत देखिएन ।

२. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ५० अनुसार जिन्सी निरिक्षण प्रतिबेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम गर्नुपर्ने माल सामान ६ महिना भित्र र मर्मत गर्नुपर्ने माल सामान ३ महिना भित्र लिलाम तथा मर्मत गर्नुपर्ने व्यबस्था छ तालिम केन्द्रको जिन्सी निरिक्षण प्रतिबेदन अनुसार हेम्भर ५ थान, कराही ७ थान, पंखा ३ थान, पानी तान्ने मोटर १ थान मर्मत गर्नुपर्ने र डेक्ची १ थान, क्यामरा १ थान, फोटोकपी मेशिन १ थान प्रयोगमा नरहेको उल्लेख गरेकोमा मर्मत तथा लिलाम गरेको छैन । अत नियमानुसार मर्मत तथा लिलाम गरि जिन्सी व्यबस्थापन गर्नुपर्द छ ।

## वन विज्ञान अध्ययन संस्थान, डीनको कार्यालय, पोखरा

१. **पूंजीगत सम्पत्ति** : त्रि. वि. आर्थिक व्यवस्थापन तथा सञ्चयकोष सम्वन्धी नियम, २०५० को नियम ३८ मा विश्वविद्यालयको प्रत्येक संगठन वा निकायको आर्थिक व्यवहार र कारोवारको स्थिति वास्तविक तथा स्पष्ट रुपमा देखिने गरी लेखा अद्यावधिकरुपमा रीत पुऱ्याई राख्ने र राख्न लगाउनु सम्वन्धित संगठन वा निकाय प्रमुखको कर्तव्य र जिम्मेवारी हुने कुरा उल्लेख छ। अनुसूची १ अनुसार २०७३ आषाढ मसान्तसम्मको बिभिन्न प्रोजेक्टहरुको समेत पूंजीगत सम्पत्ति रु. २९०८९२६५।- रहेको देखिन्छ। उल्लेखित पूंजीगत सम्पत्तिको विस्तृत विवरण खुल्ने गरी सम्पत्ति खाता नराखेको र ह्रास कट्टी गर्ने नगरेको साथै उक्त सम्पत्ति के कस्तो अवस्थामा छ निकाय प्रमुखबाट प्रत्येक वर्ष समिति गठन गरी भौतिक परीक्षण गर्नुपर्नेमा नगरेको देखियो । विश्वविद्यालयको सम्पतिमा ह्रासकट्टी गर्ने व्यवस्था नरहेको कारण ह्रासकट्टी गर्ने नगरेको कार्यालयले जवाफ दिएको छ । सम्पत्ति खाता नराखेको र ह्रास कट्टी नगरेको अवस्थामा क्याम्पसको के कति मूल्यको वास्तविक सम्पत्ति बाँकी छ यकिन गर्न सकिने अवस्था छैन । तसर्थ

क्याम्पसले विस्तृत विवरण खुल्ने सम्पत्ति खाता राख्ने व्यवस्था मिलाई वर्षगतरुपमा सम्पत्तिको ह्रास कट्टी गरी यथार्थ वासलात तयार गर्नु पर्दछ ।

२. **चल सम्पत्ति :** त्रि. वि. आर्थिक व्यवस्थापन तथा संचयकोष सम्वन्धी नियम २०५० को नियम ३४ मा विश्वविद्यालयका शिक्षक वा कर्मचारीले यस नियममा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट नगरेमा म्याद नाघेका मितिले वार्षिक १२ प्रतिशतका दरले व्याज समेत लगाई लिने र त्यस्तो शिक्षक कर्मचारी उपर सेवा शर्त सम्वन्धी नियम वमोजिम आवश्यक कारवाही गरिने व्यहोरा उल्लेख छ । लेखापरीक्षणमा प्राप्त वासलात वमोजिम वर्षान्तमा फछ्र्यौट गर्न बांकी देखाएको विभिन्न प्रोजेक्ट समेतको पेश्की रु.४२,१०,५०७।– रहेको छ । कार्यालयले व्यक्तिगत पेश्की विवरण अद्यावधिक नगरेको र पेश्की लिने तथा दिनेले समयमै फछ्र्यौट गराउन सक्रियता नदेखाएको कारण पुरानो पेश्की समेत बाँकी रहेको देखियो । अत: व्यक्तिगत पेश्की विवरण अद्यावधिक गरी नियमावलीमा भएको व्यवस्था अनुसार पेश्की फछ्र्यौटमा सक्रियताका साथ कारवाही गरिनु पर्दछ ।

३. **धरौटी तथा दायित्व :** त्रि.वि. आर्थिक व्यवस्थापन तथा संचयकोष सम्बन्धि नियम, २०५० अनुसार कार्यालयले धरौटीको कच्चाबारी विवरण तयार गर्नुपर्दछ । लेखा परीक्षणमा प्राप्त आर्थिक विवरण (वासलात) अनुसार डिन कार्यालय र अन्तर्गतका विभिन्न प्रोजेक्टहरुमा समेत गरी जम्मा रु.७६७५८८२।३१ धरौटी बाँकी रहेको देखिन्छ । यो रकमको विस्तृत विवरण खुल्ने गरी धरौटीको कच्चाबारी विवरण अद्यावधिक गरी राखेको देखिँदैन । धरौटीको विवरणबाट प्रयोजन समाप्त भएको धरौटीको छानबिन गरी त्यसलाई आम्दानी जनाउनुपर्नेमा सो अनुसार गरेको नदेखिँदा विभिन्न विषयका रकमहरु धरौटीमा रहेका कारण धरौटीको हिसाब झन् झन् जटिल बन्दै जाने भएकोले कार्यालयले धरौटीको विस्तृत विवरण खुल्ने कच्चाबारी तयार गरी पुराना धरौटी तथा दायित्व फरफारक गर्न ध्यान पुऱ्याउनु पर्दछ ।

४. **विश्वविद्यालय कोष :** त्रिभुवन विश्वविद्यालयको नियमित शीर्षक देखि वाहेक अन्य कुनै किसिमवाट क्याम्पसले आम्दानी गरेमा त्रि.वि. आर्थिक व्यवस्थापन तथा संचयकोष सम्वन्धी नियम, २०५० को नियम ६ (२) वमोजिम उक्त रकमवाट ९० प्रतिशतसम्म खर्च गरी वांकी रकम र नियम ६ अनुसार अनुसन्धान वा परामर्श वा तालिम वा अन्य सेवासम्बन्धी परियोजनाको सन्दर्भमा ओभरहेड शीर्षकबाट प्राप्त रकमको ३० प्रतिशत रकम विश्वविद्यालय कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले त्रिभुवन विश्वविद्यालयलाई कुनै आर्थिक भार नपर्ने गरी विभिन्न शैक्षिक कार्यक्रम गर्न गत विगत वर्षदेखि आन्तरिक श्रोत संकलन गरी अन्य आम्दानी गर्दै आएको छ । यस वर्ष पि. एच.डी. कार्यक्रमबाट प्राप्त रु.९,३७,९८०।०० को १० प्रतिशतले हुने रु.९३७९८।०० विश्वविद्यालय कोषमा दाखिला गरेको छैन । नियमावलीले गरेको व्यवस्थाको पालनामा क्याम्पसले ध्यान नपुऱ्याएका कारण रकम कोषमा दाखिला नभएको देखिन्छ । यसले गर्दा विश्वविद्यालय कोषको आम्दानी न्यून हुन गएको छ । त्यसकारण नियमावलीमा भएको व्यवस्था अनुसार क्याम्पसले गरेको अन्य आम्दानीबाट १० प्रतिशतले हुने रु.९३७९८।०० अविलम्व विश्वविद्यालय कोषमा दाखिला गर्नुपर्दछ ।

५. **कोष दाखिला :** त्रिभुवन विश्वविद्यालयको मिति २०७१।३।३१ को परिपत्र अनुसार अध्यनरत विद्यार्थिहरुको परिक्षा फारम बापत रु.५०।०० र प्रवेश फारम शुल्क वापत रु.५०।०० का दरले हुने रकम त्रि.वि. उपदान तथा निवृत्तिभरण कोषमा पठाउनुपर्ने उल्लेख छ । यस कार्यालयले वि. एस्सी.तथा एम. एस्सी. कार्यक्रम तर्फ प्रवेश फारम विक्रिमा १३३७ जना विद्यार्थीहरुको रु. ६६८५०।०० र परिक्षा फारम शुल्क वापत ४८३ जनाको रु.२४१५०।०० समेत रु.९१०००।०० उक्त कोषमा दाखिला गरेको छैन । नियमको व्यवस्थाको पालना हुनुपर्दछ ।

६. **दायित्व सृजना बेगर खर्च :** कार्यालयले पुर्नयोगको रकम भुक्तानी गरेका तथा ५ जना कर्मचारीको नाममा गत बर्षको दायित्व सृजना बेगर रु ४६,७४९।७५ खर्च गरेको नियमित देखिएन ।

७. **प्रतिवेदन कार्यान्वयन** : त्रिभूवन विश्वविद्यालय आर्थिक ब्यबस्थापन तथा संचयकोष सम्बन्धी नियम २०५० को नियम ४३ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको वेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै फछ्र्यौट गराउनु पर्ने व्यवस्था रहेकोमा आन्तरिक लेखा परीक्षकले औंल्याएको वेरुजु फछ्र्यौट भएको छैन । आन्तरिक लेखापरीक्षणको बेरुजु दफा ३ ले औंल्याएको विभिन्न १३ जना कर्मचारीलाई बढि भूक्तानी भएको रु ११५२५।९५असुल गरी दाखिला गर्नुपर्ने देखिन्छ ।

## पृथ्वी नारायण बहुमुखी क्यापस, पोखरा

१. **बिश्वविद्यालय कोष :** त्रिभुवन विश्वविद्यालय आर्थिक ब्यबस्थापन तथा संचयकोष सम्बन्धी नियम २०५० को नियम ७(२) मा विश्वविद्यालयको नियमित शुल्क बाहेक अन्य कुनै किसिमबाट क्याम्पसले आम्दानी गरेकोमा आम्दानीको ९० प्रतिशत खर्च गरी १० प्रतिशत विश्वविद्यालय कोषमा दाखिल गर्नुपर्ने ब्यबस्था रहेकोमा यो बर्ष क्याम्पसले रु१,५२,४४,८१०। आम्दानी गरेकोमा सो को १० प्रतिशतले हुने रु.१५,२४,४८१।- दाखिला गर्नुपर्दछ ।

२. **जगेडा कोष :** त्रिभुवन विश्वविद्यालय सभाको मिति ०७१।५।२२ को निणर्य नं ५ मा त्रिभुवन विश्वविद्यालयका निकायहरुमा त्रि.वि.वि केन्द्रीय कोषमा ब्ययभार नपर्ने गरी आन्तरिक स्रोतबाट थप कार्यक्रम संचालन स्वीकृती पाएका निकायहरुले आम्दानी गरेको रकमको १० प्रतिशत रकम सम्बन्धीत निकायमा जगेडा कोष स्थापना गर्ने ब्यबस्था रहेकोमा कार्यालयले जगेडा कोष स्थापना गरेको छैन । यो बर्ष आन्तरिक स्रोतबाट रु १,७८,३४,८१०। आम्दानी गरेकोमा सो को १० प्रतिशतले हुने रु १७,८३,४८१। जगेडा कोष स्थापना गरी राखेको छैन । निर्णयको कार्यान्वयन गर्नुपर्दछ ।

३. **जिन्सी निरिक्षण** : त्रिभुवन विश्वविद्यालय आर्थिक ब्यबस्थापन तथा संचयकोष सम्बन्धी नियम २०५० को नियम ८१ र ८२ मा जिन्सी निरीक्षण गराउनुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी निरीक्षण गराएको वापत जिन्सी निरीक्षण समितिका पदाधिकारीहरुलाई रु ५७,७००। भुक्तानी गरेको देखियो । समितिले जिन्सी निरीक्षण प्रतिवेदन पेश गरेको छैन । रितपुर्वकको प्रतिबेदन प्राप्त नगरी रकम भुक्तानी दिनु नियम संगत नदेखिएकोले रु.५७७००। असूल गर्नुपर्दछ ।

४. **भाडा कर:** आयकर ऐन २०५८ को दफा ८८ अनुसार भाडामा लाग्ने कर अग्रिम रुपमा कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले रु.५,८८,५२५।- भाडा असुल गरेकोमा सो को १०% ले हुने बहाल कर रु.५८,८५२।५० दाखिला नगरेकोले उक्त रकम आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्दछ ।

## पोखरा विश्वविद्यालय, केन्द्रिय कार्यालय

१. **पुँजीगत सम्पती** : पूँजीगत सम्पती यस आ.व. को अन्त्यसम्म रु.४८६२७७७८६।९७ पुगेको छ । वासलातमा देखाएको पुँजीगत सम्पतिको बिस्तृत विवरण खुल्ने गरी सम्पति खातामा राख्नु पर्दछ । यो बर्ष पुजीगत सम्पतिको तोकिएको दरमा ह्रास कट्टी खर्च लेखेको छैन । ह्रास कट्टी खर्च लेखी सम्पतिको यर्थाथ स्थिति देखाउनु पर्दछ ।

२. **जिन्सी निरिक्षण** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम २९ र ३० अनुसार विश्वविद्यालले जिन्सी निरिक्षण गरी प्रतिवेदन गरेको छैन । अतः जिन्सी निरिक्षण गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

३. **पेश्की बाँकी** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम ३९ अनुसार फछ्र्यौट हुन बाँकी पेश्की रु ६३,८१,३०६।५८ नियमावलीले तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट हुनुपर्दछ।

४. **चालु दायित्व तथा ब्यवस्था** : कार्यालयले पेश गरेको वासलातको विवरण अनुसार रु.१५१४०८७०४।३४ धरौटी रहेको तथा दायित्वमा रहेको पाइयो । पुरानो र फिर्ता गर्न नपर्ने म्याद सकिएको रकम आम्दानी जनाई धरौटी हिसाब अध्यावधीक गर्नुपर्दछ ।

५. **दरवन्दी तथा पदपूर्ती** : कार्यालयले पेश गरेको दरवन्दी तथा पदपुर्ती विवरण अनुसार विश्वविद्यालयमा स्वीकृत दरवन्दी ५५ रहेकोमा पदपुर्ति ३३ जना भई २२ जना रिक्त रहेको छ । रिक्त दरबन्दीको कारण सेवा प्रवाहमा असर पर्न सक्ने भएकोले सम्बन्धीत निकायवाट रिक्त दरबन्दी पदपुर्ति गनुपर्ने देखिन्छ ।

६. **तलवी प्रतिवेदन** : विश्वविद्यालयले कानुनमा व्यवस्था गरी ग्रेड सहितको तलबी प्रतिवेदन पारीत गर्ने व्यवस्था गर्नुपर्दछ । तलबी प्रतिवेदन पारीत नगरी रु.१,६६,३३,६४६।- खर्च लेखेको छ ।

७. **पाउनुपर्ने हिसाव** : कार्यालयले वासलात र अनुसुची १३ मा पाउनु पर्ने हिसाब भनि रु.७,३२,३५,९५५।०० देखाएको छ । उक्त रकम कुन कुन व्यक्ति वा संस्थासंग लिनु पर्ने हो सो को बिस्तृत विवरण उल्लेख गरेको छैन । अतः पाउनुपर्ने हिसाबको विस्तृत विवरण देखाउनु पर्दछ ।

८. **बिल भर्पाइ** : पोखरा विश्वविद्यालयको आर्थिक नियमावली २०५५ को ११(क)२ मा खर्च गर्दा बिल भर्पाइ सहितको लेखा राख्नु पर्दछ भन्ने व्यवस्था रहेकोमा विश्वविद्यालयले २०७३।३।३० मा गरेको वैठक भत्ता भुक्तानी रु.४२,२००।०० मध्ये १९०४०।०० र २०७३।३।३१ मा गरेको वैठक भत्ता भुक्तानी रु.९,०००।०० मध्ये रु.३०६०।०० वुझ्ेको भर्पाइ पेश नभएकोले रु.२२१००।०० को भर्पाई पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखीला गर्नुपर्दछ ।

९. **प्रोभिजन रकम** : पोखरा विश्वविद्यालयका कर्मचारीहरुको उपदान तथा पेन्सनको लागी व्यबस्था गरीएको कोष रकम नागरीक लगानीकोषको हि.नं सि.पी.यस ५३ मा २०७३ आषाढ मसान्तसम्म मौज्दात रहेको रु ३,८५,४०,६३४।१४ लाई वासलातको दायित्वतर्फ मौज्दात देखाउनु पर्नेमा उक्त रकम वासलातमा देखाएको छैन । उक्त रकमलाई दायित्व देखाइ हिसाव अध्याबधिक राख्नु पर्ने देखिएकोछ ।

१०. **नपाउने रकम भुक्तानी:** पोखरा विश्वविद्यालय शिक्षक तथा कर्मचारी सम्वन्धी नियमावली २०५५ को नियम ११(२) अनुसार कायम मुकायम भई काम गरेका अवस्थामा शुरु स्केलको दरले तलव पाउने व्यवस्था रहेको छ । तर कार्यालयले दुई कर्मचारीहरुलाई ग्रेड समेत रु.२४,१४०.०० वढि भुक्तानी गरेको देखिएकोले नपाउने रकम सम्वन्धितवाट असुल गरि दाखिला गर्नुपर्दछ ।

## पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय

१. **पुंजीगत सम्पती** : गत वर्षसम्म पुंजीगत सम्पती रु.१,४३,४६,९१८।८८ रहेकोमा यस आ.व. को अन्त्यसम्म रु.१,६४,९८,४८८।८८ पुगेको देखियो । वासलातमा देखाएको पुंजीगत सम्पतिको बिस्तृत विवरण खुल्ने गरी सम्पति खातामा राख्नु पर्दछ । यो बर्ष पुंजीगत सम्पतिको तोकिएको दरमा ह्रास कट्टी खर्च लेखेको छैन । ह्रास कट्टी खर्च लेखी सम्पतिको यर्थाथ स्थिति देखाउनु पर्दछ ।

२. **पेश्की बाँकी** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम ३९ अनुसार फछ्र्यौट हुन बाँकी पेश्की रु.५,१८,००४।२१ म्याद भित्र फछ्र्यौट हुनुपर्दछ ।

३. **आन्तरिक लेखापरीक्षणको प्रतिवेदन कार्यान्वयन** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम ३७(क) अनुसार आन्तरिक लेखापरीक्षणबाट औल्याएको वेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै फछ्र्यौट गराउनु पर्ने व्यवस्था रहेकोमा आन्तरिक लेखापरीक्षकले औल्याएको वेरुजु फछ्र्यौट भएको छैन ।

४. **चालु दायित्व तथा ब्यबस्थाः** कार्यालयले पेश गरेको वासलातको विवरण अनुसार रु.७,८५,६९,७०१।६६ धरौटी रहेको तथा दायित्वमा रहेको पाइयो । पुरानो र फिर्ता गर्नु नपर्ने म्याद सकिएको रकम आम्दानी जनाई धरौटी हिसाब अध्यावधीक गर्नुपर्दछ ।

५. **दरवन्दी तथा पदपूर्ती** : कार्यालयमा स्वीकृत दरवन्दी अनुसार पदपुर्ती भएको हुनुपर्छ । स्वीकृत दरवन्दी ५५ रहेकोमा पदपुर्ति ३३ जना रहेको विवरण पेश भएकोले रिक्त दरबन्दीको कारण सेवा प्रवाहमा असर पर्न सक्ने भएकोले सम्बन्धीत निकायवाट रिक्त दरबन्दी पदपुर्ति गनुपर्ने देखिन्छ ।

६. **जिन्सी निरिक्षण** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम २९ अनुसार जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित जिन्सी मालसमानको लिलाम तथा मर्मत गराएको छैन । अतः नीरिक्षण प्रतिवेदनमा उल्लेख भएका मालसमान समेत मर्मत तथा लिलाम गर्नुपर्दछ ।

## व्यवस्थापन संकाय, डीनको कार्यालय, पोखरा विश्वविद्यालय

१. **पुँजीगत सम्पती** : गत वर्षसम्म पुँजीगत सम्पती रु.१,०९,०२,९०२।४८ रहेकोमा यस वर्षको अन्त्यसम्म रु.१,४४,७०,७९७।४८ पुगेको देखियो  वासलातमा देखाएको पुँजीगत सम्पतिको बिस्तृत विवरण खुल्ने गरी सम्पति खातामा राख्नु पर्दछ । यो बर्ष पुजीगत सम्पतिको तोकिएको दरमा ह्रास कट्टी खर्च लेखेको छैन । ह्रास कट्टी खर्च लेखी सम्पतिको यर्थाथ स्थिति देखाउनु पर्दछ ।

२. **जिन्सी निरिक्षण** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम २९ र ३० अनुसार विश्वविद्याललले जिन्सी निरिक्षण गरी प्रतिवेदन गरेको छैन । अतः जिन्सी निरिक्षण गरी प्रतिवेदन तयार गरी मर्मत तथा लिलाम गरी जिन्सी श्रेस्ता अद्यावधिक गरी राख्नुपर्छ ।

३. **चालु दायित्व तथा ब्यबस्था** : कार्यालयले पेश गरेको वासलातको विवरण अनुसार रु.५८,६२,२११।६३ धरौटी तथा दायित्वमा रहेको पाइयो । पुरानो र फिर्ता गर्ननपर्ने म्याद सकिएको रकम आम्दानी जनाई धरौटी हिसाब अध्यावधीक गर्नुपर्दछ ।

४. **आन्तरिक लेखापरीक्षण** : पोखरा विश्वविद्यालय आर्थिक नियामावली २०५५को नियम ३७ (क) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । आन्तरिक लेखपरीक्षणको प्रतिवेदनले औल्याएका उपयुक्त सुझावहरुलाई कार्यान्वयन गर्नुपर्दछ ।

५. **मूल्यअभिवृद्धि करः** मूल्य अभिवृद्धिकर नियमावली २०५३ को नियम ६ (क) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्ति वा फर्मलाई मूल्य अभिवृद्धि कर भुक्तानी भएकोमा सोको जानकारी सम्बन्धीत आन्तरिक राजश्व कार्यालयलाई दिनुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कारोवार मध्ये रु.१५८०८ मू.अ.कर भूक्तानी गरेकोमा सोको जानकारी आन्तरिक राजस्व कार्यालयमा दिएको देखिएन ।

## पोखरा विश्वविद्यालय, केन्द्रिय कार्यालय

### आर्थिक वर्ष २०७०।७१

१. **पुँजीगत सम्पती** : गत वर्षसम्म पुँजीगत सम्पती रु.३,५३,३६९०६२।३४ रहेकोमा यस आ.व. को अन्त्यसम्म रु.४१२०८६८५४।७० पुगेको देखियो । वासलतमा देखाएको पुँजीगत सम्पतिको बिस्तृत विवरण खुल्ने गरी सम्पति खाता राख्नु पर्दछ ।

२. **जिन्सी निरिक्षण** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम २९ अनुसार विश्वविद्याललले जिन्सी निरिक्षण गरी प्रतिवेदन गरेको छैन । अतः जिन्सी निरिक्षण गराई सुझाव कार्यान्वयन गर्नुपर्दछ ।

३. **पेश्की बाँकी** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम ३९ अनुसार म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्दछ भन्ने व्यवस्था रहेको छ । कार्यालयको वासलातमा उल्लेखित फछ्र्यौट हुन बाँकी पेश्की रु ८३,७३,१०८।- नियमावलीले तोकिएको म्याद भित्र  फछ्र्यौट हुनुपर्दछ ।

४. **चालु दायित्व  तथा ब्यवस्था** : कार्यालयले पेश गरेको वासलातको विवरण अनुसार १३,४४,२१०७२ चालु दायित्व तथा ब्यबस्था भएकोमा अन्य दायित्व भनि रु ४७४७६५०।३१ खुलासा नगरी राखेको देखियो । दयित्वहरु स्पष्ट खुलासा गरी राख्नु पर्दछ ।

५. **आन्तरिक लेखापरीक्षण** : पोखरा विश्वविद्यालय आर्थिक नियामावली २०५५ को नियम ३७(क) अुनसार आन्तरिक लेखापरीक्षणबाट औल्याएको वेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै फछ्र्यौट गराउनु पर्ने व्यवस्था रहेकोमा आन्तरिक लेखा परीक्षकले औल्याएको वेरुजु फछ्र्यौट भएको छैन ।

६. **बिल भर्पाइ पेश नभएको :** विश्वविद्यालयको आर्थिक नियमावली २०५५ को ११(क)२ मा खर्च गर्दा बिल भर्पाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले रु.४९,९०,९१७०५ कारोबारहरुको बिल भर्पाइ कार्यालयबाट अख्तियार दुरुपयोग अनुसन्धानको कार्यालय पोखरामा अनुसन्धानका लागि लगिएको भनि लेखा परीक्षणको समयमा  पेश हुन आएन ।

## आर्थिक वर्ष २०७१।७२

१. **पुँजीगत सम्पती :** गतवर्षसम्म पुँजीगत सम्पती रु.४१,२०,८६,८५४।७० रहेकोमा यस आ.व. को अन्त्यसम्म रु.४३,९२,५८,८९३।६० पुगेको देखियो । वासलातमा देखाएको पुँजीगत सम्पतिको बिस्तृत  विवरण खुल्ने गरी सम्पति खातामा राख्नु पर्दछ । यो बर्ष पुंजीगत सम्पतिको तोकिएको दरमा ह्रास कट्टी खर्च लेखेको छैन । ह्रास कट्टी खर्च लेखी सम्पतिको यर्थाथ स्थिति देखाउनु पर्दछ ।

२. **जिन्सी निरिक्षण** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम २९ र ३० अनुसार विश्वविद्यालले जिन्सी निरिक्षण गरी प्रतिवेदन गरेको छैन । अत: जिन्सी निरिक्षण गराई सुझाव कार्यान्वयन गर्नुपर्दछ ।

३. **पेश्की वाँकी** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम ३९ अनुसार म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्दछ भन्ने व्यवस्था रहेको छ । कार्यालयको वासलतमा उल्लेखीत फछ्र्यौट हुन बाँकी पेश्की रु १,०४,२८,३१९।५५ देखाएको छ । नियमावलीले तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट हुनुपर्दछ ।

४. **आन्तरिक लेखापरीक्षण** : पोखरा विश्वविद्यालय आर्थिक नियामावली २०५५ को नियम ३७(क) अनुसार आन्तरिक लेखापरीक्षणबाट औल्याएको वेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै फछ्र्यौट गराउनु पर्ने व्यवस्था रहेकोमा आन्तरिक लेखा परीक्षकले औल्याएको वेरुजु फछ्र्यौट भएको छैन ।

५. **चालु दायित्व तथा ब्यबस्था** : कार्यालयले पेश गरेको वासलातको विवरण अनुसार रु.१४४६,९४,५०१।७६ चालु दायित्व तथा ब्यबस्थामा रहेको पाइयो । पुरानो र फिर्ता गर्न नपर्ने म्याद सकिएको रकम आम्दानी जनाई चालु दायित्व तथा ब्यबस्था हिसाब अध्याबधिक गर्नुपर्दछ ।

६. **आर्थिक साहयता :** विश्वविद्यालय सभाले पारीत गरेको बजेटमा आर्थिक सहायता तथा चन्दा पुरस्कारको शीर्षक राखेको छैन । कार्यालयले विविध खर्च शीर्षकबाट चन्दा पुरस्कार वापत रु.२,५०,०००।- खर्च लेखेको छ। खर्च शीर्षकमा विनियोजन नभएको अवस्थामा विविध शीर्षकबाट आर्थिक सहायता तथा चन्दा पुरस्कार खर्च लेख्नु नियम संगत देखिएन ।

७. **नपाउने रकम भुक्तानी:** पोखरा विश्वविद्यालय शिक्षक तथा कर्मचारी सम्वन्धी नियमावली २०५५ को नियम ११(२) अनुसार कायम मुकायम भई काम गरेका अवस्थामा शुरु स्केलको दरले तलव पाउने व्यवस्था रहेको छ। तर कार्यालयले दुई कर्मचारीहरुलाई रु.१२०७०.०० ग्रेड समेत भुक्तानी गरेको देखीएकोले नपाउने रकम सम्वन्धितवाट असुल गरि  दाखिला गर्नुपर्दछ ।

## मानविकी तथा सामाजिकशास्त्र संकाय, पोखरा विश्वविद्यालय

### आर्थिक वर्ष २०७०।२०७१

१. **पुँजीगत सम्पती:** ५१७६९४४।१६ रहेकोमा यस आ.व. को अन्त्यसम्म रु ६२२४५०२।१६ पुगेको देखियो । वासलतमा देखाएको पुँजीगत सम्पतिको बिस्तृत विवरण खुल्ने गरी सम्पति खातामा राख्नु पर्दछ । यो बर्ष पुंजीगत सम्पतिको तोकिएको दरमा ह्रास कट्टी खर्च लेखेको छैन । ह्रास कट्टी खर्च लेखी सम्पतिको यर्थाथ स्थिति देखाउनु पर्दछ ।

२. **पेश्की बाँकी** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम ३९ अनुसार वासलातमा उल्लेखित फछ्र्यौट हुन बाँकी पेश्की रु ८४०९३।८६ नियमावलीले तोकिएको म्याद भित्र फछ्र्यौट हुनुपर्दछ ।

३. **आन्तरिक लेखापरीक्षणको प्रतिवेदन कार्यान्वयन** : पोखरा विश्वविद्यालय आर्थिक नियामावली २०५५ अनुसार आन्तरिक लेखपरीक्षणको प्रतिवेदनले औल्याएका उपर्युक्त सुझावहरुलाई कार्यान्वयन गर्नुपर्दछ ।

४. **चालु दायित्व ब्यबस्था** : कार्यालयले पेश गरेको वासलातको विवरण अनुसार ३०८०११४४७ धरौटी रहेको तथा दायित्वमा रहेको पाइयो । पुरानो र फिर्ता गर्न नपर्ने म्याद सकिएको रकम आम्दानी जनाई धरौटी हिसाब अध्याबधीक गर्नुपर्दछ ।

५. **कोष दाखिला** : पोखरा विश्वविद्यालय क्याम्पस/स्कुल संचालन सम्बन्धी नियमावली २०६०को परिच्छेद ३ को ५ (६) अनुसार व्याजबाट प्राप्त आय रु.५०,८३०।८८ को १०% ले हुने रकम विश्वविद्यालय कोषमा दाखिला गर्नुपर्दछ ।

### आर्थिक वर्ष २०७१।७२

१. **पुँजीगत सम्पती** : रु.६२२४५०२।१६ रहेकोमा यस आ.व. को अन्तय सम्म रु ६६४८५५२।४५ पुगेको देखियो । वासलातमा देखाएको पुँजीगत सम्पतिको बिस्तृत विवरण खुल्ने गरी सम्पति खातामा राख्नु पर्दछ । यो बर्ष पुजीगत सम्पतिको तोकिएको दरमा ह्रास कट्टी खर्च लेखेको छैन । ह्रास कट्टी खर्च लेखी सम्पतिको यर्थाथ स्थिति देखाउनु पर्दछ ।

२. **पेश्की वाँकी** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम ३९ अनुसार वासलातमा उल्लेखीत फछ्र्यौट हुन बाँकी पेश्की रु १८५१६३।९४ नियमावलीले तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट हुनुपर्दछ ।

३. **आन्तरिक लेखापरीक्षणको प्रतिवेदन कार्यान्वयन** : पोखरा विश्वविद्यालय आर्थिक नियामावली २०५५को नियम ३७ (क) अनुसार आन्तरिक लेखपरीक्षणको प्रतिवेदनले औल्याएका उपर्युक्त सुझावहरुलाई कार्यान्वयन गर्नुपर्दछ ।

४. **चालु दायित्ब तथा ब्यबस्था** : कार्यालयले पेश गरेको वासलातको विवरण अनुसार ४५९००५२।९५ धरौटी रहेको तथा दायित्वमा रहेको पाइयो । पुरानो र फिर्ता गर्न नपर्ने म्याद सकिएको रकम आम्दानी जनाई धरौटी हिसब अध्यावधिक गर्नुपर्दछ ।

५. **साट्नबाकी चेकको बिबराण** : पोखरा विश्वविद्यालयले पेश गरेको साटन बाकी चेकको विवरण अनुसार रु.७१२५।०० रकमको चेक साट्न बाँकी देखिन्छ । उक्त साट्न बाँकी चेकलाई आम्दानी जनाई हिसाब मिलान गर्नुपर्दछ ।

६. **कोष दाखिला** : पोखरा विश्वविद्यालय क्याम्पस/स्कुल संचालन सम्बन्धी नियमावली २०६०को परिच्छेद ३ को ५ (६) अनुसार व्याजबाट प्राप्त आय रु.७०१९४।४५ को १०% ले हुने रकम रु.७०१९/४५ विश्वविद्यालय कोषमा दाखिला गर्नुपर्दछ ।

## व्यवस्थापन संकाय, डीनको कार्यालय, पोखरा विश्वविद्यालय

### आर्थिक वर्ष २०७०।७१

१. **पुँजीगत सम्पती :** गत वर्षसम्म पुँजीगत सम्पती :-रु ९९,२७,०६१।४८ रहेकोमा यस आ.व. को अन्त्यसम्म रु.१०८२७९१७।४८ पुगेको देखियो । वासलातमा देखाएको पुँजीगत सम्पतिको बिस्तृत विवरण खुल्ने गरी सम्पति खातामा राख्नु पर्दछ । यो बर्ष पुंजीगत सम्पतिको तोकिएको दरमा ह्रास कट्टी खर्च लेखेको छैन । ह्रास कट्टी खर्च लेखी सम्पतिको यर्थाथ स्थिति देखाउनु पर्दछ ।

२. **जिन्सी निरिक्षण** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम २९ र ३० अनुसार विश्वविद्यालले जिन्सी निरिक्षण गरी प्रतिवेदन गरेको छैन । अत: जिन्सी निरिक्षण गरी प्रतिवेदन तयार गरी मर्मत तथा लिलाम गरी जिन्सी श्रेस्ता अद्यावधिक गरी राख्नुपर्छ ।

३. **पेश्की बाँकी** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम ३९ अनुसार कार्यालयको फछ्र्यौट हुन बाँकी पेश्की रु १,७६,५२३।- नियमावलीले तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट हुनुपर्दछ ।

४. **धरौटी तथा दायित्व** : कार्यालयले पेश गरेको वासलातको विवरण अनुसार रु.४६९०७९८।९० धरौटी तथा दायित्वमा रहेको पाइयो । पुरानो र फिर्ता गर्न नपर्ने म्याद सकिएको रकम आम्दानी जनाई धरौटी हिसाब अध्यावधीक गर्नुपर्दछ ।

५. **आन्तरिक लेखापरीक्षण** : पोखरा विश्वविद्यालय आर्थिक नियामावली २०५५को नियम ३७ (क) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । आन्तरिक लेखपरीक्षणको प्रतिवेदनले औल्याएका उपयुक्त सुझावहरुलाई कार्यान्वयन गर्नुपर्दछ ।

### आर्थिक वर्ष २०७१।७२

१. **पुँजीगत सम्पत्तिः** गत वर्षसम्म पुँजीगत सम्पती रु १,०८,२७,९१६।४८ रहेकोमा यस आ.व. को अन्त्यसम्म रु.१,०९,०२,९०२।४८ पुगेको देखियो वासलातमा देखाएको पुँजीगत सम्पतिको बिस्तृत विवरण खुल्ने गरी सम्पति खातामा राख्नु पर्दछ । यो बर्ष पुंजीगत सम्पतिको तोकिएको दरमा ह्रास कट्टी खर्च लेखेको छैन । ह्रास कट्टी खर्च लेखी सम्पतिको यर्थाथ स्थिति देखाउनु पर्दछ ।

२. **जिन्सी निरिक्षण** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम २९ र ३० अनुसार विश्वविद्यालले जिन्सी निरिक्षण गरी प्रतिवेदन गरेको छैन । अत: जिन्सी निरिक्षण गरी प्रतिवेदन तयार गरी मर्मत तथा लिलाम गरी जिन्सी श्रेस्ता अद्यावधिक गरी राख्नुपर्छ ।

३. **पेश्की बाँकी** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम ३९ अनुसार कार्यालयको फछ्र्यौट हुन बाँकी पेश्की रु २३,०९,२२८।८७ नियमावलीले तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट हुनुपर्दछ ।

४. **चालु दायित्व तथा ब्यबस्था** : कार्यालयले पेश गरेको वासलातको विवरण अनुसार रु.६४,७१,०५९।४३ धरौटी तथा दायित्वमा रहेको पाइयो । पुरानो र फिर्ता गर्न नपर्ने म्याद सकिएको रकम आम्दानी जनाई धरौटी हिसाब अध्यावधिक गर्नुपर्दछ ।

५. **आन्तरिक लेखापरीक्षण** : पोखरा विश्वविद्यालय आर्थिक नियामावली २०५५को नियम ३७ (क) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । आन्तरिक लेखपरीक्षणको प्रतिवेदनले औल्याएका उपयुक्त सुझावहरुलाई कार्यान्वयन गर्नुपर्दछ ।

## पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय

### आर्थिक वर्ष २०७०।७१

१. **पुँजीगत सम्पती :** गतवर्षसम्म पुँजीगत सम्पती रु.१,००,१५,४८०।८८ रहेकोमा यस आ.व.को अन्त्यसम्म रु.१,३७,७७,४७९।८८ पुगेको देखियो । वासलातमा देखाएको पुँजीगत सम्पतिको बिस्तृत

विवरण खुल्ने गरी सम्पति खातामा राख्नु पर्दछ। यो बर्ष पुजीगत सम्पतिको तोकिएको दरमा ह्रास कट्टी खर्च लेखेको छैन । ह्रास कट्टी खर्च लेखी सम्पतिको यथार्थ स्थिति देखाउनु पर्दछ ।

२. **जिन्सी निरिक्षण** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम २९ अनुसार जिन्सी निरिक्षण गरी प्राप्त प्रतिवेदन अनुसार कार्यालयले जिन्सी मालसमानको लिलाम तथा मर्मत गराएको छैन । अतः पुराना मालसमान मर्मत तथा लिलाम गर्नुपर्दछ ।

३. **पेश्की बाँकी** : पोखरा विश्वविद्यालय आथिक नियमावली २०५५ को नियम ३९ अनुसार कार्यालयको फछ्र्यौट हुन बाँकी पेश्की रु १०,५४,५२६।६८ नियमावलीले तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट हुनुपर्दछ ।

४. **आन्तरिक लेखापरीक्षण** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम ३७(क) अनुसार आन्तरिक लेखापरीक्षकको प्रतिवेदनले औल्याएको उपर्युक्त सुझावहरुलाई समेत पालना गरी आर्थिक प्रशासन दुरुस्त राख्नु पर्दछ ।

५. **चालु दायित्व तथा ब्यबस्था** : कार्यालयले पेश गरेको वासलतको विवरण अनुसार २१,२४,९९१।०० धरौटी रहेको तथा दायित्वमा रहेको पाइयो । पुरानो र फिर्ता गर्न नपर्ने म्याद सकिएको रकम आम्दानी जनाई धरौटी हिसाब अध्यावधीक गर्नुपर्दछ ।

६. **स्रेस्ता पेश नभएको :** विश्वविद्यालयको आर्थिक नियमावली २०५५ को ११(क)२ मा खर्च गर्दा बिल भर्पाइ सहितको लेखा राख्नु पर्दछ भन्ने व्यवस्था रहेकोमा अख्तीयार दुरुपयोग अनुसन्धान आयोगमा गएको भनि कार्यालयले जानकारी गराएकोले लेखापरीक्षणमा रु १८,६३,९५२।– को स्रेस्ता पेश गरेको छैन ।

**आर्थिक वर्ष २०७१।७२**

१. **पुँजीगत सम्पती :** गतवर्षसम्म पुँजीगत सम्पती रु.१,३७,७७,४७९।८८ रहेकोमा यस आ.व. को अन्त्यसम्म रु.१,४३,४,६९१८।८८ पुगेको देखियो । वासलतमा देखाएको पुँजीगत सम्पतिको बिस्तृत विवरण खुल्ने गरी सम्पति खातामा राख्नु पर्दछ। यो बर्ष पुजीगत सम्पतिको तोकिएको दरमा ह्रास कट्टी खर्च लेखेको छैन । ह्रास कट्टी खर्च लेखी सम्पतिको यर्थाथ स्थिति देखाउनु पर्दछ। यो बर्ष पुंजीगत सम्पतिको तोकिएको दरमा ह्रास कट्टी खर्च लेखेको छैन । ह्रास कट्टी खर्च लेखी सम्पतिको यर्थाथ स्थिति देखाउनु पर्दछ ।

२. **जिन्सी निरिक्षण** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम २९ अनुसार जिन्सी निरिक्षण गरी प्राप्त प्रतिवेदन अनुसार कार्यालयले जिन्सी मालसमानको लिलाम तथा मर्मत गराएको छैन । अत : नीरीक्षण प्रतिवेदनले औल्याएका मालसमान समेत मर्मत तथा लिलाम गर्नुपर्दछ ।

३. **पेश्की बाँकी** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम ३९ अनुसार कार्यालयको फछ्र्यौट हुन बाँकी पेश्की रु ७४५४४०।११ नियमावलीले तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट हुनुपर्दछ ।

४. **आन्तरिक लेखापरीक्षण** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम ३७ (क) अनुसार आन्तरिक लेखापरीक्षणबाट औल्याएको वेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै फछ्र्यौट गराउनु पर्ने व्यवस्था रहेकोमा आन्तरिक लेखा परीक्षकले औल्याएको वेरुजु फछ्र्यौट भएको छैन ।

५. **चालु दायित्व तथा ब्यबस्था** : कार्यालयले पेश गरेको वासलातको विवरण अनुसार ४८,२९,०७४।९९ धरौटी रहेको तथा दायित्वमा रहेको पाइयो । पुरानो र फिर्ता गर्न नपर्ने म्याद सकिएको रकम आम्दानी जनाई धरौटी हिसाब अध्यावधिक गर्नुपर्दछ ।

## विज्ञान तथा प्रविधी संकाय, डीनको कार्यालय कास्की

### आर्थिक वर्ष २०७०।७१

१. **पुँजीगत सम्पत्ती :** गत वर्षसम्म पुँजीगत सम्पत्ती रु.८३४३५८४८८।६५ रहेकोमा यस आ.व. को अन्त्यसम्म रु १०६७८६५९१।३२ पुगेको देखियो । वासलातमा देखाएको पुँजीगत सम्पतिको बिस्तृत विवरण खुल्ने गरी सम्पति खातामा राख्नु पर्दछ । यो बर्ष पुजीगत सम्पतिको तोकिएको दरमा ह्रास कट्टी खर्च लेखेको छैन । ह्रास कट्टी खर्च लेखी सम्पतिको यर्थाथ स्थिति देखाउनु पर्दछ ।

२. **नगद तथा वैक मौज्दात** : कार्यालयले बैक हिसाब मिलान विवरण तयार गरेको छैन । श्रेस्ता अनुसारको मौज्दात रु २१०४५०२७।७६ र वैक अनुसारको मौज्दा रु २३९२९६८७।७३ देखिएकोले वैक रिकन्सायल विवरण तयार गरी बैंकमा बढी देखिएको रकम रु .२८८४६५९।९७ आम्दानी देखाइ हिसाव मिलान गर्नु पर्ने देखियो ।

३. **जिन्सी निरिक्षण** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम २९ अनुसार विश्वविद्यालले जिन्सी निरिक्षण गरी प्रतिवेदन गरेको छैन । अत: जिन्सी निरिक्षण गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

४. **पेश्की वाँकी** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम ३९ अनुसार फछ्र्यौट हुन बाँकी पेश्की रु १७३४७४२।३८ नियमावलीले तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट हुनुपर्दछ ।

५. **चालु दायित्व तथा ब्यबस्था** : कार्यालयले पेश गरेको वासलातको विवरण अनुसार १७९६७६४२।०३ धरौटी रहेको तथा दायित्वमा रहेको पाइयो । पुरानो र फिर्ता गर्न नपर्ने म्याद सकिएको रकम आम्दानी जनाई धरौटी हिसाब अध्यावधीक गर्नुपर्दछ ।

६. **आन्तरिक लेखापरीक्षण** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम ३७(क) अनुसार आन्तरिक लेखापरीक्षणबाट औल्याएको वेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै फछ्र्यौट गराउनु पर्ने व्यवस्था रहेकोमा आन्तरिक लेखा परीक्षकले औल्याएको वेरुजु फछ्र्यौट भएको छैन ।

७. **कोष दाखिला** : पोखरा विश्वविद्यालय क्याम्पस/स्कुल संचालन सम्बन्धी नियमावली २०६०को परिच्छेद ३ को ५ (६) अनुसार यो वर्ष व्याजबाट प्राप्त आय रु.१०३५५०८।२ को १०% ले हुने रकम विश्वविद्यालय कोषमा दाखिला गर्नुपर्दछ ।

### आर्थिक वर्ष २०७१।७२

१. **पुँजीगत सम्पती:** गत वर्षसम्म पुँजीगत सम्पती : रु १०२०६७१०८.६१ रहेकोमा यस आ.व. को अन्तय सम्म रु १०२६६२४०२.०३ पुगेको देखियो । वासलातमा देखाएको पुँजीगत सम्पतिको बिस्तृत विवरण खुल्ने री सम्पति खातामा राख्नु पर्दछ । यो बर्ष पुजीगत सम्पतिको तोकिएको दरमा ह्रास कट्टी खर्च लेखेको छैन । ह्रास कट्टी खर्च लेखी सम्पतिको यर्थाथ स्थिति देखाउनु पर्दछ ।

२. **नगद तथा वैक मौज्दात** :-कार्यालयले बैक हिसाब मिलान विवरण तयार गरेको छैन । श्रेस्ता अनुसारको मौज्दात रु १७८५४०१०।६९ र वैक अनुसारको मौज्दा रु १७८७९१३३।५५देखिएकोले वैक रिकन्सायल विवरण तयार गरी वैकमा बढी देखिएको रकम रु २५१२२.८६ आम्दानी देखाइ हिसाव मिलान गर्नु पर्दछ ।

३. **जिन्सी निरिक्षण** :- पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम २९ जिन्सी निरिक्षण गरी प्राप्त प्रतिवेदन अनुसार मर्मत गर्नु पर्ने मालसामान मर्मत र लिलाम गर्नुपर्ने मालसामान लिलाम गर्नुपर्ने व्यवस्था रहेकोमा विश्वविद्यालले जिन्सी निरिक्षण गरी प्रतिवेदन गरेको छैन ।

४. **पेश्की बाँकी** :- पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम ३९ अनुसार फछ्र्यौट हुन बाँकी पेश्की रु १७३४७४२।३८ नियमावलीले तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट हुनुपर्दछ ।

५. **चालु दायित्व तथा ब्यबस्था** : कार्यालयले पेश गरेको वासलातको विवरण अनुसार १७९६७६४२।०३ धरौटी रहेको तथा दायित्वमा रहेको पाइयो । पुरानो र फिर्ता गर्न नपर्ने म्याद सकिएको रकम आम्दानी जनाई धरौटी हिसब अध्यावधिक गर्नुपर्दछ ।

६. **आन्तरिक लेखापरीक्षण** : पोखरा विश्वविद्यालय आर्थिक नियमावली २०५५ को नियम ३७(क) अनुसार आन्तरिक लेखापरीक्षणबाट औल्याएको वेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै फछ्र्यौट गराउनु पर्ने व्यवस्था रहेकोमा आन्तरिक लेखा परीक्षकले औल्याएको वेरुजु फछ्र्यौट भएको छैन ।

७. **कोष दाखिला** : पोखरा विश्वविद्यालय क्याम्पस/स्कुल संचालन सम्बन्धी नियमावली २०६०को परिच्छेद ३ को ५ (६) अनुसार यो वर्ष व्याजबाट प्राप्त आय रु १५२०९६७।७० देखिएकोले सो को १०% ले हुने रकम रु.१५२०९६।७७ विश्वविद्यालय कोषमा दाखिला गर्नुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कुनैपनि कार्यालयले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ.आफ्नो कामको प्रकृतिअनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा वार्षिक खरीद योजना नबनाएको, स्पेशिफिकेशन अुनसार सामग्री समयमा नै प्राप्त नगरेको, मूल्य नखुलेका पुराना सामानको मुल्य कायम गराई नराखेको, जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएको र सो माथि कारबाही नगरेको, कार्यालय आयोजनाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, आवधि योजना बनाई लागु नगरेको जस्ता व्यहोरा देखिएका छन् । आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गराउने तर्फ कार्यालय समयमा उचित व्यवस्थापन गर्नु पर्दछ ।

२. **गाविसको आन्तरिक लेखापरीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८ (ज) मा जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाले गाउं विकास समितिको बेरुजु लगत समयसमयमा निरीक्षण गरी फछ्र्यौट भएको बेरुजुको सम्परीक्षण गरिदिने र असुलउपर गर्न बांकी बेरुजुका सम्वन्धमा असुलउपर गर्न लगाउने व्यबस्था छ । यस जिल्ला विकास समिति अर्न्तगतका २३ गाविस को आन्तरिक लेखापरीक्षणको वेरुजु लगत राखि आन्तरिक लेखापरीक्षकबाट सम्परीक्षण गर्ने गरेको देखिएन । ऐनको प्रावधान अनुरुप लगत राखि सम्परीक्षण नगराउनाले आर्थिक प्रशासनमा अपेक्षाकृत सुधार हुन नसक्ने हुंदा बेरुजुको लगत राखि समयमा फछ्र्यौट र सम्परीक्षण गराउने तर्फ कार्यालयबाट आवश्यक पहल हुनु पर्दछ ।

३. **उपभोक्ता समिति परिचालन** : जिल्ला विकास समितिद्धारा संचालित रु ६० लाख सम्मको काम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ (१) मा उपभोक्ता समितिद्धारा गराउन सक्ने प्रावधान छ । नियमावलीको नियम २०५ (३) मा कार्य गर्ने प्रयोजनका लागि गठित उपभोक्ता समिति स्थानीय निकायले विषयगत रुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष अधिकांस योजना उपभोक्ता समिति मार्फत गराएता पनि यसरी योजना कार्यान्वयन गर्ने उपभोक्ता समिति मध्ये उपभोक्ता समितिहरुको वर्गीकरण र सूचीकृत गरी लगत राखेको देखिएन । नियमावलीमा उल्लेख भए

अनुसार आगामी दिनमा उपभोक्ता समितिहरुको दर्ता तथा विषयगत रुपमा बर्गीकरण गरी व्यवस्थित गराउनु पर्दछ ।

४. **सार्वजनिक परीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६ बमोजिम उपभोक्ता समितिले गरेका कामको कार्य स्थलमा सार्वजनिक परीक्षण गरी सम्वन्धित स्थानीय निकायमा प्रतिवेदन प्रस्तुत गर्नु पर्ने व्यवस्था छ । उपभोक्ता समितिवाट संचालित योजनाको फरफारक गर्दा प्राविधिक नापजांच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिएन । उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनु पर्दछ ।

५. **पेश्की फछ्र्यौट हुन वांकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (३) मा तोकिएको म्याद भित्र पेश्की लिने कर्मचारी तथा विलभरपाई समेत पेश्की फछ्र्यौट गराउनु पर्ने व्यवस्था रहेको छ। कार्यालयले आर्थिक बर्षको अन्त्य सम्म १९ व्यक्ति एवं संस्थाको नाममा रहेको बांकी पेश्की रु.४५१०५२५०/- नियमानुसार फछ्र्यौट गर्नुपर्दछ । यसैगरी जिल्ला विकास कोषतर्फ ९ संस्थाको पेश्की बाकी देखिएको रु ८०१८८३/- फछ्र्यौट गर्नुपर्दछ ।

६. **संभाव्यता अध्ययन र गुणस्तर परीक्षण** : यो बर्ष ५ वटा क्रमागत र ५ वटा नयाँ निर्माण काय गरी १० वटा झोलुङ्गेपुल निर्माणका लागि रु.२२३९८०००।- बजेट व्यवस्था भएकोमा नया झोलुङ्गेपुल निर्माण गर्नु अघि सम्भाव्यता अध्ययन पुरा गरी निर्माण गर्नु पर्ने र निर्माण पश्चात गुणस्तर परिक्षण समेत गर्नुपर्ने ब्यबस्था रहेकोमा सम्भाब्यता अध्ययन र गुणस्तर परीक्षण गरेको छैन । अतः नियमको पालना गरी सम्भाव्यता अध्ययन र गुणस्तर परिक्षण गर्नु पर्दछ ।

७. **विज्ञापनमा छुट** : कार्यालयले सरकारी विज्ञापनको रकम भुक्तानी दिदा २५% छुट लिई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले दुई विज्ञापन एजेन्सीलाई रु.२,५७,०००। को विज्ञापनमा २५ प्रतिशत छुट रु.६४२५०।- लिनुपर्नेमा रु.१४५००।- मात्र छुट लिएकोले घटी छुट लिएको रु.४९७५०।- उक्त एजेन्सीसँग असुल गरी राजश्व दाखिला गर्नुपर्ने देखिएकोछ ।

८. **संङघीय व्यवस्था तथा संस्कृति** : जिल्लाको सङघीय व्यवस्था तथा संस्कृति उत्थानको लागि केन्द्रबाट ड्राफ्ट मार्फत प्राप्त रकम रु ३८४८१३।- यस बर्ष खर्च नभई वांकी रहेको देखियो । उक्त रकम जि.वि.स. कोषमा निश्कृय रहेकोले केन्द्रीय राजश्व शीर्षक १५११२ मा दाखिला गर्नुपर्दछ ।

९. **गरीवी निबारण तथा परीचालन :** गरीबी निबारण तथा सामाजिक परीचालन विशेष कोष संचालन निर्देशिका २०६६मा गरीबी निवारण गर्ने उद्देश्य रणनीती अनुरुप खर्च गर्नुपर्नेमा कार्यालयले बाल संरक्षण नीति, बालकोष स्थापना एवं संचालन कार्यबिधि तयार गरी स्थानिय मानब तथा प्रकृतिक स्रोत विकास केन्द्र बीच सम्झौता गरी रु २,९८,८८५। खर्च लेखेकोमा निर्देशिकाको उद्धेश्य अनुसार खर्च लेखेको देखिएन ।

१०. **दलित जनजाती ड्राफ्ट :** उपेक्षित उत्पीडीत दलित वर्ग उत्थान विकास केन्द्रीय समितिको आथिक सहयोग तथा जिल्ला बिकास समिति कास्की र दलित जिल्ला समन्वय समिति कास्कीको संयोजकत्वमा विभिन्न सिप बिकास तथा क्षमता अभिबृद्धि कार्यक्रम अर्न्तगत कम्प्युटर सिलाइ

कटाई  गरेको भनि एक पदाधिकारीको नामको पेश्की फछ्र्यौट एवं खर्च भुक्तानी रु ४,५६,५००। गरेकोमा सहभागीको हाजिर ०७२ चैत्रसम्म पेश गरेको छ । ०७२ श्रावणमा तालिममा सहभागी भए नभएको नखुलेकोले ०७२ चैत्रदेखि आषाढसम्म प्रशिक्षकको पारिश्रमीक र सुविधा वापत तीन प्रशिक्षकलाई भूक्तानी दिएको रु.४१९१०। का सम्वन्धमा प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्दछ ।

११. **शोधभर्ना :** भारतीय दुतावास शीर्षकमा  जिल्ला विकास कोष बाट रु ६७,१३,९२५। सापटी लगी खर्च गरेकोमा रु २१,७५०००। मात्र सोध भर्ना भएको  देखिएकोले बांकी रकम भारतीय दुतावासबाट सोधभर्ना माग गरी रु ४५,३८,९२५।०० जि.वि.स. कोष दाखिला हुनुपर्दछ । यसैगरी सडक बोर्डतर्फ आम्दानी रु ४०५१६२९।- भएकोमा खर्च रु ५७६०२५७।- गरेकोले बढी खर्च भएको रकम सडक वोर्डबाट सोधभर्ना माग गरी रु.१७०८६८२।- जि.वि.स. कोष दाखिला गर्नुपर्दछ ।

१२. **कल्याणकारी कोषमा रकम बढी दाखिला** : स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २५६ मा प्रत्येक बर्ष जिल्ला विकास समितिका कर्मचारीहरुको उपदानको लागि खाइपाई आएको कम्तीमा एक महिनाको तलव कल्याणकारी कोषमा दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ । २०७३ आषाढ महिनामा जिल्ला विकास समितिका ३५ जना कर्मचारीहरुको जम्मा तलव खर्च रु ७७१६६३।- हुने देखिएकोमा कार्यालयले कल्याणकारी कोषमा रु.२५०००००।- दाखिला गरेको देखियो ।

१३. **नाम नामेसी नखुलेको धरौटी** : कार्यालयले प्राप्त हुन आएको धरौटी रकम नामनामेशी सहितको अध्यावधिक अभिलेख राखेको हुनुपर्छ । कार्यालयले वैंकमा बढी देखिएको नाम नामेशी नखुलेको धरौटी रु.११८२४६३८।- आम्दानी देखिएकोमा उक्त रकम कुन व्यक्ति वा संस्थाको हो एकिन गरी नाम नामेशी सहितको अभिलेख अद्यावधिक गर्नुपर्ने अन्यथा राजस्व दाखिला हुनुपर्ने  देखिन्छ ।

१४. **वेरुजु फछ्र्यौट** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०२ मा आन्तरिक लेखापरीक्षणबाट औलयाएको वेरुजु फछ्र्यौट गरी अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै अद्यावधिक राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले आन्तरिक लेखापरिक्षकले औल्याएको वेरुजु फछ्र्यौट गराएको छैन । आन्तरिक लेखापरीक्षकले औल्याएको वेरुजु फछ्र्यौट गर्नुपर्दछ ।

१५. **चालु प्रकृतिका खर्च :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थामा कार्यविधि २०६९ को दफा १३ मा स्थानीय निकायको कोषको पूँजिगत रकमबाट संस्थागत वा कार्यक्रममा सहयोग एवं चालु प्रकृतिको कुनै पनि खर्चहरु गर्न नपाउने उल्लेख छ । तर जि.वि.स. पूँजिगत कोषबाट, विज्ञापन, चियापान, छपाई, कार्यालय सामान जस्ता चालु प्रकृतिका कार्यमा  रु.५,७३,९९३।– बजेट खर्च लेखेको छ । यसरी निर्देशिकाले खर्च गर्न निषेध गरेका क्षेत्रहरुमा समेत बजेट खर्च लेख्ने गरेकोले पूँजिगत खर्च नियन्त्रण रहेको पाइएन । प्रचलित ऐन, नियम निर्देशिकाले निर्दिष्ट गरेको क्षेत्रमा मात्र बजेट खर्च लेख्ने तर्फ जिल्ला विकास समितिको ध्यान जान जरुरी देखिन्छ ।

१६. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४ को नियम ४६ (३) मा अधिकार प्राप्त अधिकारीबाट स्विकृत गराई खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । यो वर्ष विभिन्न आयोजना मध्ये लेखापरीक्षण्को नमूना छनोटमा परेका २८ गा.वि.स. का पूंजिगत कार्यक्रम सञ्चालन गर्नको लागि सम्वन्धीत गा.वि.स.को खातामा रु.२४,९१,०००।– बजेट निकासा दिएकोमा गा.वि.स.ले कार्यक्रम सम्पन्न गरी विल भरपाई तथा प्रगति प्रतिवेदन जिल्ला विकास समितिमा पठाएका छैनन् । यसवाट शसर्त अनुदानबाट निश्चित कार्यक्रम सञ्चालन गर्न दिएको वजेट तोकिएको कार्यमा खर्च भए नभएको यकिन

गर्न सक्ने अवस्था रहेन । पूंजिगत कार्यक्रम वजेटको कार्य सम्पन्न प्रतिवेदन सहितको विल भरपाई पेश गर्न लगाउने तर्फ जिल्ला विकास समितिको ध्यान जानु पर्दछ ।

१७. **जि.वि.स.कोष** : जि.वि.स. वोर्डको निर्णय- स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ४६(१) मा जिल्ला परिषद्बाट स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रही अधिकार प्राप्त अधिकारीले निर्धारित कार्यमा रकम खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस बर्ष परिषद्बाट पारित नभई अवण्डामा रहेको रकमबाट विभिन्न मितिमा बोर्डको २३ योजनामा रु.२३३४५००।– रकम विनियोजन गरेको पाइयो । यसरी अवण्डामा राखी बजेट बाँडफाँड गर्ने व्यवस्थामा नियन्त्रण हुनुपर्दछ ।

१८. **दोहोरो खर्च** : उन्नत विउविजन वितरण सम्बन्धी कार्यक्रम मिति २०७३।३।५ देखि २०७३।३।७ सम्म लामाचौरमा संचालन भएको भनी रु ४००००।- एक कर्मचारीको नामको पेश्की फछ्यौट भएकोमा सोही मिति र स्थानमा सहभागि भएका सोही प्रशिक्षक एवं सहभागि देखाई सोही कर्मचारीको नाममा रहेको प्रस्ताव लेखन सम्बन्धि तालिम पेश्की रु.४००००।- फछ्यौंट गरेकोले एउटै सहभागि र प्रशिक्षक एवं एकै स्थान र समयमा दुई कार्यक्रम देखाई पेश्की फछ्यौंट गरेका रु.४०,०००।०० सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

१९. **चाडबाड खर्च** : करारमा नियुक्त कर्मचारीहरुलाई चाडबाड खर्च दिन मिल्ने देखिदैन । कार्यालयले रेन्जर सेक्युरीटी सर्भिस प्रा.ली संग २०७२मा गरेको सम्झौता अनुसार कार्यालयमा ४ जना सुरक्षा गार्डलाई प्रति महिना प्रति ब्यक्ति रु ६०००।- का दरले पारीश्रमिक भुक्तानी गर्ने उल्लेख भएकोमा सम्झौता विपरीत आश्विन महिनाको पारीश्रमिक एवं चाडबाड खर्च रु.६०,५६८। भुक्तानी गरेकाले सम्झौतामा नभएको चाडवाड खर्च रु २९,८८२। असुल गरी दाखिला गर्नुपर्दछ ।

## जिल्ला प्राविधिक कार्यालय

१. **आन्तरिक नियन्त्रण** : बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रण व्यबस्थाको कार्यान्वयन गर्नु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा भ्रमण प्रतिवेदन पेश नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम बिक्री नगरेका, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, चौमासिक रुपमा वार्षिक कार्यक्रम अनुसार खर्च नगरेको, भुक्तानीमा कट्टा गरेको अग्रीम कर समयमै सम्बन्धित खातामा दाखिला नगरेको, मुल्य अभिवृद्धी कर भुक्तानीका जानकारी नदिएको जस्ता कमीकमजोरी देखिएका छन् । अतः यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

२. **कर विजक** : मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ वमोजिम प्रत्येक दर्ता भएका व्यक्ति वा फर्मले कुनै काम वा सेवा आपूर्ति गर्दा सेवा प्रदायकलाई कर विजक दिनुपर्ने व्यवस्था छ र सो विजक तोकिएको ढाँचामा हुनुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२२ मा विल वा विजक स्पष्ट खुलाएको हुनुपर्ने व्यवस्था छ । कार्यालयले तीन निर्माण व्यवसायीहरुलाई मू.अ.कर भुक्तानी दिएकोमा चारवटा कर विजकहरुमा नम्बर हातले सच्याएको देखिएकोले सो रकमको मू.अ.कर वापतको रकम रु.१६१५८९/- सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला वा समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

३. **विज्ञापन** : पत्रिकाहरुमा सूचना प्रकाशन गर्दा संस्थागत छुट २५% प्राप्त हुनेमा तीन विज्ञान एजेन्सी मार्फत रु.५१३४००/- सुचना प्रकासित गर्दा २५ प्रतिशतले हुने छुट रु.१२८३५०/- लिनुपर्नेमा

रु. ६४६००/- मात्र छुट लिएकोले रु.६३७५०/- असूल गर्नु पर्ने भनि आन्तरिक लेखापरीक्षणले औल्याएकोमा अन्तीम लेखापरीक्षण अवधिसम्म पनि असूल भएको छैन ।

४. **परामर्शः** जिल्लास्थित सरकारी कार्यालयहरुको लागि आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने उद्धेश्यसाथ स्थापना भएको जिल्ला प्राविधिक कार्यालयले नियमित कर्मचारीवाट गराउन सकिने विभिन्न सडकको सर्भे कार्य बाह्य परामर्शदाता संस्थाबाट गराई यो वर्ष रु.३४,८१,५२८। भूक्तानी गरेको देखिन्छ । अतः कार्यालयवाट गर्न नसक्ने कार्यको लागि मात्र वाह्य परामर्श मार्फत कार्य गराउनु पर्ने तर्फ ध्यानदिनु पर्दछ ।

५. **फछर्यौट हुन बाँकी पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की फछर्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट उपलब्ध विवरणअनुसार ८ उपभोक्ता समिति एवं संस्थालाई दिएको पेश्की रु.४२५५०००/- आर्थिक बर्षको अन्त्य सम्म पनि फछर्यौट हुन बाँकी देखिएकोले सो रकम फछ्र्यौट गर्नुपर्दछ ।

## पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजना

१. **मोवाइल खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ मा करार सेवामा कार्यरत कर्मचारीहरुलाई करार सम्झौता अनुसार सेवा उपलब्ध गराउने व्यवस्था भएकोमा परियोजनाले सामसुङ जे-७ तिन थान रु.७२३६८/५९ मा खरिद गरी करार सेवामा कार्यरत कर्मचारहिरुलाई उपलब्ध गराएको र परियोजना संयोजकलाई १ थान सामसुङ ए-८ को रु ५०१२८/४१ खरिद गरेकोमा यसरी व्यक्तिगत प्रयोजनमा आउने मोवाइल सेट दिन मिल्ने आधार देखिएन । साथै परियोजना संयोजक कार्यालय सरुवा भएर जाँदा समेत कार्यालयमा उक्त मोवाइल फिर्ता दाखिला नगरेकोले फिर्ता दाखिला गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने देखिन्छ ।

२. **ल्यापटप खरिद** : परियोजनाले ५ थान ल्याप्टप खरीद गरी रु.४६२४९९।७५ भुक्तानी गरेकोमा स्पेशिफिकेशन खुलाई जिन्सी आम्दानी नगरेको, परियोजना संयोजकले रु.१६४४९९।७५ (मु.अ.कर समेत) को एम यस आई नोटबुक बुझी लिएकोमा कार्यालय सरुवा हुंदा समेत सो कम्प्युटर फिर्ता नगरेको, एक प्रा.लिलाइ माइक्रोसफ्ट अफिस २०१३ प्रो सफ्टवेयर रु.६३६०।०० खरीद गरी भुक्तानी खर्च लेखेको नियमसंगत देखिएन । सामान बरबुझारथ नगरे रकम असुल गर्नुपर्दछ ।

## गण्डकी अञ्चल आयुर्वेद औषधालय

१. **शीर्षक फरक परेकोः** नेपाल सरकार आर्थिक संकेत तथा वर्गिकरण २०६७ अनुसार जुन शीर्षकमा रकम खर्च भएको हो सोही शीर्षकबाट मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । औषधालयले नपुग महंगी भत्ता रकम बजेट खर्च शीर्षक २१११३ वाट खर्च लेख्नु पर्नेमा तलब शीर्षक २११११ बाट रु.२९७००/- शीर्षक फरक पारी खर्च लेखेकोले नियमित देखिएन ।

## जिल्ला जनस्वास्थ्य कार्यालय

१. **अनुगमन प्रतिवेदन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) अनुरुप सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्याशाला गोष्ठी आदि सञ्चालन गर्नु पर्दा सोको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने, स्वीकृत कार्यक्रम अनुरुप कार्य सम्पन्न भए नभएको र त्यसमा मालसामानको विवरण तथा बिल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयद्वारा विभिन्न तालिम सेमिनार र गोष्ठी सञ्चालन गर्दा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत एवं तालिम सम्पन्न भए पश्चात प्रतिवेदन तयार गरेको पाइएन । कार्यालयले नियमानुसार प्रतिवेदन तयार गर्ने तर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

२. **दरबन्दी र पदपूर्तिको स्थिति** : निजामती सेवा ऐन २०४९ को दफा ७ र १९ मा कार्यालयहरुको लागि स्विकृत दरबन्दि अनुसारको पदपुर्ती हुनुपर्ने ब्यबस्था छ । कार्यालयको कुल दरबन्दी ३४२ रहेकोमा विभिन्न पदहरुमा २३७ कर्मचारी कार्यरत रही १०५ दरबन्दी खाली रहेको पाइयो । ती कर्मचारीहरुको अभावमा स्वास्थ्य सेवा प्रवाहमा असर पर्ने हुँदा रिक्त पदपुर्ती गर्नुपर्दछ ।

३. **भवन निर्माण** : लेखनाथ न.पा. लाई सामुदायिक नगर स्वास्थ्य केन्द्रको भवन निर्माणको लागि रु.२५०००००।– निकासा दिएकोमा उक्त भवनको लागत अनुमान तथा नगरपालिकाले लगानी गर्ने रकम स्पष्ट उल्लेख नै नगरी रकम दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त भवन निर्माण कार्यको थालनी भएको देखिएन ।

४. **सिधै खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा २ मा खरिद गर्दा टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भनि उल्लेख भएकोमा, कार्यालयले यो वर्ष रु.२२७२८१२/- को औषधि तथा अन्य सामान लागत अनुमान तथा खरिद योजना अनुसार बोलपत्र तथा दरभाउपत्रको माध्यमबाट मात्र खरिद गर्नुपर्नेमा लागत अनुमानलाई टुक्रा टुक्रा गरी ८ पटक विभिन्न ८ व्यवसायीहरुवाट दरभाउपत्र नलिई खरिद गरेकोले कार्यालयले सार्वजनिक खरिद ऐन, नियमको पालना गरेको देखिएन ।

५. परिवार स्वास्थ महाशाखा कार्यक्रम सञ्चालन निर्देशिका २०७२/७३ को ५८ नं मा म.स्वा.सेवकहरु लाई दिर्घकालिन सेवाको लागी सम्मानजनक विदाईमा आमा समुहको सिफारिसमा ६० वर्ष उमेर पुगेका महिला स्वास्थ स्वयंसेविकालाई सम्मानजनक विदाई व्यवस्था गरेकोमा कार्यालयले ७ स्वयंसेविकालाई निर्देशिका अनुसार ६० वर्ष नपुग्दै सम्मान जनक विदाई गर्दै रु ७००००/- रकम भुक्तानी गरेकोमा निर्देशिका विपरित देखिएको छ ।

## पश्चिमाञ्चल क्षेत्रीय अस्पताल

१. **पारिश्रमिक कर** : आयकर ऐन २०५८ को दफा ८९ अनुसार पारिश्रमिक भुक्तानीमा पारीश्रमिक आयकर कट्टी गरेको छैन । अतः सम्वन्धितवाट रु १८३३०/- असुल गरी दाखिला गर्नुपर्दछ ।

२. **बढि भुक्तानी** : एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम अन्तर्गत २०७२ फाल्गुन महिनाको वालपोषण खाद्य आहार भुक्तानी सिट अनुसार रु ३५८८५।५२ भुक्तानी दिनुपर्नेमा रु.४९९८२।६० भुक्तानी गरेको देखियो । राशन विलले देखाए भन्दा बढि भुक्तानी भएको रु.१४०९६/०८ र एड्स तथा यौनरोग कार्यक्रममा विभिन्न विल रकम भुक्तानी गर्दा एक विक्रेतालाई बढि भुक्तानी गरेको रु.२४९००/- समेत असुल गरी दाखिला गर्नुपर्दछ ।

३. **एनेस्थेसिया भत्ता** : एनेस्थेसिया भत्ता भुक्तानी गर्दा एनेस्थेसियासंग प्रत्यक्ष सम्वन्धित स्वास्थ्य कर्मीलाई साविकमा खाई पाइ आएको रकम मात्र दिने, प्रतिशतमा नदिने भनी मिति ०५७।१२।३० को मन्त्रीस्तरीय निर्णयमा स्पष्ट उल्लेख भएकोमा अस्पतालले आ.व ०७२/७३ मा एनेस्थेसियामा संलग्न १५ जना स्वास्थ्यकर्मी कर्मचारीलाइ तलबको न्यूनतम २५ प्रतिशत देखि अधिकतम १०० प्रतिशत सम्म रु.१२७७४७१/- खर्च लेखी भुक्तानी समेत दिएको पाईयो । यसरी नियम बिपरित भत्ता खर्च लेखेको रु १००६१४६/३५ असुल गर्नुपर्दछ ।

४. **जमानत** : अस्पतालमा आवश्यक मेडीकल सर्जिकल सम्वन्धि मालसामान खरिद गर्ने मिति २०७२।३।९ गते राजधानी राष्ट्रिय दैनिक पत्रिकामा सुचना प्रकाशित भएनुसार श्री आर वाई टेर्डस काठमाण्डौले पेश गरेको वोलपत्रमा पेश भएको दररेटको आधारमा ९ वटा आइटमको रु.१५४२१००।- को वोलपत्र स्विकृत गर्ने आशयको सुचना प्रकाशित भएकोमा उक्त फर्मले सम्झौता नगरेको अवस्थामा धरौटी जफत गरी अन्य खरीद प्रकिया प्रारम्भ गर्नुपर्नेमा सो विपरीत उक्त फर्मको निवेदनको आधारमा वोलपत्रलाई पुनः मूल्याङकन गरी सो वोलपत्र अस्विकृत गरि

९ आईटमको पुन: वोलपत्र आव्हान गरी मालसामान खरिद गर्दा उक्त फर्मले वोलपत्रको शर्त पूरा नगर्दा वोलपत्र साथ राखेको जमानत रु.रु २०५०००।- जफत गरेको नदेखिएकोले असूल गर्नुपर्दछ ।

## पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय

१. **सट्टा विदा :** एक कर्मचारीलाई सार्वजनिक विदामा काम गरेको ४५ दिनको सट्टा विदाको रमक रु.१०६५३।- कर बाहेक भुक्तानी दिएकोमा निज काजमा खटिएको समयमा अन्य कर्मचारी खटिएको नदेखिएकोले सट्टा विदा बापत दिइएको रकम पुष्टी हुन सकेन । अत: सो को पुष्टयाई पेश गर्ने अन्यथा रु.१०६५३।- असुल गर्नुपर्दछ ।

२. **असम्बन्धित खर्च** : एक कर्मचारीले सिप विकास तालिम कार्यक्रम (२०७३।२।३०–३२ सम्म ) संचालन गरेको रु ५०००००।–पेश्की फछ्र्यौट गरेकोमा सो को फछ्र्यौट विल/भरपाईमा ७५ जनाको दैनिक भ्रमण भत्ता खर्च भूक्तानी लेखी दावी गरेको रु ४३०५००।– मध्ये सो कार्यक्रम संचालन हुनु भन्दा अगावै एवं असम्बन्धित स्थानमा गएको भनी एक कर्मचारीको नाममा खर्च दावी गरेको रु २०५००।– अनियमितता देखिएको छ ।

३. **अनुगमन खर्च** : हात्तीपाइले रोग निवारण कार्यक्रम अन्तर्गत सुपरिवेक्षण एवं अनुगमनको लागि बार्षिक रु १०००००।– वजेट विनियोजन भएकोमा विभिन्न पदाधिकारीहरु हात्तीपाइले रोगको अनुगमनमा रु २९२५७५/– खर्च गरेको पाइएकोले स्वीकृत कार्यकम भन्दा बढि खर्च लेखेको रु १९२५७५।– अनियमित देखिएको छ ।

४. **कार्यक्रम भन्दा बढी भुक्तानी** : नयाँ नियुक्ति भएका वाल स्वास्थ आन्तरिक कर्मचारीहरुलाई ३ दिने तालिम संचालन गर्न भनी मोहदत्त ढकालले लिएको पेश्की रु १५,००,०००।- गो भौ. नं ५४/०७३।३।८ वाट फछ्र्यौट गरेकोमा सो कार्यक्रम संचालनको लागि प्रत्येक जिल्लाहरुको लागि ३२ प्राशिकहरु रहने गरी कार्यक्रम स्विकृत गरेकोमा स्विकृत कार्यक्रम अनुसार अधिकत्तम प्रशिक्षकहरु देखाएको एवं प्रशिक्षकहरुको कार्य तालिका समेत पेश नगरी पेश्की फछ्र्यौट गरेको पाइएकोले सो वढी खर्च दावी गरेको रु ३४,०००।- अनियमित देखिएको छ ।

५. **निर्देशिका भन्दा बढी खर्च** : पाठेघर खस्ने समस्याको उपचार तथा शल्यक्रिया सम्बन्धी कार्यवित्रि निर्देशिका २०६५ को दफा ३(१) को अनुसुची १ मा हिमाली क्षेत्रमा शल्यक्रिया गर्दा प्रति युनिट (केश) कुल लागत रु १५०००।–, पहाडी जिल्लामा १३०००।– र तराइमा रु १२०००।– लाग्ने ब्यबस्था छ । त्यस्तै अनुसुची १ (४) मा सम्बन्धीत स्वास्थ्य संस्थामा शल्यक्रिया नगराई अन्य स्थानमा गर्दा प्रति युनिट थप क्रमश: रु ५०००।–, रु ३०००।– र रु १०००।– पाउने ब्यबस्था छ । कार्यालयले २०७२।११।९ देखि ११।१४ सम्म म्याग्दी जिल्ला अस्पतालमा निशुल्क शल्यक्रिया कार्यक्रम संचालन गरी रु ९९७३३६।– एक पदाधिकारीको नाममा पेश्कि फछ्र्यौट एवं. सोधभर्ना दिएको पाइयो । सो कार्यक्रममा कुल ५० केश मात्रै शल्यक्रिया भएकोमा निर्देशिका बमोजीम खर्च दावी गर्न पाउने रु ६५००००।– मा रु ९९७३३६।–दावी गरेकोले बढि दावी रकम रु ३४७३३६।– असूल गर्नुपर्ने देखिएको छ ।

६. **धरौटी फिर्ता** : सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२४(२)क अनुसार आन्तरिक राजस्व कार्यालयमा आय विवरण पेश गरेको प्रमाण समावेश गरेर मात्र धरौटी फिर्ता दिनुपर्नेमा निर्देशनालयले सो विपरित हिमसागर मेडिकल हललाई रुं २६३८६५।- धरौटी फिर्ता गर्दा कर समायोजन प्रमाण समावेश नगरेकोले अनियमित देखियो ।

## क्षेत्रीय क्षयरोग केन्द्र

१. **श्रेस्ता पेश नभएको** : कार्यालयले एल. क्यु. एस. तालिम कार्यक्रम अन्तगत यस वर्षको आय रु.४,१८,०००।- देखाई सोही अनुसार व्यय समेत देखाएको आय व्यय विवरण पेश गरेको छ । सो

आय व्यय विवरणको आन्तरिक लेखा परिक्षण प्रतिवेदन प्राप्त भएको भएतापनि लेखा परिक्षणको लागि सोको श्रेस्ता पेश भएन ।

२. **स्वीकृत कार्यक्रम बेगर खर्चः** कार्यालयको भवन मर्मत सम्भारको कुल लागत अनुमान रु ३४०६९७०/- (मु.अ.क समेत) भएकोमा उक्त कार्य सम्पादन गर्नको लागि यो वर्ष रु १५०००००/- विनियोजन भएको देखिन्छ । कार्यालयले भवन मर्मतको लागी यो आ.व. मा एक कन्सट्रक्सनसँग रु १०७४४९२/- (मु.अ.कर समेत) सम्झौता गरेकोमा उक्त कार्य सम्पन्न भएको छ । आर्थिक विवरण अनुसार अख्तियारी प्राप्त रकम रु १४८१३८७/- सबै खर्च गरेकोमा स्वीकृत कार्यक्रम विपरीत रु ४०६८९४/- भवन मर्मत कार्य बाहेक गेट निर्माणमा खर्च गरेको दखिएकोले अनियमित देखिन्छ ।

## पशिचमाञ्चल क्षेत्रीय स्वास्थ तालिम केन्द्र

१. **अख्तियारी तथा खर्च व्यवस्थापनः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २३ अनुसार स्वीकृत कार्यक्रम र बजेट खर्चगर्ने अख्तियारी आर्थिक बर्ष शुरु भएको १५ दिन भित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । स्वास्थ सेवा विभागले यस कार्यालयलाई नियमले गरेको व्यवस्था भन्दा फरक गरी विभिन्न शीर्षकहरुको शुरु अख्तियारी २०७२।०४।२९ देखि २०७३ असार महिनासम्म पठाएको देखियो । कार्यक्रम र अख्तियारी ढिलाई गर्नाले वर्षान्तमा कार्यकम गराउँदा कामको गुणस्तरमा प्रभाव पर्नसक्ने देखिन्छ । समयमा कार्यक्रम तथा अख्तियारी पठाउनेतर्फ सम्बद्ध निकायको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।

२. **दरबन्दी र पदपूर्ति बारे** : निजामति सेवा ऐन २०४९ को दफा ७ र १९ बमोजिम सरकारी कार्यालयहरुमा स्वीकृत दरबन्दी अनुसारको पदपुर्ती हुनुपर्ने ब्यवस्था छ । तालिम केन्द्रको दरवन्दी २१ रहेकोमा १२ को मात्रै पदपूर्ति भई ९ पद खाली रहेको पाइयो । यसरी तालिम संचालन गरी दक्ष जनशक्ती तयार गर्ने तालिम केन्द्रमा दरबन्दी अनुरुप पदपुर्ती नहुँदा तालिम कार्यकममा असर पर्ने देखिएकोले पदपुर्ती तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## पर्यटन कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले ऐन नियममा भएका व्यवस्थाहरुको पालना गरी कार्यप्रभावकारिता अभिवृद्धि गर्नुपर्नेमा बजेट न्यून उपयोग गर्न नसकेको प्रगति न्यून भएको, तेश्रो चौमासिक र आषाढमा बढी खर्च गरेको कर्मचारी को कार्यविवरण तयार नगरेको सभाव्यता अध्ययन वेगर आयोजना संचालन गरेको जिन्सी निरिक्षण प्रतिवेदनको कारवाही नगरेको अवस्था देखिएको छ । यसमा सुधार गरिनु पर्दछ ।

२. **उपभोक्ता समितिको अभिलेखः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माणस्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्ने र कार्य सम्पन्न पछि भुक्तानी भएको विवरण सहित अभिलेख राख्ने व्यवस्था रहेको छ । कार्यालयले विभिन्न उपभोक्ता समितिमार्फत सम्झौता गरी काम गराएकोमा प्रस्ताव माग नगरी स्वीकृत कार्यक्रम र सिफारिस सहितको माग निवेदनका आधारमा मात्र सम्झौता गरेको एंव तोकेअनुसार अभिलेख नदेखेकोले एउटै काम प्रत्येक वर्ष दोहोरिनेसमेत सम्भावना रहने हुन्छ । तसर्थ नियममा व्यवस्था भए अनुसार अभिलेख राख्ने व्यवस्था हुनुपर्ने देखिन्छ ।

३. **पूर्व निर्धारित क्षतिपूर्ति** : कार्यालय भवन कार्यको लागि रु.२ करोड ४० लाख १७ हजार (मूल्य अभिवृद्धि कर वाहेक) को लागत रहेकोमा २०७२ असार मसान्तसम्ममा कार्य सम्पन्न गरिसक्नुपर्ने

गरी २०७१।३।२५ मा एक निर्माण व्यवसायीसंग रु.१ करोड ९९ हजार ४२ हजार सम्झौता भएको देखिन्छ । महानिर्देशकको २०७२।१२।२२ को निर्णयले २०७३।३।२५ सम्म अन्तिम पटक भनी म्याद थप गरेको छ । तत्पश्चात म्याद थप भएको छैन र लेखापरीक्षण अवधि २०७३।११।११ सम्म कार्य सम्पन्न भएको छैन । अत: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम ठेक अंकको २०७३।३।२६ देखि २०७३।११।११ सम्म २२८ दिनको प्रति दिन ०.०५ प्रतिशतले रु.१२,७६,२६०। र तत्पश्चात कार्यसम्पन्न हुंदाको मितिसम्मको हिसाब गरी पूर्वनिर्धारित क्षतीपूर्ति बापतको रकम असुल गरी ठेक्का सम्पन्न गर्नुपर्दछ ।

४. **प्रमाण वेगर भुक्तानी :** प्रोभिजनल सममा उल्लेख गरेको आइटमको भुक्तानी दिदा बिलभपाई पेश गर्नुपर्नेमा वीमा र ल्यावटेष्टको रकम रु.९९ हजार भुक्तानी दिदा वीमा पोलीसी र रकम भुक्तानी गरेको वील वेगर भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

५. **मल्य अभिवृद्धि समायोजन :** मुल्य अभिवृद्धि कर नियमावली बमोजिम छापावाला (प्रिन्टेड) र सिलसिलेवार नम्वर भएको कर वीजक जारी गर्नुपर्नेमा वीलमा नै वीजक नं. प्रिन्ट नगरी छाप लगाएको, फरक फरक किसिमका कर वीजक जारी गरेकोले नियमानुसारको नदेखिएकोले सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा मूल्य अभिवृद्धि कर बापत भुक्तानी भएको रु.११ लाख ९६ हजार असुल हुनुपर्दछ ।

६. **फिर्ता :** पर्यटन वोर्डले आर्थिक वर्ष ०७१।७२ मा विभिन्न कार्यक्रम संचालनका लागि मिति २०७१।१२।९मा पठाएको अख्तियारीमा तोकिएका कार्यक्रम संचालन गर्ने र कार्यक्रम हुन नसकेको वा खर्च हुन नसकेको रकम आर्थिक वर्ष समाप्त भएको ७ दिन पछि वोर्डमा फिर्ता पठाउने भन्ने उल्लेख गरेमा उक्त आ.व.मा प्राप्त रकम मध्ये खर्च नभई मौज्दात रहेको रु १२ लाख १० लाख हाल सम्म पनि मौज्दातनै देखिएकोले अख्तियारीमा उल्लेख गरे अनुसार वोर्डमा फिर्ता पठाउनु पर्दछ ।

## सिंचाइ विकास डिभिजन

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले ऐन नियम परिपत्र र आख्तियारीमा उल्लेख भएका व्यवस्थाहरुको पालना गरी कार्यप्रभावकारिता अभिवृद्धि गर्नुपर्नेमा बजेटको पूर्णउपयोग गर्न नसकी पटक पटक बजेट संसोधन गर्नु परेको कार्य प्रगती न्यून भएको जिन्सी मालसामानको मर्मत तथा लिलाम विक्री नगरेको, सिंचाइ सेवा शुल्कको निर्धारण एंव असुली अभिलेख व्यवस्थित नगरेको, उपभोक्ता समितले गरेको कामको अभिलेख नराखेको अवस्था देखिएको छ ।

२. **चौमासिक र असार महिनाको खर्च :** आर्थिक कार्यविधि नियमावलि २०६४ को नियम २०(१) अनुसार स्वीकृत भएको वार्षिक कार्यक्रम अनुसार चौमासिक गतरुपले कार्यक्रम संचालन गरी बजेट खर्च गर्नुपर्नेमा तेश्रो चौमासिकमा ८५.८६ प्रतिशत र असार महिनामा मात्र ६२.२९ प्रतिशत खर्च भएको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा मात्र आयोजना संचालन गर्दा तोकिएको गुणस्तरमा कार्य गराउन सम्भव नहुने भएकोले कामको गुणस्तरमा असर पर्ने देखिन्छ । अत: नियममा व्यवस्था भए अनुसार चौमासिकगत रुपले आयोजना संचालन गरी गुणस्तरीय कार्य गरेर समयमै आयोजना सम्पन्न गर्ने व्यवस्था गर्नु पर्दछ ।

३. **बोलपत्रमा सहभागीता र लागत र कवोल अंक तुलना :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ६२ (२) (च) मा बोलपत्रदाता वा प्रस्तावदाताले मिलेमतो गर्न वा गुटवन्दीमा संलग्न हुन नहुने व्यवस्था छ । प्राप्त विवरण अनुसार बोलपत्र विक्रीको संख्याको आधारमा २५ प्रतिशत मात्र बोलपत्र दार्ता भई प्रतिस्पर्धामा सहभागी भएको र लागत अनुमानको हाराहारीमा ठेक्का कवोल तथा सम्झौता गरेको देखिंदा ऐनको उक्त व्यवस्थाको पालना भएको स्पष्ट देखिएन । प्रतिस्पर्धात्मक खरिद व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

४. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) संग सम्वन्धित अनुसूची-१ अनुसार लागत अनुमानको ५ पूतिशत कन्टेन्जेसी बापतको रकम समावेस गर्नुपर्ने र सो रकम वर्कचार्ट स्टाफ खर्च बापत २.५ प्रतिशत र सानातिना अन्य खर्च बापत २.५ प्रतिशत छुटयाई सोही अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले आयोजना कार्य शुरु भएको अवधि देखि सम्पन्न भएको अवधि सम्मको कन्टेन्जेन्सी खर्च देखिने गरी अभिलेख अद्यावधिक गरेको देखिएन कार्यालयले यो वर्ष संचालीत भएको आयोजनाको लागि रु.६०२६०४८७०० लागत अनुमान तयार गरेकोमा रु.६६६४४८। खर्च लेखेको छ । सिंचाई डिभीजन कार्यालय स्याङ्गजाबाट ठेक्का व्यवस्था भएका २ आयोजनाको लागत अनुमान २०१९९१८६।०० भएकोमा गतवर्ष गरेको कन्टेन्जेन्सी खर्च एकिन नभएको र यो वर्ष ति आयोजनाबाट रु.१,९८,२४१। खर्च भएको विवरण पेश भएको छ । अतः कन्टेन्जेन्सी रकमको अद्यावधिक अभिलेख राखेर सम्वन्धीत कार्यमा र खर्च गर्न पाउने सीमा भन्दा बढी खर्च नगर्ने व्यवस्था गर्नुपर्दछ ।

५. **टुक्रा खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम रु.२० लाख भन्दा बढीको निर्माण कार्य गराउंदा बोलपत्रको माध्यमबाट गराउनुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष भवन मर्मत तथा संभार कार्य गराउंदा रु.२४,५४,३५९। का ३ लागत अनुमान तयार गरी एक लागत अनुमानको कार्य सीलवन्दी दरभाउपत्रबाट र रु.५ लाख घटीका अन्य २ लागत अनुमान तयार गरी सोझै कार्य गराएको देखियो । अत्यावश्यक काममा वाहेक नियमित गर्ने कार्य नियममा व्यवस्था भए अनुसार एक कामको लागि एउटै लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक रुपले कार्य गराउने व्यवस्था गर्नुपर्दछ ।

६. **बोलपत्र स्वीकृत** : सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) अनुसार न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र मात्र स्वीकृत गर्नुपर्नेमा प्रथम र दोश्रो घटी कवोल गर्ने बोलपत्र दाताको काम गर्ने अनुभव नभएको भनी सवै भन्दा बढी कवोल गर्ने एक निर्माण सेवाको रु.७३ लाख ९ हजारको बोलपत्र स्वीकृत गरी यस वर्ष रु.४ लाख ४२ हजारको कार्य गराएको देखियो । बोलपत्र दाताको अनुभव नभएका बोलपत्रको प्राविधिक परीक्षणबाट नै हटाई आर्थिक प्रस्तावको मूल्याङ्कन मै सहभागी नगराउनुपर्नेमा आर्थिक प्रस्तावको मूल्याङ्कन गरी सवैभन्दा कम देखिएपछि मात्र अनुभव कम भयो भनी बढी कवोल गर्नेको बोलपत्र स्वीकृत गरी कार्य गराएको नियम संगत देखिएन ।

७. **बिल** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा बिल भरपाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । एक जल उपभोक्ता संस्थालाई निर्माण सामाग्री खरिद गरेको बिलहरुको मूल्य अभिवृद्धि कर समेत जम्मा १००५८७- मात्र भएको तर भुक्तानी रु.१,१२,९२५।- दिइएको हुंदा बिल भरपाइ भन्दा बढी भुक्तानी भएको रु.१२३३७- असुल गरी राजश्वमा दाखिला गर्नुपर्दछ ।

८. **पेश्की जमानतको म्याद** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(४) बमोजिम निर्माण व्यवसायीलाई पेश्की फछ्र्योट हुने मितिसम्मको म्याद भएको वैंक ग्यारेन्टी लिइ मोबिलाइजेशन पेश्की दिनु पर्नेमा सो भन्दा कम म्याद रहेको वैंक ग्यारेन्टी लिइ रु २८ लाख ३१ हजार मोबिलाइजेशन पेश्की दिइएकोले वैंक ग्यारेन्टीको म्याद थप गराइ पेश गराउनु पर्ने र उक्त मोबिलाइजेशन पेश्की नियम ११३(५) बमोजिम फछ्र्योट गर्नुपर्ने देखिएको छ ।

९. **परामर्श सेवा** : सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ बमोजिम कार्यालयको जनशक्तिले गर्न नसक्ने काम वा विदेशी दातृ निकायसंग भएको सम्झौता अनुसारको काम मात्रै परामर्श सेवाबाट खरिद गर्न पाइनेमा आर्थिक प्रशासन शाखाको रायको समेत विपरीत परामर्श सेवा बापत एक कन्सल्टेन्सी लाई २,३४,७०७ र अर्को कन्सल्टेन्सीलाई रु.२,३५,२६५। गरी जम्मा रु.४६९९७२। भुक्तानी गरेको छ । कार्यालयको जनशक्तिले भ्याएसम्म कार्यालयको जनशक्ति प्रयोग गरिनु पर्दछ ।

१०. **अग्रिम कर** : आयकर ऐन, २०५८ मा अन्तिम रुपमा हुने भुक्तानीमा १५ प्रतिशत का दरले कर कट्टी गरी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयको भत्ता खर्च रु.१२ हजार भुक्तानी गर्दा १५ प्रतिशत कर रु.१८००। कट्टी गरेकोमा दाखिला भएको नदेखिएकोले दाखिला हुनुपर्दछ ।

११. **थप व्ययभार** : सरकारी कार्यालयले आफूले तिर्नु वुझाउनुपर्ने सरकारी महसुल समयमै भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोछ । कार्यालयले विद्युत महसुल भुक्तानी गर्दा रु.५४१४।– थप दस्तुर समेत तिरेकोले थप व्ययभार परेको छ ।

१२. **शीर्षक फरक पारी खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२)(क) बमोजिम खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले खर्चको निकासा दिंदा रकम स्वीकृत बजेट भित्र र सम्वन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बांकी छ भने मात्र खर्च गर्ने निकासा को आदेश दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले एक खर्च शीर्षकबाट रु.१३७१८। रकमान्तर बेगर अन्य २ शीर्षकमा खर्च लेखेको अनियमित देखिएको छ ।

१३. **होटल रेष्टुरामा तालिम** : मर्मत संभार आयोजनाहरुको लागि सिप विकास तालिम तथा गोष्ठी खर्च शीर्षकमा रु.१ लाख बजेट व्यवस्था भएकोमा रु.६७,७१८। खर्च भएकोमध्ये रु.४२ हजार होटल खर्च देखिन्छ । उक्त खर्च सिंचाइ विकासको दिगो व्यवस्थापनको लागि सहकारीको भूमिका तथा तालिम अवधारणा विकास विषयक तालिम संचालनमा भएको छ । यस प्रकारको खर्चमा नियन्त्रण हुनुपर्दछ ।

१४. **कार्यक्रम वेगरको खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा कार्यालयले स्वीकृत कार्यक्रम अनुसार खर्च गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले स्वीकृत कार्यक्रम वेगर अवलोकन भ्रमण कार्यक्रममा रु.१ लाख ७५ हजार खर्च लेखेको देखिन्छ । नियमावलीमा भएको व्यवस्था अनुसार कार्यक्रम संसोधन गरेर मात्र खर्च लेख्नु पर्ने देखिन्छ ।

१५. **राजस्व दाखिला** : एक हाइड्रो पावर र पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयबीच २०५८।७।२२ मा भएको सम्झौतामा पोखरा नहरको पानी उपयोग गरे बापत वार्षिक रु.२ लाख वुझाउने उल्लेख भएकोमा २०७२।७३ मा उक्त रकम प्राप्त गरेको नदेखिएकोले उक्त रकम राजश्व दाखिला गर्नुपर्दछ । लागत अनुमान रु.३९,०३,७०२। भएको एक आयोजनाको लागि कार्यालयको तर्फबाट रु.३५६३७४९। भुक्तानी दिने गरी २०७३।१।२० मा सम्झौता भएकोमा उपभोक्ता समितिलाई रु.२५१००९८। भुक्तानी दिएको देखिन्छ । उक्त आयोजनाको मिति २०७३।१०।१६ मा लेखापरीक्षण टोली र कार्यालयका प्राविधिक कर्मचारीबाट स्थलगत अवलोकन गर्दा मूल खोलाबाट पक्की नाला वनाई खेत तर्फ लगेको देखियो । हाल नहर र नहर छेउमा पानी नभई पश्चिम तर्फको किनाराबाट मात्र खोला बगेको देखिन्छ । १५ हेक्टर खेत सिंचित गर्ने लक्ष्य रहेकोमा सवै वांझो नै रहेको देखियो । जुन उद्देश्यले नहर निर्माण गरिएको हो सो अनुसार कार्य हुन सकेको छैन ।

## जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले ऐन नियम परिपत्र र अख्तियारीमा उल्लेख भएका व्यवस्थाहरुको पालना गरी कार्य प्रभावकारिता अभिवृद्धि गर्नुपर्नेमा बजेटको पूर्ण उपयोग गर्न नसकेको कतिपय योजनामा कार्य नै नभएको कतिपयमा न्यून प्रगति भएको सामानुपातिक हिसावले खर्च गर्नुपर्नेमा तेश्रो चौमासिक र आषाढमा बढी खर्च गरेको स्थिति देखिएकोले यसमा सुधार हुनुपर्दछ ।

२. **आपतकालीन कार्य** : जिल्ला दैवि प्रकोप उद्धार समितिको बैठक वसी आयोजनाको छनौट गर्नुपर्ने व्यवस्था छ । दैवी प्रकोप उद्धार समितिबाट आयोजना छनौट नगरी विभागबाट मिति २०७३।३।२६ मा रु ५ करोड १५ लाखको थप अख्तीयारी प्रदान गरेको र प्राप्त अख्तीयारीबाट ७२ कार्य सम्पन्न गरी रु.५ करोड ६ लाख ७२ हजार खर्च भएको छ । ५ दिनको छोटो अवधिमा उपरोक्त परिमाणको कार्य गुणस्तरीय रुपमा सम्पन्न भएको सम्वन्धमा विश्वस्त हुन सकिएन ।

३. **काम टुक्रा पारेर खरिद** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार एक कामको लागि एउटै मात्र लागत अनुमान तयार गर्नुपर्ने र सोही नियमावलीको नियम ३१ अनुसार बोलपत्रको माध्यमबाट नदि नियन्त्रण सम्वन्धी कार्य गर्नुपर्नेमा कार्यालयले नदि नियन्त्रण सम्वन्धी रु.१,९७,७६,८००। लागत अनुमानको ४ टुक्रा गरेर लागत अनुमान तयार गरी स्थानीय उपभोक्ता मार्फत निर्माण गराई रु.१,६४,५९,०८५। खर्च लेखेको नियम संगत देखिएन । एउटा कामको लागि एउटै लागत अनुमान तयार गरी नियममा व्यवस्था भए अनुसार बोलपत्रको माध्यमबाट खरिद गरिनु पर्दछ ।

४. **कन्टिन्जेन्सी खर्च** : कार्यालयले यो वर्ष २०७ कार्यक्रम संचालनको लागि रु.१२,४२,०२,०९२। को लागत अनुमान तयार गरेको र कन्टेन्जेन्सी खर्च बापत रु.५५,१७,१९४। बजेट व्यवस्था गरेकोमा रु.५५,०३,४६८। खर्च गरेको मध्ये रु.८००,०००। सवारी साधन खरिद गर्नको लागि भनी जलउत्पन्न प्रकोप व्यवस्थापन विभागमा पठाएको रकम समेत समावेस गरेको छ । विभागमा पठाएको उक्त रकम कुन प्रयोजनको लागि खर्च भएको छ सोको श्रेस्ता लेखापरीक्षणार्थ पेश भएको छैन । जुन कार्यको लागि रकम पठाएको हो सोही प्रयोजनमा खर्च भएको प्रमाण पेश हुनुपर्दछ ।

५. **बढी भुक्तानी** : रामघाट सेती नदिको किनारमा सेती नदि तटवन्ध निर्माण कार्यको लागत अनुमानरु.४२,७८,७१८। स्वीकृत भएकोमा रु.४३,२९,९३७। को कार्य सम्पन्न भएको प्रतिवेदनको आधारमा उपभोक्ता समिति लाई रु ३० लाख ४६ हजार भुक्तानी दिएको छ । निर्माण सामाग्रीको परिमाण बढी लागेको मूल्यांकन गरेकोमा सोही अनुसार भेरियसन आदेश जारी नगरेको अवस्थामा मूल्य अभिवृद्धि कर तिरेको वील पेश गरेकै आधारमा लागत अनुमान भन्दा बढी भुक्तानी दिएको रकम रु ५७,९५४।०० असुल हुनुपर्दछ । उक्त निर्माण कार्यको २०७३।११।८ गते स्थलगत अवलोकन गर्दा एक स्थानमा ८ वटा फोर्ट सहितको आर.सी.सी. आउण्टर फोर्ट वाल निर्माण गरेको देखियो । माटो खन्ने पूर्ने कार्य वाहेक जटील प्राविधिक कार्य उपभोक्ता समितिबाट नगराई बोलपत्रको माध्यमबाट गराईनु पर्दछ ।

६. **मौज्दात हुंदा हुँदै खरिद** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५०(३) मा कार्यालयको आवश्यकता भन्दा बढी मालसामान खरिद गरी मौज्दात राख्न नहुने व्यवस्था छ । कार्यालयले ग्याबियन जाली १४४७ थान मौज्दात हुदा हुदै रु.४,९६,६३०।– को १०९६ थान ग्याबियन जाली पटक पटक सोझै खरिद गरेको पाइयो । कार्यालयले ग्याबियन जाली आवश्यकता अनुसार के कति मौज्दात राख्नु पर्ने यकिन गरी प्रतिस्पर्धात्मक तरीकाबाट बोलपत्रको माध्यमले खरिद गर्नु पर्दछ ।

७. **सामाजिक सुरक्षा कर** : आयकर ऐन, २०५८ मा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले १३ कर्मचारीको चाडपर्व खर्च रु.२९७१४०। भुक्तानी गरेको देखिएकोमा १ प्रतिशत सामाजिक सुरक्षा कर रु.२९७१।– कट्टी गरेको नदेखिएकाले उक्त रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

## क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय

१. **बजेट निष्क्रिय** : कार्यालयबाट यो वर्ष विभिन्न बजेट उपशीर्षकबाट खानेपानी आयोजनाहरु निर्माण गर्ने कार्यको लागि रु.११,८४,८३,,०००। बजेट व्यवस्था भएकोमा कार्यक्रम सञ्चालनमा रु.११,१०,०६,४७२।– मात्र खर्च गरी रु.७४,७६,५२८। बजेट निष्क्रीय भएको छ । आयोजनाहरु सञ्चालन गर्न कार्यक्रम स्वीकृत भएको रकम कार्यक्रम सञ्चालन नगरी निस्कृय वनाएको उपयुक्त देखिएन ।

२. **कार्यक्रम र बजेट खर्च** : यस कार्यालयको लागि ४ बजेट उप-शीर्षकमा खानेपानी तथा ढल निकास विभागले तेश्रो चौमासिक र असार महिनामा मात्र शुरु अख्तियारी र बजेट थप गरी संशोधित अख्तियारी पठाएको देखियो । एक बजेट उप-शीर्षकको रु.१७,८४,०००। को अख्तियारी

नै बैशाखको १३ गते पठाएको देखिन्छ भने अन्य ३ बजेट उप-शीर्षकमा असार महिनाको अन्त्यमा रु.१,९२,००,०००। को अख्तियारी पठाएको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा शुरु अख्तियारी र कार्यक्रम संशोधन गरी थप अख्तियारी पठाउंदा २-३ दिनको अवधिमा कार्यक्रम सञ्चालन गरी बजेट खर्च हुन सक्दैन भने कार्यक्रम सञ्चालन नै गर्दा पनि हतारमा काम गर्दा कामको गुणस्तरमा ह्रास आउने हुंदा यस सम्वन्धमा ध्यान दिई नियममा व्यवस्था भए अनुसार अख्तीयारी प्रदान गरी कार्यान्वयन गराउने व्यवस्था हुनुपर्दछ ।

३. **अषाढ महिनाको खर्च :** स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिक गत रुपले कार्यक्रम सञ्चालन गरी वजेट खर्च गर्नुपर्नेमा तेश्रो चौमासिकमा र असार महिनामा मात्र १०० प्रतिशत सम्म खर्च गरेको देखियो ।

कार्यक्रम बजेट व्यवस्था भएका ८ शीर्षक मध्ये तेश्रो चौमासिकमा ६ वजेट उप-शीर्षकमा १०० प्रतिशत र २ उप-शीर्षकमा पनि ८० प्रतिशत भन्दा बढी खर्च भएको र असार महिनामा ५ उप-शीर्षक मा १०० प्रतिशत र ३ उप-शीर्षकमा ४९ देखि ५६ प्रतिशत सम्म खर्च भएको छ । नियममा व्यवस्था भए बमोजिम स्वीकृत कार्यक्रम अनुसार चौमासिकगत रुपमा आयोजना सञ्चालन नगरी तेश्रो चौमासिकमा मात्र आयोजना सञ्चालन गर्दा ठूलो रकम तेश्रो चौमासिकमा र आषाढ महिनामा खर्च भएको छ । आर्थिक वर्षको अन्त्यमा मात्र आयोजना सञ्चालन गर्दा हतारमा कार्य गर्नुपर्ने र सवै आयोजना एकैचोटी विभिन्न स्थानमा सञ्चालन गर्दा सवै स्थानमा नियमित रुपले प्राविधिक जनशक्ति पुग्न नसक्ने हुंदा तोकिएको गुणस्तरमा असर पर्ने देखिन्छ । अतः कार्यक्रममा व्यवस्था भए अनुसार चौमासिकगत रुपले सम्पन्न गर्ने व्यवस्था गर्नु पर्दछ ।

४. **निर्माण कार्य :** लेखनाथ वाटर ट्रिटमेन्ट स्ट्राक्चर आयोजना निर्माणका एक निर्माण व्यवसायीलाई पांचौं, छैंठौं, र सातौं वीलको रु.६०,३१,६६५। भुक्तानी दिएको समेत हालसम्म रु.१,५६,१२,३६५। भुक्तानी दिएको देखियो । निर्माण कार्य गर्न रु.१,९५,९२,७८९। मा १५ महिना भित्र कार्य सम्पन्न गर्नु पर्ने गरी २४ जुन २०१३ मा सम्झौता भएको देखिन्छ । सम्झौता अनुसारको अवधिमा कार्य सम्पन्न भई महा निर्देशकको २०७३।७।२२ को निर्णयले २०७३।२।२५ सम्म म्याद थप गरेको देखिन्छ । तत्पश्चात म्याद थप भएको छैन र कार्यसम्पन्न भएको प्रतिवेदन समेत पेश भएको छैन । अतः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ र १२५ अनुसार कार्य सम्पन्न गराईनु पर्दछ ।

५. **थाक खानेपानी** : आयोजना निर्माण कार्यका एक निर्माण सेवालाई दोश्रो र तेश्रो बिल बापत रु.९१,५१,६०४। भुक्तानी दिएको देखियो ।

५.१. उक्त आयोजनामा निर्माण कार्य गर्न एक निर्माण व्यवसायीसंग रु.९५,३७,४४३।– १२ महिना भित्र कार्य सम्पन्न गरिसक्नु पर्ने गरी २०७२।३।१० मा सम्झौता भएको देखिन्छ । भुकम्प र नाकावन्दीको कारण समयमा कार्य सम्पन्न गर्न नसकेको जनाई म्याद थप माग गरे अनुसार २०७३।३।१४ को निर्णयले ६ महिनाको म्याद थप गरेको देखिन्छ । तत्पश्चात म्याद थप भएको छैन र लेखापरीक्षण अवधि सम्म कार्यसम्पन्न भएको प्रतिवेदन समेत पेश भएको छैन । अतः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ र १२५ अनुसार गरी निर्माण कार्य सम्पन्न गराउने व्यवस्था गरिनु पर्दछ ।

५.२. खानेपानीको गुणस्तर सुधार आयोजनाको लेखनाथमा २० प्रतिशत उपभोक्ता समितिले व्यहोरेको छ भने सोही कार्यको लागि यस आयोजनामा उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम रु.१८,३०,३२१। व्यहोरेको देखिएन । यस सम्वन्धमा स्पष्ट हुनुपर्दछ ।

उक्त निर्माण कार्यको स्थलगत अवलोकन गर्दा २५२ घन मिटर क्षमताका २ वटा खुला टैंकी निर्माण गरेको देखियो । उक्त टैंकीमा गिट्टी र वालुवा राखि पानी फिल्टर गराउने काम बांकी नै रहेको देखिन्छ । निर्माण स्थलमा केही वोरा वालुवा रहेको देखिएतापनि आवश्यक मात्रामा निर्माण सामाग्री समेत नभएको र निर्माण कार्य सञ्चालन नभईरहेको अवस्था देखियो । अतः सार्वजनिक

खरिद नियमावली २०६४ अनुसार निर्माण कार्यको अनुगमन गरी यथासक्या चांडो कार्य सम्पन्न गराउने व्यवस्था हुनु पर्दछ ।

६. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) संग सम्वन्धित अनुसूची-१ अनुसार लागत अनुमानको ५ प्रतिशत कन्टेन्जेसी बापतको रकम समावेस गर्नु पर्ने र सो रकम वर्कचार्ट रुटाफ खर्च बापत २.५ प्रतिशत र सानातिना अन्य खर्च बापत २.५ प्रतिशत छुटयाई सोही अनुसार खर्च गर्नुपर्ने उल्लेख छ। नियममा व्यवस्था भए अनुसार लागत अनुमानमा छुटयाएको रकमभन्दा बढी नहुने गरी खर्च गर्नको लागि आयोजनाको विवरण र स्वीकृत लागत अनुमान समेत उल्लेख गरी आयोजनाको कार्य शुरु भएको अवधि देखि सम्पन्न भएको अवधिसम्मको कन्टिन्जेन्सी खर्च देखिने गरी अभिलेख राख्नुपर्दछ । कार्यालयले लागत अनुमान स्वीकृत भएका आयोजनागत कन्टेन्जेन्सी खर्चका अभिलेख नराखी बजेट उप-शीर्षकगत अभिलेख राखेर ७ बजेट उप-शीर्षर्कमा यो वर्ष मात्र रु.६६,८५,६५०। खर्च गरेको विवरण पेश भएको छ। लागत अनुमानगत अभिलेख अद्यावधिक गरेर राख्नुपर्दछ ।

७. **अधुरा आयोजना** : यस कार्यालयबाट कास्की जिल्लाका विभिन्न गाउँ विकास समिति तथा नगर क्षेत्रहरुमा २०५५।५६ देखि २०७१।७२ सम्म सञ्चालित ३६ खानेपानी आयोजना र २०७२।७३ मा शुरु भएका ८ आयोजना समेत जम्मा ४४ आयोजना सञ्चालनमा रहेका र हालसम्म कार्य सम्पन्न नभई अधुरो रहेको विवरण पेश भएको छ । सञ्चालित ४४ आयोजनाको शुरुको लागत अनुमान रु.१ अर्ब ८३ करोड ३१ लाख ७५ हजार रहेकोमा कार्यालयको तर्फबाट रु.१ अर्ब ४५ करोड १८ लाख २४ हजार र उपभोक्ता समूहबाट रु.३८ करोड १३ लाख ५१ हजार व्यहोर्ने उल्लेख छ। ती आयोजनाहरुमा गत वर्षसम्मको भुक्तानी रु.१६ करोड ४ लाख ७४ हजार र यो वर्षको भुक्तानी रु.१२ करोड ६८ लाख ७६ हजार समेत जम्मा रु.२८ करोड ७३ लाख ५० हजार (१९.७९ प्रतिशत) भएको छ ।

७.१. उपर्युक्तानुसारको शुरु लागत अनुमान भएतापनि कार्यालयले आयोजनाको कुल लागत अनुमान मध्ये यो वर्ष मात्र गर्ने कार्यको टुक्रा लागत अनुमान गरी यो वर्ष खरिद तथा निर्माण कार्य गरी प्रत्येक वर्षको टुक्रा कार्य सम्पन्न गर्ने गरेको छ । लागत अनुमान गर्दा पनि प्रत्येक वर्ष हुने मूल्यवृद्धि अनुसार तयार पारेको जिल्ला दररेट अनुसार बढी मूल्यको लागत अनुमान तयार गर्ने गरेको छ ।

७.२. स्थानीय जनसमुदायको आवश्यकता अनुसार यथासक्य छिटो र गुणस्तरीय खानेपानी उपलब्ध गराउने उद्देश्यले खानेपानी आयोजनाहरु सञ्चालनमा ल्याईएको छ । ढीकुरपोखरी कास्कीकोट-सराङ्गकोट-खानेपानी आयोजना सञ्चालनको शुरु वर्ष र हालसम्म भएको खर्चको तुलना गर्दा २०५५।५६ मा शुरु गरी २०७३।७४ (१७वर्ष) सम्ममा सम्पन्न गर्ने लक्ष्य राखेर शुरु भएकोमा यो वर्षसम्म यही तरिकाले खर्च गर्ने हो भने र यही शुरु लागत अनुमान दरमा नै खर्च गर्न २५ वर्षमा मात्र आयोजना सम्पन्न हुने हुन्छ। यही क्रमले बजेट खर्च हुने हो भने ढीकुरपोखरी-अंधेरी- खोला खानेपानी आयोजना सम्पन्न गर्न १४६ वर्ष लाग्ने देखिन्छ । समयमै आयोजना सम्पन्न गरी खानेपानी सुविधा उपलब्ध गराउनु पर्दछ ।

८. **बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) (ख) अनुसार खरिद सम्झोता अनुसार सार्वजनिक निकायको रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका सर्त वमोजिम प्राविधिक नांपजांच गरी नापी किताव (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले चम्रे मरे भिर स्वारा खानेपानी योजनामा इन्टेक निर्माण र पानी पोखरी निर्माणमा पाइप लाइन जडान कार्य गरेबापत उक्त उपभोक्ता समितिलाई नापी किताव अनुसार रु.४,५३,१३०। मात्र भुक्तानी दिनुपर्नेमा रु.४,५८,८६६। भुक्तानी दिएकोले नांपजांच भन्दा बढी भुक्तानी भएको रु.५७३६। असुल हुनुपर्ने ।

९. **निर्माण सामाग्री मौज्दात :** भौतिक योजना तथा निर्माण मन्त्रालयको २०६२।११।८ को सचिव स्तरीय निर्णयमा स्वीकृत कार्यक्रममा सामान्जस्य गरी पूर्णरुपमा खपत हुने गरी निर्माण सामाग्री पाईप तथा फिटिङ्गसहरु खरिद गर्नु पर्ने उल्लेख छ। कार्यायले गतवर्षको मौज्दात हुंदा हुंदै यो वर्ष पनि खपत हुन नसक्ने गरी पाईप तथा फिटिङ्गसहरु खरिद गरी मौज्दात राखेको देखियो । यस सम्वन्धी व्यहोरा देहाय अनुसार छन्

९.१. कार्यालयले गत विगत वर्षमा खरिद गरी खर्च नभई बांकी रहेको विभिन्न साईजको र क्षमताको एच.डि.पी. पाइप रु.४७१०७८१।– मूल्यको ३०२७७.९० मिटर पाईप मौज्दात रहेकोमा यो वर्ष रु.३८३३६३४६।– मूल्यको २४५७६०.२९ मिटर खरिद गरेको समेत जम्मा रु.४,३०,४७,१२७– मूल्यको २७६४८८.१९ मिटर आम्दानी गरेकोमा आयोजनाहरुमा रु.२१९२४१२२।८६ मूल्यको १४५७३३ मिटर पाईप हस्तान्तरण गरी नापी किताववाट आयोजनामा प्रयोग गरेको र रु.१,३२,७६,५८५।– मूल्यका ७८५०३.६ मिटर पाइप आयोजनामा हस्तान्तरण गरी जिन्सी खर्च गरे तापनि प्रयोग भएको छैन । रु.८६४७५३६।– मूल्य वरावरको ६७२२९.४ मिटर बांकी रहेको विवरण पेश भएको छ ।

उपर्युक्त अनुसार गतवर्षको मौज्दात समेत भएको अवस्थामा यो वर्ष पनि ठूलो परिमाणमा पाईप खरिद गरी योजना सञ्चालनमा प्रयोग नगरी वाकीनै राखेको देखियो । आयोजनामा लगेको भनिएको केही पाइप पनि नापि कितावमा चढाएको नदेखिएकोले प्रयोग भएको देखिदैन । अतः खुला स्थानमा पाइप राख्दा हिनामिना हुन सक्ने हुदा तत्काल आयोजनामा प्रयोग गरी आयोजना सम्पन्न गराईनु पर्दछ ।

९.२. फिटिङ्गस सामाग्रीहरु गतवर्षको मौज्दात नभएको र यो वर्ष विभिन्न फर्मबाट रु.४५९७३२२।००. का फिटिङ्गस सामाग्रीहरु खरिद गरी जिन्सी खाताबाट खर्च जनाई आयोजनाहरु पठाएको उल्लेख छ । बांकी रु.१३,३७,५९३।– मूल्यका सामानहरु कार्यालयमा नै मौज्दात राखेको देखिन्छ । आयोजनामा खर्च लेखेका सामानहरु पनि प्रयोग भई नापी कितावमा चढाएको देखिदैन । अतः कार्यक्रम सञ्चालन गर्न सक्ने परिमाणमा मात्र र प्रथम चौमासिक अवधिमा नै खरिद गरी आयोजनामा प्रयोग गरी आयोजना छिटो सम्पन्न गर्ने व्यवस्था गरिनुपर्दछ ।

९.३. कार्यालयले यो वर्ष रु.३६,६२,०००।– का १७ वाटरपम्प तथा रु.१०,७३,९००। का १६ प्यानलवोर्ड खरिद गरी रु.४४,३५,९००।– खर्च लेखेको देखियो । खरिद भएका विभिन्न हर्ष पावरका वाटरपम्प मध्ये रु.१४,६१,०००। मूल्यका १० वाटरपम्प ७ खानेपानी आयोजनालाई र रु.५,१४,९००। मूल्यका ९ प्यानलवोर्ड ७ खानेपानी आयोजनालाई माग फारामको आधारमा हस्तान्तरण गरि जिन्सी खातामा खर्च जनाएको समेत रु.१९,७५,९००। खर्च कटाई रु.२४,६०,०००। मूल्यका ७ वाटरपम्प र ९ प्यानलवोर्ड मौज्दात नै रहेको विवरण पेश भएको छ । खर्च भएका सामाग्रीहरु समेत सम्वन्धित आयोजनामा जडान भई नापी कितावमा चढाएको नदेखिएकोले कार्यालय र उपभोक्ता समितिसंग मौज्दात रहेको देखिन्छ ।

आयोजनाको लागि आवश्यक पर्ने सामानहरु प्रथम चौमासिक अवधिमा नै खरिद गरी सम्वन्धित आयोजनामा प्रयोग गरेर खानेपानी आयोजना सम्पन्न गर्नुपर्नेमा तेश्रो चौमासिकको असारमहिनामा मात्र खरिद गरी मौज्दात राखेको उपयुक्त देखिएन । यस सम्वनधमा विद्युतिकरण पश्चात मात्र पम्प जडान हुने भएकोले सो कार्यको लागि अन्य निकायसञ्ग समन्वय भईरहेको र २०७३।७४ मा मौज्दात रहेका पम्पहरु जडान हुने उल्लेख गरेको छ ।

१०. **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (७) अनुसार खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्ने र राख्न लगाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले

नेपाल बिद्युत प्राधिकरणलाई विद्युत महशुल बापत रु.२००००।– भुक्तानी खर्च लेखेकोमा बिल भरपाई बेगर खर्च लेखेको छ ।

११. **बढी ग्रेड** : एक कर्मचारीलाई २०७३।७३ का लागि पारित ग्रेड १९८०। मात्र भएको भुक्तानी रु.२२००। का दरले मासिक रुपमा भुक्तानी गरेकोले १ ग्रेड बढी भुक्तानी भएकोले मासिक रु.२२०। का दरले १२ महिना र दशैं खर्च समेत रु.२८६०। र कर्मचारी सञ्चय कोष रु २८६। समेत रु ३१४६। असुल हुनुपर्ने ।

१२. **थप दस्तुर** : सरकारी कार्यालयले आफूले तिर्नु वुझाउनुपर्ने सरकारी महसुल समयमै भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोछ । कार्यालयले नेपाल विद्युत प्राधिकरणलाई विद्युत महसुल रु.६५०००।– भुक्तानी गर्दा बिल रकम रु.५२७२०।– मा थप दस्तुर रु.१२२८०।– समेत तिरेको देखिएकोले नियमसम्मत देखिएन ।

१३. **भ्रमण खर्च** : क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालय सिनामंगल काठमाडौं २०७२।७१ को रमाना पत्र अनुसार २०७२।७११ मा यस कार्यालयमा रमाना हुनु भएका डिभिजन इन्जिनियरले भ्रमण खर्च रु.१५५५०। भुक्तानी लिएको मध्ये परिवारको भ्रमण खर्च रु.६४००। दावी गरेकोमा २०७३ वैशाखको प्लेन टिकट संलग्न गरी भुक्तानी दिएको देखिएकोले असम्बन्धित मितिको हवाई टिकटबाट खर्च लेखेको देखियो ।

१४. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९ मा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयका इन्जिनियरले चालु आयोजनाहरुको समीक्षा तथा वित्तीय अनुशासन सम्वन्धी क्षेत्रीय कार्यशाला गोष्ठी सञ्चालनका लागि लिएको पेश्की रु.४,३५,०००। फछ्र्यौट गर्दा एक होटललाई कार्यक्रम सञ्चालनमा प्राविधिक सहयोग र हल उपलव्ध गराए बापत रु.४,२२,६२०। मूल्य अभिवृद्धि कर समेत भुक्तानी गरेकोमा अग्रिम आयकर रु.५६१०। कट्टी गरेर भुक्तानी दिनुपर्नेमा कट्टी गरेको नदेखिएको असुल गर्नुपर्दछ । त्यसैगरी एक कर्मचारीले चालु आयोजनाहरुको समीक्षा तथा वित्तीय अनुशासन सम्वन्धी क्षेत्रीय कार्यशाला गोष्ठीमा सहभागी श्रोत व्यक्ति भत्ता रु.४०,९८८। र सहभागी भत्ता रु.३६३०। भुक्तानी गर्दा पारीश्रमिक कर रु.११,५९३। कट्टी गरेको तर वैङ्क दाखिला भएको नदेखिएकोले निजबाट असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१५. **जिन्सी सामान** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ (१) अनुसार कार्यालय प्रमुखले आफनो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी कितावमा सात दिनभित्र आम्दानी बांधी श्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ । कार्यालयले फिर्के बुलौदी खोला सरसफाई अभियान कार्यक्रमको लागि आवश्यक पर्ने साउण्ड वक्स सहित १० थरी सामान एक सप्लायसबाट रु.१६०५४५। मूल्य अभिवृद्धि कर सहितमा खरिद गरेको र पोखरा उप महानगरपालिकालाई हस्तान्तरण गरेको देखिएकोमा उक्त नगरपालिकाले लेखापरीक्षणको अवधिसम्ममा उक्त सामानहरु आफनो जिन्सी खातामा आम्दानी गरेको दाखिला प्रमाण पेश गरेको छैन ।

१६. **सर्वे** : आयोजना सर्वे गरी पारिश्रमिक भुक्तानी दिंदा कुल भुक्तानी रकममा नियमानुसार १५ प्रतिशत कर कट्टी गरी भुक्तानी गर्नुपर्नेमा २ इन्जिनियरलाई भुक्तानी गर्दा रु.११,२९१।– असुल गरी राजश्व दाखिला गर्नुपर्दछ ।

१७. **बढी भुक्तानी** : आयोजनाका लागि सामान खरिद गर्दा लागत अनुमान भन्दा बढी रकम भुक्तानी दिएको एक फर्मलाई रु.४९२६।– तथा एक सप्लायर्सलाई रु.१००३।– समेत बढी भुक्तानी ५९२९।– असुल गर्नुपर्दछ ।

# जिल्ला कृषि विकास कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले बजेट पुर्ण उपयोग गर्न नसकि निष्कृय बनाएको समानुपातिक किसिमले खर्च गर्नुपर्नेमा तेश्रो चौमासिक र असारमा बढी खर्च गरेको अवस्था छ । यसमा सुधार हुनुपर्दछ ।

२. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले कम्तीमा वर्षको एक पटक आफै वा अन्य प्राविधिक कर्मचारीबाट जिन्सी निरीक्षण गरी गराई सो को प्रतिवेदन लिखित रुपमा लिई वा दिई राख्नु पर्ने व्यवस्था छ । कार्यालयका प्रमुखबाट जिन्सी निरीक्षण फाराम प्रयोग गरी प्रतिवेदन दिएको भएतापनि लिखित रुपमा त्यस्तो प्रतिवेदन दिएको देखिएन । निरीक्षण गरिएको प्रस्तुत जिन्सी निरीक्षण फाराममा ठूलो परिमाणका जिन्सी सामानहरु चालु हालतमा नरही लिलाम विक्री वा मिन्हा गर्नुपर्ने भनी उल्लेख गरेको छ । उक्त सामानहरु मर्मत हुन सक्ने नसक्ने के हो खुलाएको छैन । अतः सोही नियममा व्यवस्था भए अनुसार मर्मत गरेर र मर्मत हुन नसक्ने भएमा लिलाम विक्री गरी जिन्सी सामानहरु चालु हालतमा र अद्यावधिक गरि राख्नु पर्दछ ।

३. **औजार उपकरण :** कार्यालयले यो वर्ष औजार उपकरणहरु पूर्ण रुपमा अनुदान तथा ५० प्रतिशत अनुदानमा कृषक समूहहरुलाई वितरण गरी रु.६,९८,४६५। अनुदान खर्च लेखेको छ । कृषि औजार उपकरणको कृषक समुह समेतको नाम र वितरण मिति समेत खुल्ने गरी अभिलेख खाता खडा गरि राख्नु पर्ने र नियमित अनुगमन गरी कृषक समूहका सवै सदस्यहरुले सामानुपातिक रुपले प्रयोग गर्न पाएका छनु छैनन् औजार उपकरण प्रयोगबाट कृषि क्षेत्रको उत्पादनमा वृद्धि भएको छ, छैन र औजार उपकरण विक्री गरेर दुरुपयोग तथा हिनामिना भएको छ, छैन, हेर्नुपर्ने हुन्छ । कार्यालयले त्यस्ता औजार उपकरणको अभिलेख नराखेको, उपकरणको अनुगमन नगरेको अवस्था छ । अतः औजार उपकरणको अभिलेख राखी नियमित अनुगमन गरेर अनुदानमा वितरण गरेको औजार उपकरणको दुरुपयोग वा हिनामिना भएको खण्डमा त्यस्को मूल्य असुल गर्ने र उपभोक्ता सम्वन्धमा प्रतिवेदन गरी वार्षिक पुस्तिकामा प्रकाशीत गर्ने व्यवस्था गरिनु पर्दछ ।

४. **अनुदानको उपयोग :** यूवा लक्षित च्याउ खेती अन्तर्गत २९ यूवा कृषकलाई प्रति कृषक रु.४०,०००। दरले रु ११ लाख ६० हजार र ११ कृषकलाई प्रति कृषक रु.२०,०००। दरले रु.२ लाख २० हजार समेत रु.१३ लाख ८० हजार अनुदान उपलव्ध गराई खर्च लखेकोमा यूवा लक्षीत च्याउ खेतीको लागि स्वीकृत भएको सम्पूर्ण रकम अनुदान लैजाने यूवा कृषकले च्याउ खेती गरे नगरेको, गरकोमा हाल सो व्यवसायलाई निरन्तरता दिए नदिएको तथा निरन्तरता दिएकोमा कृषकगत रुपमा कति आम्दानी गर्न सफल भएका छन् भनी विवरण माग गरिएकोमा उपलव्ध भएन । च्याउ खेती गर्नको लागि पेश्कीको रुपमा पहिलो किस्ता बापत रु.२०,०००। का दरले रु २ लाख २० हजार अनुदान लगेका र च्याउ खेती नगरी दोश्रो तथा अन्तिम किस्ता नलगेकोले प्रस्ताव पेस गरी ११ यूवा कृषकहरुलाई दिएको अनुदान बापतको रकम उपयोग भएको नदेखिएकोले असुल गरी सम्वन्धीत राजस्व खातामा दाखिला हुनुपर्दछ । साथै पहिलो किस्ता लगेर व्यवसाय संचालन नगरेकोले ११ यूवा कृषकले अनुदान प्राप्त गर्ने अवसरबाट वञ्चीत हुनु परेको एवं अनुदान प्राप्त गरी व्यवसाय नगर्ने ११ यूवा कृषक मध्ये १० यूवा कृषक नगरक्षेत्रका वासिन्दा भएको देखिन्छ । अतः कृषक छनौट गर्दा समितिले विशेष ध्यान दिनुपर्ने देखियो ।

कार्यक्रम खर्च अन्तर्गत ३ फर्मबाट प्रांगारिक र रसायकिन मल, चुना, निलो तुथो समेतका खर्च बिल अनुसार रु.१९,८४,३२२। खर्च लेखेको नियमसम्मत देखिएन ।

५. **बीमा :** कार्यालय भवन निर्माण कार्यका निर्माण व्यवसायीलाई प्रोभिजनल सम अन्तर्गत बीमा बापतको रकम रु.२०,०००। को बीमा पोलीसी तथा प्रिमियम तिरेको रसिद पेश नभएकोले प्रमाण भए पेश हुनुपर्दछ ।

६. **बढी ग्रेड** : कोष तथा लेखा नियन्त्रक कार्यालयबाट २०७२।४।१६ मा पारित भएको उक्त तलवी प्रतिवेदन अनुसार एक कर्मचारीले ग्रेड रु.१६८०। मात्र पाउनेमा निजलाई रु.१९२०। ले खर्च लेखेको छ यस प्रकार प्रति महिना पाउने भन्दा बढी रु.२४०। खर्च लेखेको हुंदा १२ महिनाको रु.२८८०। त्यसमा संचयकोष थप १० प्रतिशतले २८८। र दशैं खर्च २४०। गरी रु.३४०८। बढी खर्च लेखेको हुंदा निजबाट असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

७. **वितरण अभिलेख** : मकैको विउ १३७५ के जी खरिद गरी रु.१,६५,०००। खर्च लेखेकोमा वितरण गरेको कुनै भर्पाइ खरिद गरिएको मिति भन्दा पहिलाको र कुनैमा मिति नै उल्लेख नगरी वितरण गरेको देखिन आएको छ । यस प्रकारको वितरण भर्पाइ कार्यालयले लुज सिटमा राख्ने गरेको हुंदा कार्यालयले रजिष्टरमा अभिलेख राख्ने व्यवस्था गरी सुधार गर्नुपर्ने देखिन्छ ।

८. **बिल भपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्ने राख्न लगाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले हिउंदे वाली सम्वन्धी घुम्ती तालिम संचालन गरेबापत एक कर्मचारीलाई रु.५ हजारको सोधभर्ना भूक्तानी गरेकोमा रु.३९००। को मात्र वील भरपाई भएकोले वील भरपाई वेगरको खर्च रु.१०००। असुल हुनुपर्दछ ।

९. **अग्रिम कर** : आयकर ऐन २०५८ अनुसार कट्टि गर्नुपर्ने अग्रिम कर कट्टा नगरेको एवं कट्टि गरेको रकम दाखिला गरेको नदेखिएकोले रु.२६,१८७– असुल गरी दाखिला गर्नुपर्दछ ।

१०. **बढी कर भुक्तानी** : विभिन्न २२ कृषक समूहलाई सहकारी खेती तथा साना सिंचाई कूलो निर्माणका लागि अनुदान उपलब्ध गराउने समेत १२,०५,०००। खर्च लेखेकोमा कृषक समूहले खरिद गरेको बिलमा उल्लेख भएको भन्दा बढी मूल्य अभिवृद्धि कर बापत रकम भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको रकम रु.१ लाख ३७ हजार असुल गर्नुपर्दछ ।

## जिल्ला पशु सेवा कार्यालय

१. **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सञ्चालन गरी बजेट खर्च गर्नुपर्नेमा केही कार्यक्रम संचालन नै नगरी, केहीको प्रगति प्रतिवेदन नवनाएको, बजेटको पूर्णउपयोग नगरी निष्कृय पारेको, जिन्सी निरीक्षण प्रतिवेदनको कार्यान्वयन नगरेको अवस्था छ । यसमा सुधार हुनुपर्दछ ।

२. **पशुपालन व्यवसायलाई अनुदान** : कार्यालयले यो वर्ष पशुपालन व्यवसायिहरुलाई पशु खरिद तथा गोठ, खोर सुधार समेतको कार्यका लागि विभिन्न समूह तथा फर्मलाई अनुदान दिई रु.६१,७९,७५०। खर्च लेखेकोमा अनुदानबाट गरिने कामको विवरण, अनुदान उपलव्ध गराएको रकम, अनुदान रकमबाट पशु उत्पादन र दुग्ध तथा मासु उत्पादनमा भएको वृद्धि सम्वन्धी विवरण माग गरिएकोमा उपलव्ध हुन आएन । जसले गर्दा अनुदान रकमको सहि उपयोग भएको छ, भन्ने स्थिती रहेन । कार्यालयले कम्तीमा विगत ५ वर्ष देखि अनुदान उपलव्ध गराएका पशुपालन फार्म, संचालक, अनुदान उपलव्ध गराएको रकम जस्ता विवरण देखिने गरि अभिलेख खाता राख्नु पर्नेमा सो अनुसारका खाता राखेको पाईएन । अतः विगत ५ वर्ष देखि अनुदान उपलव्ध गराएका पशुपालक फार्महरुको विवरण राखी प्रत्येक फार्महरुको अनुगमन गरेर सम्झौता अनुसार फार्म संचालन नगरेमा अनुदान रकम असुल उपर गराउने र फार्ममा कुनै समस्या देखिएमा औषधि उपचार लगायत प्राविधिक सेवा समेत उपलव्ध गराई पशु उत्पादनमा वृद्धि गर्ने तर्फ विशेष ध्यान दिनु पर्दछ ।

३. **अनुदान उपयोग** : एक वंगुर फार्मलाई कृषि व्यवसाय तथा व्यापार आयोजनाबाट समेत रु.४२,७७,१२३। अनुदान उपलव्ध गराएकोमा दोहोरो पर्ने गरी अनुदान उपलव्ध गराएको देखिन्छ भने यस कार्यालयले गत विगत वर्षमा अनुदान उपलव्ध गराएको थियो थिएन अभिलेख छैन । यो

वर्ष सो फार्मलाई रु.४००,०००। अनुदान उपलव्ध गराएको देखिन्छ । वंगुरफार्म वस्तीको वीचमा भएको र स्थानीय जनताले वंगुरपालन गर्न नदिई फार्म संचालनमा नरहेको जानकारी प्राप्त भयो । अतः अनुदान उपलव्ध गराउंदा स्थानीय वासिन्दाको मन्जुरीनामा मुचुल्का, स्थानीय निकायको सिफारिस, जग्गा धनी पूर्जा र भाडामा लिएकोमा सो को सम्झौता पेश भएपछि मात्र अनुदान दिनुपर्दछ । हाल सो फार्मलाई जुन प्रयोजनको लागि अनुदान उपलव्ध गराएको हो सो काम नभएकोले अनुदान दिएको रकम ४,००,०००। असुल गरी सम्वन्धित राजस्व खातामा दाखिला हुनु पर्दछ

४. **घाँसको बीउ खरिद** : कार्यालयले यो वर्ष विभिन्न घाँसको बीउ खरिद गरी रु.१३,५०,२००। खर्च लेखेको देखिएकोमा कृषकहरुलाई घांसको वीउ र घांसरोपणको लागि अनुदान उपलव्ध गराउंदा कृषकको स्वामीत्वमा रहेको वा जग्गा भाडामा लिएको प्रमाण, कृषकसंग भएको जग्गा मध्ये निजले घांस रोपणको लागि प्रयोग गर्ने क्षेत्रफल, कृषकले पालन गरिरहेको पशुहरुको संख्या समेतको आधारमा वितरण गर्नुपर्ने हुनछ । कार्यालयले कृषकबाट कुनै आवेदन नलिई र अनुगमन समेत नगरी ठूलो परिमाणमा घासको वीउ र नगद अनुदान दिएको देखिन्छ । निश्चित मापदण्ड र प्रमाणको आधारमा मात्र अनुदान दिनु पर्दछ ।

५. **मौज्दात** : जिन्सी खातामा रु.२०२,५००। को ४५००। के.जी.घासको विउ मौज्दात रहेको देखिन्छ । मौज्दात राख्ने गरि वीउ खरिद उपयुक्त देखिएन । अतः २०७३।७४ को कार्यक्रमबाट खरिद गर्नुपर्ने संख्या मध्ये उक्त परिमाण घटाएर मात्र खरिद गर्नु पर्दछ । बांकी रहेको सो विउको वितरणको प्रमाण पेश हुनुपर्दछ ।

६. **कर बीजक** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा आपूर्तिकर्ताले प्रापकलाई तोकिएको ढांचामा सिलसिलेवार नम्वर सहितको बीजक जारी गर्नुपर्ने उल्लेख छ। एक विक्रेताले २०७२।५।११ मा जारी गरेको कर बीजकको बिल नम्वर केरमेट भएको बीजक बाट रेनकोट खरिद गरी मूल्य अभिवृद्धि कर रु.१३७८०। समेत रु.१,१९,७००। खर्च लेखिएको उक्त मूल्य अभिवृद्धि कर रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गरी कर समायोजन पत्र पेश हुनुपर्दछ ।

७. **खोप** : यस वर्षको स्वीकृत कार्यक्रम अनुसार स्वाइन फिभर खोप कार्यक्रम १० हजार संख्याका लागि रु.५० हजार र खोरेत खोप कार्यक्रम संचालनका लागि दुइ पटकका लागि २०००० संख्याका लागि रु.१ लाख ५० हजार बजेट समेत रु.२०००००। बजेट खर्च भएकोमा उक्त खर्च साथ कुन कुन गाउं विकास समिति/नगरपालिका, सेवा केन्द्रले खोप लगाएको हो सोको संख्या सहितको प्रमाणीत कागजात पेश भएन ।

## पशु विकास फार्म

१. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ५० अनुसार कार्यालय जिन्सी निरीक्षण गरी पेश गरेको प्रतिवेदनमा ठूलो परिमाणका जिन्सी सामानहरु मर्मत गर्नुपर्ने र मर्मत हुन नसक्ने भनी औंल्याएको पाईयो । अतः प्रतिवेदनमा उल्लेख गरे अनुसार सामानहरु सोही नियम अनुसार लिलाम विक्री गरेर जिन्सी सामानहरु अद्यावधिक गरी चालु हालतमा राख्नु पर्दछ ।

२. **ज्यालादारी कामदार** : यस वर्ष चरण शाखा, भैंसी पालन शाखा, कुखुरा पालन शाखा, वंगुरपालन शाखा र भेडा पालन शाखा समेत ५ शाखामा मासिक ४२/४३ जनाको दरले ज्यालादारी कामदार राखी वर्ष भरिमा रु.६१,६१,३३१। खर्च लेखेकोमा सो को अलावा अन्य कामदार राखी थप रु.३७९५०२। को भरपाइ पेश गरी कर्मचारीलाई सोध भर्ना दिएको हुंदा वास्तविक ज्यालादारी कर्मचारी राखी काम गराउनु परेको हो भन्न सकिने अवस्था भएन । अतः फार्मको काम गर्नको लागि अत्यावश्यक संख्यामा मात्र ज्यालादारी कर्मचारी राखी काम गराउनु पर्दछ । त्यसैगरी एक कर्मचारीले चैत्र २६ देखि २८ र ३० गते गरी ४ दिन ५ ज्यालादारी कामदार राखी काम गराएको

ज्याला रु.७८२१। सोधभर्ना पाउं भनी २०७२।११।९ मा माग गरेको निवेदन तथा डोर हाजिर फाराम संलग्न गरी खर्च लेखेको छ । यस प्रकार ज्यालादारी कामदार चैत्र महिनामा राखिएकोमा काम गराएको १ महिना १७ दिन अगाडी नै सोध भर्ना माग गरेको निवेदनबाट खर्च लेखेको हुंदा खर्च वास्तविक छ भन्न सकिने अवस्था देखिएन ।

३. **पेश्की** : आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ७४(३) मा पेश्की लिने दिने दुवै थरीले तोकिएको म्याद भित्र पेश्की फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । खर्च भएको १ महिना २० दिन पछि मात्र पेश्की रु.६५,४००। फछ्यौंट गरी रु.८९२८। सोधभर्नाको लागी निवेदन दिएको र उक्त पेश्की फछ्यौंट गर्ने पदाधिकारीले पेश्की फछ्यौंटको लागि निवेदन दिएको ५ महिना २२ दिनपछि मात्र पेश्की फछ्यौंट गरी सोधभर्ना दिइएको हुंदा नियमावलीमा उल्लेख गरिएको समय अवधि वेवास्ता गरी पेश्की कारोवार भए गरेको हुंदा नियम पालना भएको देखिएन । यसतर्फ कार्यालयले ध्यान दिइ पेश्की लिने दिने दुवै थरीले समयमा पेश्की फछ्यौंट गर्नुपर्दछ ।

४. **दाखिला** : आयकर ऐन २०५८ अनुसार अग्रीमकर कट्टा गरिएको रकम सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्नेमा दाखिला नगरेको कारण राजश्व आम्दानी छुट भएको छ । अतःकार्यालयले राजस्व दाखिला गर्नुपर्ने रकम रु.३११७३० सम्वन्धितबाट असुल गरी राजस्व दाखिला गर्नु पर्दछ ।

५. **बिलभपाई** : आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६(३) मा बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । दुई कर्मचारीले तालिम संचालन गरी पेश्की फछ्यौंटको लागि पेश भएको बिल भरपाई रु १२१५०।- भन्दा बढी पेश्की फछ्यौंट भएकोले उक्त रकम निजहरुबाट असुल गर्नुपर्दछ । साथै एक कर्मचारीलाई ज्यालादारी कामदारलाई रु.१३,६८०। वितरण गरेको डोर हाजिर फाराम संलग्न गरी रु.३२,१३३। सोधभर्ना दिइएकोले बिल भरपाई भन्दा बढी सोधभर्ना दिएको रकम रु.१८४५३। निजबाट असुल गर्नुपर्दछ ।

६. **शीर्षक फरक** : आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३६ मा सम्बन्धित शीर्षकमा पर्ने खर्च मात्र खर्च गर्ने आदेश दिन सक्ने व्यवस्था छ । एक विक्रेताबाट एयर कन्डीसन १ सेट रु ९९८३२।- खरिद गरेकोमा उक्त रकम मेशिनरी औजार बजेट रकमबाट खर्च लेख्नु पर्नेमा कार्यक्रम खर्चबाट खर्च लेखेको हुंदा खर्च नियमित देखिएन ।

७. **कर समायोजन** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार सिलसिलेवार नम्वर सहितको तोकिए बमोजिमको ढांचामा आपूर्तिकर्ताले कर बीजक जारी गर्नुपर्ने उल्लेख छ । दुई आपूर्तिकर्तालाई बीजक नम्वर उल्लेख नगरिएको बीजकबाट मूल्य अभिवृद्धि कर १४२९६। भक्तानी गरिएकोले उक्त रकमको मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा सप्लायर्सहरुबाट मूल्य अभिवृद्धि कर रकम असुल गरि राजस्व दाखिला गर्नुपर्दछ ।

८. **धरौटी फिर्ता** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (२) मा रिटेन्सनमनी बापतको रकम सम्वन्धित निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछी मात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेकोमा एक निर्माण सेवाको धरौटी रु.४०,०५४। फिर्ता खर्च लेखेकामा सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात संलग्न गरेको देखिएन ।

९. **कच्चा पर्दाथ खरिद** : फार्मले गाई,भैंसी, भेडा, वाखा, वंगुर, कुखुरा आदि पशुपंक्षीलाई चाहिने दाना उत्पादन गर्ने कारखाना आफैले संचालन गर्ने गरेको दाना उत्पादनको लागि चाहिने आवश्यक कच्चापदार्थ १,८८,९५२। के.जी. खरिदमा रु.१,२४,२६,१५९। खर्च गरेको छ । आफै कारखाना संचालन गर्ने भएपछि आफनो फार्ममा उत्पादन भएको कच्चापदार्थ नपुग हुने भएमा आवश्यक परिमाणको लागत अनुमान तयार गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ अनुसार बोलपत्रको माध्यमबाट खरिद गरेमा कच्चापदार्थको आपूर्ति नियमित हुने गुणस्तरीय कच्चा पदार्थ

जांच गरेर लिन पाईने, र सस्तो मूल्यमा पाईनेमा पटक पटक खुला दरभाउ पत्रको माध्यमबाट खरिद गरेको देखियो । अतः नियममा व्यवस्था भए अनुसार बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्दछ ।

१०. **छुट नलिएको** : कम्पाउण्डवाल निर्माण कार्यका एक निर्माण व्यवसायीको कवोल अंक रु.५४,१३,९२५। मा ५ प्रतिशतले छुट दिने उल्लेख गरी कायम भएको अंक रु.५१,४८,२३०। मा २०७२।१।२० मा सम्झौता भएको देखिन्छ । उक्त कार्य रु.५१,०९,१७९। को लागतमा कार्य सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन पेश भएकोले ५ प्रतिशतले रु.२,५५,४५९। कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेमा कट्टा गरेको नदेखिएकोले मूल्य अभिवृद्धि कर समेत बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

११. **बढी भुक्तानी** : कम्पाण्डवाला निर्माणका निर्माण व्यवसायीलाई प्रोभिजनल सम बापत वीमाको रकम रु.१००,०००। भुक्तानी दिएकोमा निजले वीमाको प्रिमियम रु.१०,४६७। मात्र तिरेको वील पेश गरेकोले बिल बमोजिमको रकम मात्र भुक्तानी दिनु पर्नेमा बढी भुक्तानी दिएको रकम ८९ हजार असुल हुनुपर्दछ ।

१२. **बढी ग्रेड** : निजामती सेवा ऐन, २०४९ अनुसार तलवी प्रतिवेदन पारित गराएर मात्र तलव र ग्रेड भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयको पारित तलवी प्रतिवेदन भन्दा २ कर्मचारीलाई बढी ग्रेड रकम रु ९१५२।- भुक्तानी लिएको देखिएकोले बढी ग्रेड रकम सम्वन्धित बाट असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

१३. **दाखिला** : आयकर ऐन २०५८ अनुसार कट्टि गरेको अग्रिम कर रु १२८९३।० दाखिला गर्न बाँकी देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१४. **कोष खाता** : कार्यालयले कृषि फार्म/केन्द्रहरुको दोहोरो मार्ग व्यवस्थापन प्रणाली तथा अतिरिक्त कार्यक्रम संचालन कोष सम्वन्धी कार्यविधि, २०६० बमोजिम कृषि क्षेत्रको आय शीर्षकमा उठेको रकम मध्ये ५० प्रतिशत नेपाल सरकारको संचित कोष दाखिला र ५० प्रतिशत कार्य संचालन कोष खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा यो वर्ष उक्त शीर्षकमा प्राप्त भएको रु.४०,८००। मध्ये २०,४००। संचित कोष दाखिला गरेको र बांकी रु.२०,४००। धरौटी खातामा आम्दानी जनाएकोले कार्य संचालन कोष खातामा फिर्ता गर्नुपर्ने देखिन्छ ।

## राष्ट्रिय पशु प्रजनन केन्द्र

१. **थप व्ययभार** : आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३५ मा रकम स्वीकृत बजेट वित्र र सम्वन्धित खर्च शीर्षकमा खर्च गर्न बांकी छ भने अधिकार प्राप्त अधिकारीले खर्च गर्न र खर्च गर्ने निकासा दिनु पर्दछ । कार्यालयको सवारी साधन नविकरण तथा बीमा बापतको रकम भुक्तानी गर्न रु.१,५०,०००। पेश्की दिइएको र निजले ६ सवारी साधनहरुको नविकरण तथा विमा गरेको कागजातबाट रु.१,५०,०००। पेस्की फछ्र्यौट गरी रु.२७,४७८। सोधभर्ना दिइएको फांटवारीमा सवारी साधनको रु.४१,५८०। जरिवाना समेत खर्च लेखेको देखियो । यस प्रकार सवारी साधन नविकरण र बीमा गर्नुपर्ने समयमा नगरिकन जरिवाना समेत खर्च लेख्नुपर्ने गरी ढिलाई गरेकोले कार्यालयलाई थप आर्थिक व्ययभार परेको रकम रु ४१५८०।- सवारी साधन र प्रयोग गर्ने जिम्मेवार पदाधिकारी बाट असुल गरी राजश्व खातामा दाखिला गर्नु पर्दछ ।

२. **ढिला दाखिला** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३ अनुसार राजस्व रकम दैनिक रुपमा नन् अपरेटिम रेभिन्यू एकाउण्टमा जम्मा गर्नुपर्नेछ र नगद राजस्व आम्दानी वैंङ्क दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र त्यस्तो नगद वैंङ्क दाखिला गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ । तर कार्यालयले राजस्व रकम आम्दानी गरी वैंङ्क दाखिला गर्दा

ढिलो गरी १ महिनामा १ पटक मात्र दाखिला गर्ने गरेको देखियो अतः नियमावलीमा भएको व्यवस्था अनुसार राजस्व रकम वैंङ्क दाखिला गरिनु पर्ने देखिन्छ ।

३. **खाता प्रयोग** : प्रत्येक कार्यालयले अर्थ मन्त्रालयबाट स्वीकृत राजस्व वर्गीकरण र व्याख्या अनुरुप राजस्व कारोवारमा म.ले.प. फा.नं. १०८ र १०९ खाता प्रयोग नगरी राजस्व आम्दानी र वैंङ्क दाखिला गर्ने गरेको देखियो । आधारभूत खाताको अभावमा खर्च यथार्थ रुपमा लेखांकन नहुने र आन्तरिक नियन्त्रण समेत नहुने देखियो, यस तर्फ कार्यालयले आवश्यक सुधार गर्नुपर्ने देखिन्छ ।

४. **धरौटी फिर्ता** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (२) मा रिटेन्सन मनीको रकम सम्वन्धित निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि मात्र भुक्तानी दिनु पर्ने छ भन्ने व्यवस्था रहेको छ। कार्यालयले धरौटी रु.१,८५, ७४६। फिर्ता गर्दा सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण वेगर खर्च गरेको देखियो ।

५. **संक्कल भौचर** : कार्यालयले धरौटी रकम आम्दानी जनाउंदा वैंङ्कमा दाखिला भएको सक्कल वैंङ्क भौचरका आधारमा मात्र आम्दानी देखाउनु पर्नेमा २ निर्माण व्यवसायी/सप्लायर्सको फोटोकपी वैंङ्क भौचरको आधारमा रु ६२ हजार आम्दानी वांधेको देखिएकोले सक्कल वैंङ्क भौचर पेश हुनुपर्दछ ।

६. **कार्यसम्पन्न प्रतिवेदन** : जिल्ला पशुसेवा कार्यालय, म्याग्दीको ट्रेविज निर्माण बापतको २०७२।७३ को पेश्की फछ्र्यौट गरी श्रेस्ता परिक्षणको लागि पेश भएकोमा श्रेस्ता परिक्षण गर्दा जिल्ला पशुसेवा कार्यालय, म्याग्दीले एक निर्माण व्यवसायीलाई ट्रेवीज निर्माणका लागि २०७३।३।८ मा कार्यादेश दिएकोमा कार्य सम्पन्न गरी बिल, कार्य सम्पन्न प्रतिवेदन तथा निवेदन संलग्न राखी भुक्तानी हुनु पर्नेमा उक्त निर्माण व्यवसायीको २०७३।३।२५ मा काम सम्पन्न गरेको भनी दिएको निवेदनको आधारमा रु ३८१५३।- भुक्तानी गरेको देखिएकोले उक्त कन्स्ट्रक्सनको बिल तथा कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

## आयोजना कार्यान्वयन सहयोग समुहको कार्यालय

१. **बजेट निष्क्रिय** : यो वर्ष विभिन्न कृषि उप आयोजना संचालनको लागि र अन्य कार्यको लागि समेत वार्षिक कार्यक्रम स्वीकृत भई रु.१८,२१,०७,०००। बजेट व्यवस्था भएकोमा रु.८,६७,२२,३९८। मात्र खर्च भई रु.९,५३,८४,६०२। खर्च हुन सकेको छन । बैदेशीक अनुदान र ऋण सहयोग बापत प्राप्त भएको रकम लक्षित कार्यक्रम अनुसार कार्यक्रम संचालन गर्न नसकि बजेट निस्कृय वनाएको उपयुक्त देखिएन ।

२. **जिन्सी सामान** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० अनुसारको जिन्सी निरीक्षण प्रतिवेदनमा जिन्सी सामानहरु मौज्दातमा नरहेकोमा कतिपय सामानहरु तत्कालीन कार्यरत कार्यालय प्रमुख र अन्य कर्मचारीको जिम्मा रहेको उल्लेख छ । सरुवा भएका कर्मचारीलाई जिन्सी सामान वरवुझारथ नगरी रमाना दिएको, लिएको कानून सम्मत देखिएन । प्रतिवेदनमा उल्लेख गरेका रु.१० लाख १ हजारका जिन्सी सामानहरु तत्काल फिर्ता गर्नुपर्ने अन्यथा सामान प्रयोगकर्ताबाट असुल हुनुपर्दछ। त्यसै गरी व्यवसायिक कृषि तथा व्यापार आयोजना, काठमाडौंबाट २०७२।९।१२ मा ल्यापटप १ थान रु.९९१९८। को हस्तान्तरण फाराम भरी एक कर्मचारी हस्ते पठाएको देखिन्छ। उक्त ल्यापटप जिन्सी खातामा आम्दानी जनाएको नदेखिएकोले दाखिला प्रमाण पेश हुनुपर्दछ। अन्यथा प्रयोगकर्ताबाट असुल हुनुपर्दछ ।

३. **आषाढ महिनाको खर्च** : अर्थ मन्त्रालयले वार्षिक कार्यक्रम तथा खर्च गर्ने अख्तियारी साथ दिएको निर्देशन अनुसार अन्तिम चौमासिक अवधि तथा आषाढ महिनामा कुल खर्चको क्रमश ४० र २० प्रतिशत भन्दा बढी हुने गरी खर्च गर्न नहुने व्यवस्था गरेको छ । कार्यालयले यो वर्ष कुल खर्च रु.८,६७,२२,३९८।५४- गरेकोमा तेस्रो चौमासीकमा ३४६३८०१२। र आषाढ महिनामा

रु.१६१००१३२। खर्च गरेको छ । यसले अन्तिम चौमासिक अवधि तथा आषाढमा खर्च गर्न पाउने अर्थ मन्त्रालयको निर्देशन पालना र अन्तिम अवधिमा गरिने खर्चको चाप तथा शुद्धतामा असर पारेको छ । अतः अर्थ मन्त्रालयको निर्देशन अनुसार सन्तुलन मिलाएर चौमासीक तथा आषाढमा गरिने बजेट खर्च नियन्त्रण गरिनु पर्ने देखिन्छ ।

४. **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार अनुगमन गर्ने र अनुगमन पश्चात अनुगमन प्रतिवेदन दिने, त्यसको कार्यान्वयन एवं पृष्ठपोषण लिने गरेको देखिएन । यसबाट आन्तरिक नियन्त्रणको प्रभावकारितामा असर परेको छ । अतः उल्लिखित व्यवस्था अनुसार आन्तरिक नियन्त्रण सम्बन्धि व्यवस्था प्रभावकारी बनाईनु पर्ने देखिन्छ ।

५. **परामर्शदाताको कर्मचारीलाई भुक्तानी** : परामर्शदाताको तर्फबाट नियुक्त भई कार्यरत रहेका कर्मचारीहरुलाई भ्रमण आदेश दिई दै.भ्र.भ. भुक्तानी गर्ने गरेकोमा परामर्शदाताको तर्फबाट कार्यरत रहेका कर्मचारीलाई काज खटाउने र दैनिक भ्मण भत्ता भुक्तानी दिने आधार पेश भएन । तसर्थ कर्मचारीलाई भ्रमण खर्च लेखेको रु ८८ हजार खर्च लेख्ने आधार पेश हुनु पर्ने अन्यथा असुल हुनुपर्दछ ।

६. **उप आयोजना** : व्यवसायिक कृषि तथा व्यापार आयोजनाबाट यस कार्यालयको कार्यक्षेत्र अनुगमन भित्र संचालन गर्ने गरी २७४ उप आयोजनासंग रु.१,५२,९८,४८,५९५। को सम्झौता भएको मध्ये आयोजनाको तर्फबाट रु.७२,५३,२४,४९४। भुक्तानी दिने व्यवस्था भएकोमा यो वर्षको भुक्तानी रु.५,७२,५४,७९१। समेत जम्मा भुक्तानी रु.२७,१५,६०,०९२। भएको विवरण पेश भएको छ । प्रथम दोश्रो र तेश्रो आव्हानको सम्झौता अवधि समाप्त भइसकेको भएतापनि सम्पूर्ण आयोजनाहरु सम्पन्न नभई आयोजनाबाट व्यहोर्नु पर्ने रकम पनि क्रमशः ८६.४२,८४.३७ र ४४.१७ प्रतिशत मात्र खर्च भएको अवस्था छ । उक्त उपभोक्ताहरुको संचालन अवस्था सम्वन्धमा विवरण माग गरिएकोमासंचालन अवस्था सम्वन्धमा कुनै उल्लेख भएन । जसले गर्दा अनुगमनको अवस्था प्रभावकारी देखिएन । अनुगमनका आन्तरिक संयन्त्र एंव परामर्श दाताको व्यवस्था हुदा समेत अभिलेखीकरण गरी वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक नगर्ने हो भने बैदेशीक ऋण र सहायता रकमको सदुपयोग हुन नसकने देखिन्छ । अतः भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न भएको भनेको आयोजनानै सम्पन्न नभएको हुंदा अनुदान ग्राहीले कम्तीमा ५ देखि १० वर्ष सम्म उत्पादन कार्य नगरेमा अनुदान रकम फिर्ता गर्ने व्यवस्था हुनुपर्दछ ।

७. **संचालनमा नरहेको आयोजना** : अनुदान उपलव्ध गराएका ९ उप आयोजनाहरुको पूर्वाधार निर्माण कार्य समेत सम्पन्न नभएको र कुनैको सम्पन्न भएतापनि हाल संचालनमा नरहेको विवरण पेश भएको छ । ती उप आयोजनाहरुलाई रु.. १,१०,०६,४२७– भुक्तानी भईसकेको छ । यसरी सरकारी रकम प्राप्त गरेर पूर्वाधार निर्माण कार्य पनि नगर्ने र पूर्वाधार निर्माण गरेतापनि व्यवसाय संचालन नगर्ने ती अनुदान ग्राहीलाई भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

८. **बढी भुक्तानी** : कास्की एक को-अपरेटीभसंग रु.७६,४०,०००। को उप आयोजना सम्पन्न गर्ने सम्झौता भएको र आयोजनाको तर्फबाट रु.३४,९७,५००। भुक्तानी गर्ने भनिएकोमा रु.५१,४५,०००। मा आयोजना सम्पन्न भएको भनी उल्लेख छ । उक्त आयोजनालाई नगरेको कामको बढी भुक्तानी भएको भनी विवरणमा उल्लेख गरेको देखिएकोले बढी भुक्तानी रु.११,१७,५००। असुल हुनुपर्दछ ।

९. **कार्य सम्पन्न** : तेश्रो आव्हान अन्तर्गत ५३. उप आयोजनासंग रु.५८,२१,२६,५५९। को सम्झौता भएकोमा आयोजनाले व्यहोर्ने रकम रु.१९,४९,०३,७८३। मध्ये रु.८,६०,९९,०७४। अर्थात ४४.१७ प्रतिशत भुक्तानी भएकोमा १९ उप आयोजनाहरु सम्पन्न भई ३४ उप आयोजनाहरु ६४.१५ प्रतिशत सम्पन्न हुन बांकी देखाएको छ । पूर्वाधार निर्माण कार्य सम्पन्न गर्न केही समय अवधि

बांकी रहेका ति उप आयोजनाहरु सम्पन्न गराई एवं पूर्वाधार निर्माण कार्य सम्पन्न भएका आयोजनाहरु लाई निरन्तर उत्पादन कार्य गर्न लगाई उत्पादन वृद्धिको साथै व्यवसायिको आयस्तर वृद्धि गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१०. **पेश्की फछ्र्यौट** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) मा कार्य संचालनको लागि दिएको पेश्की कार्यक्रम सम्पन्न भएको २१ दिनभित्र बिल भरपाई सहित पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । आयोजनाले विभिन्न संस्थाहरुलाई दिएको अनुगमन खर्च पेश्की रु.३ लाख १० हजार हाल सम्म पनि फछ्र्यौट नभएकाले नियमावलीको पालना गरि पेश्की फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।

## क्षेत्रीय कृषि तालिम केन्द्र

१. **आन्तरिक नियन्त्रण** : जिन्सी प्रतिवेदनले उल्लेख गरे अनुसार लिलाम विक्री कार्य नगरेको तोकिएको अवधि सम्मको कार्य सम्पादन जमानत नलिएको तालिमको प्रभावकारीता अध्ययन नगरेको, पेश्की दिदा आवश्यकता एकिन नगरेको अवस्था छ । यसमा सुधार हुनुपर्दछ ।

२. **आषाढ महिनाको खर्च** : यो वर्ष कूल खर्च रु.१,६०,८६,६६१। गरेकोमा आषाढ महिनामा रु.४३,०७,९८२। अर्थात २६ प्रतिशत खर्च गरेको छ । सन्तुलन मिलाएर बजेट खर्च गर्नुपर्दछ ।

३. **वार्षिक खरिद योजना** : सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार रु.१० लाख भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । तालिम केन्द्रलाई पूंजीगत तर्फ रु.२,१३,२०,०००। बजेट व्यवस्था भएतापनि नियमानुसार खरिद योजना तयार गरेको पाइएन । अतः नियमावलीमा व्यवस्था भए अनुसार खरिद योजना तयार गरी खर्च गर्ने व्यवस्था गरिनुपर्दछ ।

४. **बढी भुक्तानी** : एक निर्माण व्यवसायी कम्पनीलाई तालिम तथा सेमिनार हल निर्माण कार्यको रु.१,२४,८५,७०५।५७ (मु.अ.कर समेत) को अद्यावधिक काम भएकोमा रु.१,२५,१७,३३३।८५ भुक्तानी गरेकोले बढी खर्च गरेको रु ३१६२७।५७ असुल गरी राजश्व खातामा दाखिला हनुपर्दछ ।

## सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार स्वीकृत कार्यक्रममध्ये केही कार्यक्रम न्यून प्रगति भएको सहकारी संस्थाको अनुगमन प्रतिवेदनको प्रभावकारी कार्यान्वयन नगरेको लेखापरीक्षण प्रतिवेदन र वार्षिक विवरण पेश नगर्ने सहकारी संस्थालाई आवश्यक कारबाही नगरेको स्थिति छ । यसमा सुधार हुनुपर्दछ ।

## यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, गण्डकी

१. **आन्तरिक नियन्त्रण** : प्रचलित नियमको पालना गरी आन्तरिक नियन्त्रण भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । कार्यालयले राजस्व असुलीको लक्ष्य नतोकेको, इ बिल र सुरक्षा चिन्ह होलोग्रामको सहायक जिन्सीखाता नराखेको, चालक अनुमती पत्रको अद्यावधिक अभिलेख व्यवस्थित नभएको, सवै आम्दानी र सोको लेखा प्रणालीलाई कम्प्यूटर प्रणालीमा आवद्ध नगरेको, राजश्व आम्दानी दाखिला विवरण भरपर्दो नभएको, सेवा प्रवाहलाई सुचारु गर्न डि.एल.आर.एस. सिस्टमको वैकल्पिक व्यवस्था नगरेको, रसिद नियन्त्रण खाता नराखेको, वार्षिक रुपमा नविकरण गर्ने वास्तविक संख्या यकिन गर्न सकिने सफ्टवेयर तयार नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनुपर्दछ ।

२. **कम्प्यूटर प्रणाली** : कार्यालयले गत विगत वर्षदेखि भेहिकल रजिष्ट्रशन सिष्टम (भि.आर.एस.) ड्राइभिङ लाइसेन्स रजिष्ट्रेशन सिष्टम बापत असुल हुने राजश्व विद्युतीय बिलको माध्यमबाट असुल गर्ने गरेको छ । सो वाहेकको राजश्व आम्दानी नगदी रसिदबाट प्राप्त गर्ने गरेको छ । हस्तलिखित

नगदी रसिद Posting गरेको आधारमा सम्वन्धित Software ले म.ल.प.फा.नं. १०८ (क) र १०८ (ख) तयार गरेको देखियो भने म.ले.प. फा.नं. १०८ र १०९ र २३ Mannualy Posting गरेको आधारमा तयार गरेको छ। जसले गर्दा यातायात व्यवस्था विभागले लागू गरेको हालको Software ले सवै आम्दानी र सोको लेखा प्रणालीलाई समेट्न सकेको देखिएन । यस तर्फ कार्यालय र यातायात व्यवस्था विभागले ध्यान दिनुपर्ने देखिन्छ ।

- Electronic Billing बाट २०७३ आषाढ १५ गते रु.२,३४,४००। र नगदी रसिदबाट १४००। गरी रु.२,३५,०००। प्राप्त भएको, उक्त रकम म.ले.प. फा.नं. २३ मा पोष्टीङ गर्दा रु.९०,०००। ले बढी पोष्टीङ गरेको र प्राप्त भएको रकम भोलीपल्ट २०७३ आषाढ १६ गते प्राप्त गरेको सो रकम दाखिला गर्दा नगद बांकी महलमा बढी पोष्टीङ गरेको रकम देखिनु पर्नेमा सुन्य नै देखिएबाट कार्यालयले राजश्व आम्दानी दाखिला विवरण म.ले.प. फा.नं. २३ भरपर्दो छ भन्न सकिने अवस्था नभएको पाइयो । अतः यसमा सुधार हुनुपर्दछ ।
- २०७२ श्रावण ११, १३, र १४ गते डि एल आर एस सिस्टममा खरावी आएकोले इ वीलबाट राजश्व सम्बन्धी कुनै कारोवार हुन नसकेको उल्लेख छ। यस प्रकार सिस्टममा खरावी आउंदा कार्यालयले वैकल्पिक व्यवस्था अपनाई सेवा ग्राहीलाई सेवा दिने गरेको देखिएन । यस सम्वन्धमा कार्यालय र तालुक निकायले पनि वैकल्पिक व्यवस्था तर्फ विचार गरी सेवाग्राहीलाई सेवा दिई राजवश्व संकलन गर्नु पर्दछ ।
- कार्यालयले इ बिल काट्दा बिल नं. कम्प्यूटरमा गल्ती पोष्टीङ गर्ने गरेबाट कम्प्यूटर सिस्टमबाट दैनिक राजश्व आम्दानी देखिने विवरणमा इ बिल सिलसिलेवार नआउने गरेको सो सम्वन्धमा आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धी व्यवस्था समेत नहुने गरेबाट उठेको राजश्व सवै पोष्टीङ नै भएको छ भन्न सकिने अवस्था पनि नरहेको स्थिति छ । इ बिल काटेको बिल नम्वरहरु सिलसिलेवार भए नभएको विच विचमा रसिद नम्वर ग्याप रहेकोमा उक्त रसिद नम्वर क्यान्सिल भएको वा के भएको हो खुलाउने नगरेको सम्वन्धमा कार्यालयले आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था हुनुपर्दछ ।
- कार्यालयले २०७२ श्रावण १० गते र १२ गते DLRS सिस्टमको Backup विग्रीएको कारण सवै रेकर्ड उडेकोले उक्त दिनको कम्प्यूटर प्रणालीबाट कुन कुन नम्वर इ बिल प्रयोग भै राजश्व आम्दानी भएको छ सोको प्रतिवेदन ननिस्केको उल्लेख गरी श्रावण १० गते र १२ गते क्रमश रु.१,७१,८००। र १,३९,३००। आम्दानी भएको दैनिक आम्दानी अभिलेखमा जनाईएको छ। यसरी रसिद पेस नभएकोले उक्त आम्दानी यकिन गर्न सकिएन ।

## यातायात व्यवस्था  कार्यालय, गण्डकी (सवारी)

१. **आन्तरिक नियन्त्रण** : कार्यालयको कार्यप्रभावकारिता अभिवृद्धि गर्न आन्तिरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्नेमा, राजश्व आयको लक्ष्य तोकि तुलना योग्य नवनाएको, खरिद सम्वन्धी मौज्दात सुची तयार नगरेको, समानुपातिक हिसावले खर्च गर्नुपर्नेमा तेश्रो चौमासिक र आषाढमा बढी खर्च गरेको, सवारी साधन तथ्याङ्क अद्यावधिक गरि नविकरण सम्वन्धमा अनुगमन गर्न नसकेको जिन्सी निरिक्षण प्रतिवेदनको कार्यान्वयन नभएको मासिकरुपमा वैक हिसाव विवरण तयार नगरेको बिलवुक र इबिलको सहायक जिन्सी खाता नराखेकोले खर्च र वाँकी स्पष्ट नभएको स्थिति छ । यसमा सुधार हुनुपर्दछ ।

२. **सोभ्कै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले पच्चीस हजार रुपैंया भन्दा बढी रकमको सोभ्कै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता निर्माण व्यवसायी परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्नेछ भन्ने व्यवस्था छ। कार्यालय सम्वन्धी खर्च शीर्षकमा रु.१३ लाख बजेट विनियोजन र निकासा तथा खर्च भएको देखिएकोमा नियमावलीमा भएको व्यवस्था

बमोजिमको प्रकृया नपुर्याई पटक पटक सोझै खरिद गरी खर्च लेखेको देखिएकोले नियमावलीमा व्यवस्था भएबमोजिमको खरिद प्रकृया अनुसार खरिद गर्ने व्यवस्था गर्नु पर्दछ ।

३. **बिल भन्दा बढी खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चका वील भरपाई सहितको लेखा राख्नु पर्दछ भन्ने व्यवस्था रहेको छ । कार्यालय संचालन खर्च शीर्षकमा रु.८३ हजार खर्च लेखकोमा रु.८१ हजार को मात्र वील भरपाई संलग्न रहेकोले वील भरपाई वेगरको खर्च रु २ हजार असुल गरिनुपर्दछ ।

४. **जरिवाना** : कार्यालयले आफूले तिर्नु वुझाउनुपर्ने महशुल समयमा नै तिर्नु वुझाउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले पानीको महशुल रु.५७ हजार भुक्तानी गर्दा जरिवाना रु.१२ हजार समेत जोडेर भुक्तानी दिएको देखिएकोले सरकारी महशुल भुक्तानीमा जरिवाना तिरेको रकम अनियमित देखिएको छ ।

५. **बढी ग्रेड भुक्तानी** : निजामती सेवा ऐन, २०४९ मा सम्वन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलव र ग्रेड पारीत गराई मात्र खर्च लेख्नु पर्ने व्यवस्था छ । कार्यालयका २ कर्मचारीलाई पारित प्रतिवेदन भन्दा रु १८४८ बढी भुक्तानी गरेको देखिएकोले बढी ग्रेड भुक्तानी भएको रकम सम्वन्धितबाट असुल गरिनुपर्दछ ।

६. **राजस्व** : आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ९(२) मा सेवाग्राहिबाट प्राप्त हुने राजस्व सोझै वैंक मा जम्मा भई प्राप्त हुन आएको वैंक भौचर र कार्यालयले नगद संकलन गरी वैंकमा दाखिला गरेको बैंक भौचर समेतको सम्वन्धित खातामा प्रविष्टी गरी गोश्वारा भौचर उठाइ त्यस्तो रकमको आम्दानी जनाई लेखा राख्नु पर्ने उल्लेख छ । कार्यालयले सवारी दर्ता प्रणालीबाट दैनिक रुपमा दैनिक आम्दानी विवरण राखी दाखिला विवरण मे.ले.प. फा.नं. २३ मा पोष्टीङ गर्ने गरेको छ सो पोष्टीङ गरेको आधारमा यस आर्थिक वर्षमा रु.५८ करोड ६० लाख ३७ हजार आम्दानी भएको छ भने कार्यालयको नाममा वैकमा जम्मा भएको राजश्व आम्दानी रु.५९ करोड १७ लाख ११ हजार भएकोले २०७३।४।१० मा कार्यालयले सन्तुलन परिक्षण तयार गरी फरक परेको रु.५६ लाख ७४ हजार समावेश गरी हिसाब मिलान गरेको देखियो । यस प्रकार कार्यालयले लागू गरेको सवारी दर्ता प्रणालीबाट वास्तविक राजस्व आम्दानीको हिसाव किताव राख्न सकिएको छैन यसमा सुधार गर्नुपर्ने देखिन्छ

## पश्चिमाञ्चल क्षेत्रीय सडक निर्देशनालय, पोखरा

१. **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ अनुसार स्वीकृत वार्षिक कार्यक्रम अनुसार चौमासिकगत कार्यक्रम सञ्चालन गर्ने लक्ष्य अनुसार कार्यक्रम सञ्चालन गरी खर्च गर्नुपर्नेमा तेश्रो चौमासिक र आषाढमा बढी खर्च गरेको प्रथम चौमासिकमा गर्नुपर्नेमा आषाढ महिनामा ठेक्का सम्झौता गरेको जिन्सी समानको मुल्य खुलाई नराखेको, मर्मत संभार र लिलाम विक्री कार्य नगरेको, अवस्था देखिन्छ, यसमा सुधार हुनुपर्दछ ।

२. **परामर्श** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २३(२) बमोजिम स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्वन्धित मन्त्रालयले आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र सम्वन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । तर सडक विभागले मिति २०७३।३।९ मा रु.१० लाखको अख्तियारी पठाएको पाइयो र क्षेत्रीय निर्देशनालयले उक्त अख्तियारी पत्र प्राप्त नभएको अवस्थामा सिद्धार्थ राजमार्गको सिद्धवावा नजिकको चट्टान पहिरो खण्ड पूर्ण सरक्षित प्रणाली अर्थात/सुरुङ प्रस्ताव तयार गर्ने सम्वन्धी कार्यको डिटेल प्रोजेक्ट रिपोट तयार गर्न परामर्शदातासंग मिति २०७३।१।१५ मा सम्झौता गरी आषाढ महिनामा रु.९,५३,७२०। भुक्तानी गरेको सन्दर्भमा क्षेत्रीय निर्देशनालयले यस प्रकार अख्तियारी प्राप्त नै नगरी आर्थिक वर्षको अन्तिम चौमासिकमा परामर्शदाता मार्फत डिटेल प्रोजेक्ट रिपोर्ट तयार गराउनु र उक्त रिपोर्टको अभिलेख नराखेको

अवस्थामा उक्त परामर्शदाता मार्फत गराएको खर्च रु ९ लाख ५४ हजार नियमित भन्न सकिने अवस्था देखिएन ।

३. **बीमा बिल** : क्षेत्रीय प्रयोगशाला भवन निर्माण व्यवसायीलाई रु.१२ लाख ९७ हजार भुक्तानी दिंदा प्रोभिजन सम अन्तर्गत वीमा बापत को रकम रु.२० हजार भुक्तनी दिएकोमा वीमा पोलीसी र प्रिमियम तिरको प्रमाण नभएकोले वीमा गराएको भए प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्दछ ।

४. **धरौटी फिर्ता** : एक निर्माण सेवालाई २०६९।७० र ०७०।७१ को कट्टा भएको धरौटी भनी रु.५१ लाख ८८ हजार फिर्ता खर्च लेखेकोमा आन्तरिक राजस्व कार्यालयले कारोवार उल्लेख गरी करचुक्ता प्रमाण पत्र दिएकोमा कारोवार अंकको ५ प्रतिशतले धरौटी रकम रु.३० लाख ८८ हजार मात्र हुनेमा रु.५१ लाख ८८ हजार फिर्ता भुक्तानी दिई २१ लाख बढी धरौटी भुक्तानी दिएको देखिएको सम्वन्धमा प्रमाण पेश हुनुपर्दछ ।

## हेभी इक्विपमेन्ट डिभिजन कार्यालय

१. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) मा स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्वन्धित मन्त्रालयले आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र सम्वन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । तर कार्यालयलाई बजेट उप शीर्षक नं. ३३७०१५३ मा शुरु अख्तियारी २०७२।४।२० मा रु.१,०६,५७,०००। को प्राप्त भएको र त्यसपछि सडक विभागबाट प्राप्त भएको छ । यस शीर्षकमा जम्मा खर्च रु.१,०४,०८,६६९।– भएको तर पनि थप अख्तियारी पठाएको पाइयो । यस प्रकार नियमावली अनुसार समयमा अख्तियारी नपठाएको र थप अख्तियारी आवश्यक नै नभएको अवस्थामा थप अख्तियारी पठाएको छ । यस सम्वन्धमा कार्यालय र तालुक निकायले समन्वय गरी आवश्यक बजेट समयमा अख्तियारी पठाउनु पर्दछ ।

२. **जिन्सी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) को व्यवस्था अनुसार लिलाम विक्री नगरेको सवारी साधन मर्मत गर्दा मर्मत अभिलेख खाता म.ले.प.फा. नं. २ अद्यावधिक नगरेको देखिएको छ । यसमा सुधार हुनुपर्दछ ।

३. **फरक शीर्षक** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ (२) (क) बमोजिम खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले खर्चको निकासा दिंदा रकम स्वीकृत बजेट भित्र र सम्वन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बांकी छ भने मात्र खर्च गर्ने निकासा को आदेश दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले कार्यालय संचालन खर्च शीर्षकबाट मर्मत खर्च कार्यमा रु.७८१४५। रकम खर्च लेखेको देखिएकोले शीर्षक फरक पारी खर्च लेखेको रकम नियमसम्मत देखिएन ।

## डिभिजन सडक कार्यालय

१. **बजेट निष्क्रीय** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ अनुसार स्वीकृत कार्यक्रम अनुसार, संचालन गर्ने भनिएका कार्यक्रमहरु सोही अनुसार संचालन गरी बजेट खर्च गनुपर्दछ । यो वर्ष विभिन्न सडक निर्माण, स्तरोन्नति तथा मर्मत संभार कार्यको लागि रु.६८,४९,२८,०००। बजेट विनियोजन भएकोमा रु.५२,३५,९९,९१४। खर्च गरी रु.१६,१३,२८,०८६। बजेट निस्कृय भएको छ । सडक तथा सडकपुल निर्माण, स्तरोन्नति तथा मर्मत सम्भार गरी यातायातको सुविधा उपलब्ध गराउने कार्यको लागि वार्षिक कार्यक्रम स्वीकृत भई बजेट व्यवस्था भएको अवस्थामा खर्च गर्न नसकि निष्क्रीय बनाउनु उपयुक्त देखिएन ।

२. **लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ अनुसार १४८ कार्यक्रम संचालन गर्नुपर्ने गरी वार्षिक कार्यक्रम स्वीकृत भएकोमा नियम २०(१) र २५ अनुसारको ढाँचामा प्रगति प्रतिवेदन तयार नगरेको, ४ कार्यक्रम संचालन नै नगरी सून्य प्रगति भएको, ३ कार्यक्रम संचालन गरेको भएतापनि २५ प्रतिशत सम्म मात्र प्रगति भएको, १५ कार्यक्रम संचालनमा २६

देखि ५० प्रतिशत सम्म प्रगति भएको र १२६ कार्यक्रममा ५१ देखि ७५ प्रतिशत सम्म प्रगति भएको विवरण पेश भएको छ । स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम संचालन नै हुन नसकेको र न्यून प्रगति भएकोले तथा ७५ प्रतिशत सम्म प्रगति भएतापनि शतप्रतिशत प्रगति हासिल गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३. **ठेक्का सम्झौता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समय भित्र कार्य सम्पन्न गर्न अन्य निकायसंग लिनु पर्ने सहयोग र स्वीकृति वारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरि सक्नु पर्दछ भन्ने व्यवस्था छ । यस कार्यालयले यो वर्ष रु.२ अर्व ११ करोड ३० लाख ३४ हजारमा १५१ ठेक्का सम्झौता गरेकोमा रु.१ करोड ५७ लाख ८ हजार का १० ठेक्का (६.६२ प्रतिशत) प्रथम चौमासिकमा, रु.३ करोड ५५ लाख ९७ हजारका ४० ठेक्का (२४.४९ प्रतिशत) दोश्रो चौमासिकमा र रु.२ अर्व ६ करोड ५९ लाख ९० हजारका १०१ ठेक्का (६६.८९ प्रतिशत) तेश्रो चौमासिकमा सम्झौता गरेको छ । तेश्रो चौमासिकमा ठेक्का सम्झौता गरेकोमा पनि असार महिनाको अन्त्यमा रु.१ अर्व ८५ करोड १७ लाख ९२ हजारका ३४ ठेक्का (२२.५२ प्रतिशत) को सम्झौता गरेको छ ।

ठेक्का सम्झौता भएका १५१ ठेक्का मध्ये रु.६४ करोड, ७३ लाख ६५ हजारको लागतमा ७२ ठेक्काको (४७.६८ प्र.) निर्माण कार्य सम्पन्न भएको जनाएको छ । दोश्रो र तेश्रो चौमासिकमा ठेक्का सम्झौता र कार्यान्वयन गरी निर्माण कार्य सम्पन्न गर्दा कामको गुणस्तरमा ह्रास आउने हुन्छ । अतः नियममा व्यवस्था भए अनुसार प्रथम चौमासिकमा नै ठेक्का सम्झौता गरी आर्थिक वर्षको अन्त्य सम्ममा कार्य सम्पन्न गराउने व्यवस्था हुनुपर्दछ ।

४. **ठेक्का म्याद थप :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९(१) (घ) मा लागत अनुमान तयार गर्दा खरिद सम्झौता बमोजिमको कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम तथा समय उल्लेख गर्नुपर्ने व्यवस्था छ । नियममा व्यवस्था भए अनुसार लागत अनुमान तयार गर्दा कति समयमा कार्य सम्पन्न गर्न सकिन्छ भनी उल्लेख गर्नुपर्नेमा यस कार्यालयबाट तयार भएका कुनै पनि लागत अनुमानमा त्यसरी समय उल्लेख गरेको पाईएन । यसरी लागत अनुमानमा समय उल्लेख नगरेको कारण ठेक्का सम्झौता गर्दा निर्माण कार्य गर्न वास्तविक रुपले लाग्ने समय भन्दा घटी वा बढी अवधि सम्म कार्य सम्पन्न गर्नुपर्ने गरी ठेक्का सम्झौता भएको छ । यस कार्यालयले यो वर्ष सम्झौता गरेका १५१ ठेक्का र गत वर्ष देखि निर्माणाधीन रहेका ५३ ठेक्का मध्ये ३ ठेक्का को म्याद ५१ देखि १०० प्रतिशत सम्म र ३३ ठेक्काको म्याद १०० प्रतिशत भन्दा बढी अवधि सम्म थप गरेको छ । यसरी एक व्यवसायीले एकै कार्यालय र अन्य विभिन्न कार्यालयबाट धेरै ठेक्का लिने र समयमा निर्माण कार्य सम्पन्न नगरी म्याद थप माग गर्ने र पछि मूल्यवृद्धि रकम दावी गर्ने हुन्छन् । अतः निर्माण कार्य सम्पन्न गर्न लाग्ने समयावधि लागत अनुमानमा नै किटान गर्ने र सो अनुसार ठेक्का म्याद दिई सम्झौता र सम्पन्न गर्न लगाउने व्यवस्था हुनुपर्दछ । साथै यसवर्ष ठेक्का वन्दोवस्त भई सम्झौता अवधि भुक्तान भएतापनि कार्य सम्पन्न नभएका र म्याद थप पनि नभएका निर्माण व्यवसायीबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति समेत लिई नियम १२५ अनुसार कार्य सम्पन्न गराईनु पर्दछ ।

५. **बोलपत्रमा सहभागिता :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२(च) मा सार्वजनिक निकायलाई खुला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट वंचित गर्ने उद्देश्यले बोलपत्र वा प्रस्ताव पेश गर्नु भन्दा अघि वा पछि मिलेमतो गर्न वा गुटवन्दीमा संलग्न हुन नहुने व्यवस्था छ । निर्माण कार्य लगायत करीव ४० प्रतिशत भन्दा बढी निर्माण कार्यमा बोलपत्र विक्री संख्याको न्यून बोलपत्र मात्र दाखिला भएको र लागत अनुमानको हाराहारीमा ठेक्का कवोल गरी स्वीकृत गरेकोले ऐनमा भएको व्यवस्था

अनुसार स्वतन्त्र रुपले प्रतिस्पर्धा गर्न पाउने वातावरण श्रृजना गर्नुपर्ने देखिन्छ । यस सम्वन्धमा छलफल गर्दा इविडिङ्ग मार्फत प्राप्त भएका बोलपत्रहरु बोलपत्र दर्ता कितावमा नचढाईने भएकोले बिक्रि भन्दा दाखिला कम भएको जानकारी प्राप्त हुन आएको छ ।

६. **न्यून कवोल अंक** : कार्यालयले यो वर्ष ठेक्का वन्दोवस्त गरेका निर्माण कार्यमध्ये ९ ठेक्काहरुमा अस्वाभाविक रुपले लागत अनुमान भन्दा न्यून कवोल गरेको लागत अनुमानको ६० प्रतिशत भन्दा कम कवोल गरेको छन् । अस्वाभाविक रुपले न्यून कवोल गर्ने र ६० प्रतिशत भन्दा कम कवोल गर्ने निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेर निर्माण कार्य शुरु गरी कुनै निर्माणाधीन अवस्थामा रहेका र केहीले निर्माण कार्य सम्पन्न गरेको देखिन्छ। निर्माण कार्य गर्न सम्झौता गरेपछि तोकिएको स्पेसिफिकेशन अनुसार नै निर्माण कार्य गरेर कार्य सम्पन्न गर्नुपर्ने हुन्छ र कार्य सम्पन्न पनि गरेको देखिन्छ । यसको मुख्य कारण स्वीकृत नर्म्स र लागत अनुमान बढी हुनु नै हो । अतः नर्म्स र लागत अनुमानमा पुनर्विचार गर्नुपर्ने देखिन्छ ।

७. **अधुरा आयोजनाहरु** : कार्यालयले यो वर्ष ठेक्का वन्दोवस्त गरेका १५१ निर्माण कार्य मध्ये ७४ को मात्र कार्यसम्पन्न भएको र बांकी ७७ मध्ये केहीले प्रथम बिलसम्म लगेर निर्माणाधीन अवस्थामा रहेका र केहीले सम्झौता गरेर मोवीलाईजेशन पेश्की मात्र लगेर निर्माणाधीन तथा कार्य नै शुरु नगरेको पाईयो । अधुरा रहेका आयोजना मध्ये १७ ठेक्का सम्झौताको म्याद भुक्तान भएका र म्याद थप समेत नभई कार्य सम्पन्न नभएका केही आयोजना रहेको छ ।

निर्माण कार्यको निर्माण सम्पन्न गर्नुपर्ने अवधि र म्याद थप अवधि समेत भुक्तान भईसकेको अवस्थामा पनि निर्माण कार्य सम्पन्न नभएको र अवधिकांसको प्रथम रनिङ वील सम्म पनि भुक्तानी भएको नदेखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार गरी नियम १२५ अनुसार निर्माण कार्य सम्पन्न गराईनु पर्दछ ।

८. **परामर्शसेवा खर्च** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृ पक्षसंगको सम्झौता बमोजिम वैदेशिक सहायता श्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नुपर्ने अवस्था भएमा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। कार्यालयले आफ्नै जनशक्ति बाट काम हुन नसक्ने कारण नखुलाई २०७२/०७३ मा परामर्श सेवा खरिद गरी रु.४४,०९,७६७ खर्च लेखेको नियम सम्मत देखिएन । यस सम्वन्धमा उपलब्ध जनशक्ति बाट डिभिजनको कार्यक्षेत्र भित्रका योजनाहरुको संचालनमा नै समय व्यतीत हुने हुदां नँया आयोजनाहरुको अध्ययनको लागि गुणस्तरीय समय उपलब्ध नहुने जानकारी प्राप्त भयो ।

९. **टुक्रा लागत अनुमान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा सार्वजनिक निकायले कुनै खरिदको लागत अनुमान तयार गर्दा खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने हो विचार गरी लागत अनुमान तयार गरी सम्झौता गर्नुपर्ने उल्लेख छ। यस कार्यालयले नियममा भएको व्यवस्था अनुसारको अवस्था नदर्शाई ९ टुक्रा लागत अनुमान तयार गरी सोझै खरिद सम्झौता गरी रु.४४,०६,७६८।– खर्च लेखेको देखियो । मन्त्रीस्तरीय सार्क सम्मेलनको अवसरमा तत्काल सडक सुधार गर्नुपरेको, पोखरा बाग्लुङ्ग सडकको लुम्ले सडक खण्डमा भीषण पहिरोबाट सृजना भएको असहज परिस्थितिबाट सडक तत्काल सुचारु गर्नुपर्ने भएको तथा जग्गा संरक्षणको लागि टुका खरिद गर्नुपरेको जवाफ प्राप्त भएको छ ।

१०. **खर्च संरचना** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २३ अनुसार संचालन गर्ने भनिएका कार्यक्रमहरु सोही अनुसार चौमासिकगत रुपले संचालन गरी बजेट खर्च गर्नुपर्ने हुन्छ । यस कार्यालयबाट विभिन्न १३ बजेट उपशीर्षकबाट विभिन्न कार्यक्रम संचालन गर्नको लागि बजेट व्यवस्था भए अनुसार ती बजेट उप शीर्षकमा कुल रु.५९,६८,७४,२१०। खर्च गरेको मध्ये प्रथम

चौमासिक भित्र रु.३,९४,९९,०५९। अर्थात ७ प्रतिशत, दोश्रो चौमासिकमा रु.६,१९,२८,६१८। अर्थात १० प्रतिशत र तेश्रो चौमासिकमा रु.४९,५४,४६,५३३। अर्थात ८३ प्रतिशत खर्च गरेको छ । खर्च मध्ये रु.३१,३२,५१,४९६। अर्थात ५२ प्रतिशत असार महिनामा मात्र खर्च गरेको छ ।

उपर्युक्तानुसार बजेट उप शीर्षकगत खर्च हेर्दा तेश्रो चौमासिक र असार महिनामा मात्र पनि ८० प्रतिशत देखि १०० प्रतिशतसम्म खर्च गरेको देखिन्छ । तेश्रो चौमासिक र असारमा मात्र कार्यक्रम संचालन गरी बजेट खर्च गर्दा हतारमा कार्य गर्नु पर्दा कामको गुणस्तरमा असर पर्न जाने हुन्छ । अतः स्वीकृत कार्यक्रम अनुसार चौमासिकगत रुपले कार्यक्रम संचालन गरी बजेट खर्च गर्ने व्यवस्था गर्नु पर्दछ ।

११. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) संग सम्वन्धित अनुसूची-१ मा व्यवस्था भए अनुसार लागत अनुमान तयार गर्दा वर्कचार्ज स्टाफ खर्च बापत २.५ प्रतिशत र सानातिना अन्य खर्च बापत २.५ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्नुपर्ने उल्लेख छ । यसरी लागत अनुमान तयार गरी कन्टेन्जेन्सी खर्चको व्यवस्था भए अनुसार लागत अनुमानगत कन्टेन्जेन्सी खर्चको अभिलेख राखेर कन्टिन्जेन्सी व्यवस्था भएको रकम भन्दा बढी नहुने गरी खर्च गर्नुपर्नेमा कार्यालयले लागत अनुमानगत कन्टिन्जेन्सी खर्चको अभिलेख राखेको छैन । कार्यालयले यो वर्ष १३ बजेट उपशीर्षकबाट मूल्य अभिवृद्धि कर र कन्टीन्जेन्सी वाहेक कुल रु.५७,०६,७२,३९९। खर्च गरेको मध्ये रु.१,१२,६७,७०७। कन्टीन्जेन्सी बापत खर्च गरेको र सडक विभागमा सवारी साधन खरिदको लागि भनी नगद पठाएको रु.५५,००,०००। समेत जम्मा रु.१,६७,६७,७०७। खर्च गरेको देखियो । अतः लागत अनुमानगत कन्टिन्जेन्सी रकमको अभिलेख राख्नुपर्दछ ।

१२. **बीमा प्रमाण** : कार्यालयले गत विगत वर्षमा सम्झौता भएका र हाल सम्म कार्य सम्पन्न नभएका ठेक्कामा ६ फर्मलाइ रु १७१००००० बीमाको रकम भुक्तानी दिएको देखियो । सम्वन्धित ठेक्काको ठेक्का पट्टा सम्वन्धी फाईलमा वीमा गराएको र प्रिमियम तिरेको प्रमाण देखिदैन । अतः बीमा पोलीसी गराई प्रिमियम तिरेको प्रमाण भए पेश हुनु पर्दछ, अन्यथा वीमा बापत भुक्तानी भएको रकम १७,१०,०००। असुल हुनुपर्दछ ।

१३. **ठेक्का कवोल** : कार्यालयले लागत अनुमान तयार गर्दा जनरल आईटममा लमसममा वीमा व्यवस्थागर्ने गरेको र वीमाको प्रमाण नभए पनि ठेक्का कवोल अंकको सम्पूर्ण रकम भुक्तानी गर्ने गरेको र वर्षेनी कार्यालयबाट गरिने निर्माण कार्यमा गतविगत वर्षदेखि नै निर्माण कार्यमा संलग्न हुने निर्माण व्यवसायीले नै ठेक्का कवोल गर्ने गरेका छन् । एक निर्माण कार्यको २०७२।१।५ सम्म कार्य सम्पन्न गर्नुपर्ने गरी ०७२।६।२६ मा रु ११,०२,८०,५२०। (मु.अ. र वाहेक) को सम्झौता भएकोमा विमा बापत रु.१४,००,०००। लमसममा दिने उल्लेख भएको देखिन्छ । निर्माण व्यवसायीले त्यस्ता आईटममा बढी कवोल गरेको पाईन्छ । अतः नियममा भएको व्यवस्था अनुसार खर्चका वील भरपाई र प्रमाण कागजातहरु पेश भएपछि मात्र भुक्तानी दिने व्यवस्था गरिनुपर्दछ ।

१४. **भुक्तानी हिसाव** : एक पुल निर्माण व्यवसायीलाई यो वर्ष रु.५०,१२,२२२। समेत हालसम्म रु.१७८,३१,५६९। भुक्तानी दिएकोमा देखिन्छ । अद्यावधिक भुक्तानी रु.१६०,०१,६२४। देखाएकोले रु.१८,२९,९४५। कम भुक्तानी देखाएको छ । जसले गर्दा निर्माण व्यवसायीलाई बढी भुक्तानी जाने हुंदा छैंठौं वील सम्मको भुक्तानी भएको रकम जोडेर अद्यावधिक निकाली पेश हुनुपर्ने अन्यथा बढी भुक्तानी रु.१८,२९,९४५।– असुल हुनुपर्दछ ।

१५. **म्याद** : लागत अनुमान रु.४,२६,०३,७७७। (मूल्य अभिवृद्धि कर वाहेक) को एक निर्माण कार्य २४ महिना भित्र कार्य सम्पन्न गर्नुपर्ने गरी २०७०।३।२८ मा रु.३,०२,११,४२५। (मूल्य अभिवृद्धि कर वाहेक) सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार २०७२।३।२७ सम्ममा कार्य सम्पन्न गर्नुपर्नेमा स्वायल टेष्ट रिपोर्ट अनुसार दायां वायां भागमा कडा चट्टान भएकोले फाउण्डेशन निर्माण गर्ने

कार्यमा बढी समय लागेको, पौष, माघमा लगातार वेमौसमी वर्षा भएको, शक्तिशाली भुकम्प गएको नेपालवन्द र गिट्टी वालुवा निकाल्न रोक लगाएको कारण समयमा निर्माण कार्य गर्न नसकेको जनाई म्याद थप माग गरे अनुसार क्षेत्रीय निर्देशकको २०७२।९।२१ को निर्णयले २०७२।९।३० सम्म म्याद थप गरेको देखिन्छ । तत्पश्चात म्याद थप भएको छैन र लेखापरीक्षण अवधि २०७३।११।११ सम्म कार्य सम्पन्न भएको प्रतिवेदन समेत पेश भएको छैन । ठेक्काको थप म्याद सम्पन्न भएको समेत एक वर्षभन्दा बढी अवधि भुक्तान भएको अवस्थामा हालसम्म ५२.२३ प्रतिशत मात्र कार्य भएको देखिन्छ । अतः सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२१ अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति लिई नियम १२५ अनुसार कार्य सम्पन्न गर्ने व्यवस्था हुनुपर्दछ ।

१६. **कर समायोजन** : मुल्य अभिवृद्धि कर नियमावली, २०५३ मा विक्रेता तथा निर्माण व्यवसायीले छापावाल (प्रीन्टेड) कर वीजक पेश गर्नुपर्ने व्यवस्था छ । तीस निर्माण व्यवसायीले छापावाल बीजक पेश गरेको भए तापनि वीजक नं. छापावाल (प्रीन्टेड) नभई छाप लगाई पेश गरेको देखिन्छ । यसरी नियमानुसारको कर बीजक पेश नभएकोले मूल्य अभिवृद्धि कर बापत भुक्तानी लगेको रु.७२३३९२९।- सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश हुनु पर्ने, अन्यथा मूल्य अभिवृद्धि कर बापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

१७. **कार्यसम्पन्न** : ग्याङ्ग गुरुङ्गखोला आरुखर्क, फेदीखोला स्याङ्गजामा टी गिर्डर आरसीसी पुलको निर्माण कार्यको लागी रु.१,८२,३६,७००। (मूल्य अभिवृद्धि कर वाहेक) को लागत अनुमान स्वीकृत भएको र बोलपत्र आव्हान गर्दा पर्न आएका ९ बोलपत्र मध्ये सवैभन्दा कम रु.१,१७,९८,३८१। कवोल गर्ने निर्माण व्यवसायीले बोलपत्र स्वीकृत गर्ने प्रकृया अगाडि बढेको दररेट तलमाथि हुन गई गल्ती भएको हुंदा उक्त दररेटमा काम गर्न नसक्ने भएकोले आवश्यक प्रकृया अगाडि वढाउन हुन भनी २०७१।३।२३ मा निवेदन दिएकोले दोश्रो घटी रु.१,३५,२६,९९१। कवोल गर्नेको बोलपत्र स्वीकृत गरी २०७३।३।३० सम्ममा कार्य सम्पन्न गर्नुपर्ने गरी २०७१।३।३० मा सम्झौता भएको देखिन्छ जसबाट रु.१७,२८,६१०।- थप व्ययभार परेको छ । उक्त कार्य बाढी पहिरोको समस्याका कारण समयमा सम्पन्न गर्न नसकेको जनाई २०७३।३।२५ मा २०७३।९।३० सम्मको म्याद थप माग गरेकोमा २०७३।६।२९ सम्म म्याद थप गरेको देखिन्छ । तत्पश्चात म्याद थप भएको छैन र २०७३।११।११ सम्म कार्य सम्पन्न भएको प्रतिवेदन समेत पेश भएको छैन । अतः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार गरी नियम १२५ अनुसार तत्काल कार्य सम्पन्न गराउने व्यवस्था हुनुपर्दछ । साथै ठेक्का कवोल गरी स्वीकृत हुने क्रममा रहेको अवस्थामा गल्ती भयो भनी ठेक्का स्वीकार नगर्ने निर्माण व्यवसायीलाई आवश्यक कारवाही गरिनु पर्दछ ।

१८. **पूर्वनिर्धारित क्षतिपूर्ति** : निर्माण कार्यको सम्झौता र म्याद थपको अवधि सम्पन्न भए तापनि निर्माण कार्य सम्पन्न नभएका आयोजनाहरुको व्यहोरा देहाय अनुसार छनः

१८.१. ठेक्का नं. १००-०६८।६९ का एक निर्माण व्यवसायीलाई यो वर्षको भुक्तानी रु.१,३१,५८,९१९। समेत हालसम्म रु.२,२७,९९,४४३। भुक्तानी दिएको देखियो । मादी खोला घुम्ले कास्कीमा उक्त आर.सी.सी. पुल निर्माणको लागि रु.६,३१,१३,२२८। को लागत अनुमान स्वीकृत भई ३० महिना भित्रमा कार्य सम्पन्न गरि सक्नु पर्ने गरी २०६९।३।२८ मा रु ४५११९८१२।- को सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीले समयमा कार्य सम्पन्न नगरी म्याद थप माग गरेकोमा महानिर्देशकबाट थप भएको म्याद भित्र कार्य सम्पन्न नभएमा नियमानुसार क्षतिपूर्ति भराई कार्य सम्पन्न गराउने गरी २०७३।१०।२६ सम्म म्याद थप गरेको देखिन्छ । लेखापरीक्षण अवधि २०७३।११।११ सम्म कार्य सम्पन्न भएको प्रतिवेदन पेश भएको छैन । अतः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम कार्य सम्पन्न गरेको मितिसम्मको हिसाव गरी पूर्वनिर्धारित क्षतिपूर्ति समेत लिई नियम १२५ बमोजिम कार्य सम्पन्न गराईनु पर्दछ ।

१८.२. अन्धाअन्धी खोलामा कार्यको लागत अनुमान रु.१,६१,७२,१९९। रहेकोमा बोलपत्र मूल्याङ्कन समितिको २०७१।३।१६ मा वैठक वसेर तुलनात्मक विवरण प्रमाणित २०७१।३।२० मा पेश प्रतिवेदन अनुसार एक निर्माण व्यवसायीले सवैभन्दा कम रु.१,०२,८८३६। कवोल गरेकोमा २०७१।३।२० मा स्वीकृत गर्दा सवैभन्दा कम रु.१,१४,३७,७८०। भनी अर्को निर्माण व्यवसायीको रु.१२,१८,९४४। बढीको बोलपत्र स्वीकृत गरेको देखिन्छ । पहिलो घटी वालाले डिस्काउन्ट अफर क्यान्सिल गरेको कागजात हेर्न छुट भई मूल्याङ्कन प्रतिवेदन तयार भएकोले त्यस्तो पर्न गएको यर्थाथमा सम्झौता घटीवाला संग नै संझौता गरेको कार्यालयको भनाई छ । अतः यस सम्वन्धमा वास्तविकता एकिन हुनुपर्दछ । साथै उक्त निर्माण कार्य २०७३।९।२९ सम्म सम्पन्न हुनुपर्नेमा लेखापरीक्षण अवधि २०७३।११।११ सम्म कार्य सम्पन्न गरेको प्रतिवेदन पेश गरेको छैन । अतः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार गरी नियम १२५ अनुसार कार्य सम्पन्न भएको प्रतिवेदन पेश हुनुपर्दछ ।

१८.३. ठेक्का नं. ३६४-०७०।७१ सेती दोभान भुदुङ्गपोला सडक स्याङ्जामा प्रिस्टेट्स वक्स ग्रीडर आर सी सी पुलको एक निर्माण व्यवसायीलाई तेश्रो वील बापत यो वर्ष भुक्तानी दिएको रु.३८,०७,९१०। समेत हालसम्म रु.१,४४,७६,८८६। भुक्तानी दिएकोछ । निर्माण कार्य २०७३।६।२६ सम्ममा कार्य सम्पन्न गर्नुपर्ने गरी २०७१।६।२६ मा रु.२,८९,९५,६९५। को सम्झौता भएको देखिन्छ । तत्पश्चात म्याद थप भएको छैन । निर्माणाधीन उक्त पुलको मिति २०७३।१०।१७ स्थलगत अवलोकन गर्दा नदीको दुवै किनारामा आर सी सी पिलरको जगबाट करिब ३-४ फीट उंचाईमा उठाएको लामो डण्डी लगाएको र काम स्थगित गरी डण्डीहरु खिया लागेको अवस्थामा रहेको पाईयो । निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधि भुक्तान भएको ६ महिना विति सकेको अवस्थामा हालसम्म रु १४४७६८८६।- रकम भुक्तानीको आधारमा ४९.९२ प्रतिशत मात्र प्रगति भएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार गरी नियम १२५ अनुसार कार्य सम्पन्न भएको प्रतिवेदन पेश हुनुपर्दछ ।

१८.४. हुमा खोलामा पुल निर्माण कार्यको लागत अनुमान रु.१,९०,६०,३८९। रहेकोमा रु.१,४४,७१,४००। कवोल गर्ने एक निर्माण व्यवसायीको बोलपत्र स्वीकृत गरी २०७२।११।२६ मा सम्झौता भएकोछ । निजलाई हालसम्म रु.१४६०३२६९।– भुक्तानी भएकोमा सम्झौता अवधिमा कार्य सम्पन्न गर्न नसकी महाभुकम्प र नाकावन्दीको कारण दर्साई एक वर्षको लागि म्याद थप माग गरेकोमा २०७३।५।२५ सम्म म्याद थप भएको देखिन्छ । तत्पश्चात म्याद थप भएको छैन र लेखापरीक्षण अवधि २०७३।११।११ सम्म कार्य सम्पन्न भएको प्रतिवेदन समेत पेश भएको छैन । अतः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार गरी नियम १२५ अनुसार कार्य सम्पन्न भएको प्रतिवेदन पेश हुनुपर्दछ ।

१८.५. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (१) (क) बमोजिम निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पांच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था रहेको छ । राजमार्गमा पुल तथा कर्ल्भट निर्माण कर्तासंग म्याद थपको अवधि (२०७२।९।१५) सम्ममा कार्य सम्पन्न हुनुपर्नेमा सम्पन्न नभएको र म्याद थप पनि खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम सम्झौता रकम रु.२१,६१,४३१।- को १० प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति रु.२,१६,१४३।– असुल हुनुपर्दछ ।

१८.६. अर्जुन चौपारी विर्जे खोला स्ल्याव कल्भर्ट कार्य २०७२।३।३० मा सम्पन्न गर्नुपर्ने गरी एक निर्माण व्यवसायीसंग २०७२।३।१४ मा रु.२,६६,७६७३।१५ को संझौता भएकोमा यसपटक २०७२।९।३०

सम्म र दोश्रो पटक २०७३।३।३० सम्म क्षतिपूर्ति नलिने गरी र उक्त अवधिसम्म पनि कार्य सम्पन्न नगरे पूर्व निर्धारित क्षतिपूर्ति लिई काम सम्पन्न गराउने गरी म्याद थप भएको छ। दोश्रो पटकको म्याद थप अवधि सम्म पनि करिव ८४ प्रतिशत कार्य भएको देखिएकोले थप म्याद समाप्त भएको अवधिको देखि पूर्वनिर्धारित क्षतिपूर्ति लिई कार्य सम्पन्न गराउनु पर्दछ।

१९. **योग्यता** :- लागत अनुमान रु.६,४४,३४,१२२।- रहेको विजयपुर खोला पुल निर्माण गर्न बोलपत्र आव्हान गर्दा सवैभन्दा कम रु.५,१९,८२,६९८। कवोल गरेकोमा इभ्यालुएसन एण्ड क्वालीफिकेशन क्राईटेरियाको दफा २.४.२ अनुसार योग्यता नपुगेकोले सारभुत रुपले प्रभावग्राही ठहर गर्न नसकिने भनी दोश्रो कम रु.५,५८,१२,५०८। कवोल गर्नेको रु.३८,२९,८१०।– बढीको बोलपत्र स्वीकृत गरेका देखियो। बोलपत्र दाताको योग्यता नपुगेको हो भने सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार प्राविधिक पक्षको मूल्याङ्कनबाट नै निजको बोलपत्र छनौट नगरी आर्थिक प्रस्ताव नै नखोल्नु पर्नेमा आर्थिक प्रस्ताव खोलेर तुलनात्मक विवरण तयार गरी प्रमाणित गरिसकेपछि मात्र निजको सवैभन्दा कम कवोल गरेको देखेपछि मात्र योग्यता नपुगेको भनी बढी कवोल गर्नेको बोलपत्र स्वीकृत गरेको नियम सम्मत देखिएन।

२०. **थप व्ययभार** :- सरादी खोला चिसापानी टक्सार सडकमा झोलुङ्गेपुल निर्माण गर्न रु.६,४३,३५,०४६। को लागत अनुमान स्वीकृत भएको र बोलपत्र आव्हान गर्दा यस ठेक्का नं. १३२मा पर्न आएका २ बोलपत्र मध्ये सवैभन्दा कम रु.५,५४,५६,४९०। भएकोमा, निजको अर्को ठेक्का नम्बर १३१ मा पनि प्रतिस्पर्धा गरेकोले इभ्यालुएशन एण्ड क्वालिफिकेशन क्राईटेरियाको सव क्लज १.२ मा लिष्ट कस्ट कम्वाईनेशनको आधारमा तुलना गर्दा यो ठेक्का निजलाई दिन नमिल्ने जनाई दोश्रो घटी रु.६,१२,३५,७२०। कवोल गर्ने एक जे.भी. को प्रथम घटीवाला भन्दा रु.५७,७९,२३०। बढीको ठेक्का स्वीकृत भएको देखिन्छ। एक निर्माण व्यवसायीलाई एक भन्दा बढी ठेक्का नदिने हो भने बोलपत्रको सूचनामा नै सो व्यहोरा उल्लेख गर्नुपर्नेमा उल्लेख गरेको समेत पाईएन। साथै यस ठेक्कामा सवै भन्दा न्यून कवोल गर्नलाई नै अर्को ५१ नम्वर ठेक्का प्रदान गरी सम्झौता गरेको हुंदा बढीको ठेक्का स्वीकृत गरी व्ययभार बढाएको उपयुक्त देखिएन।

२१. **बीमा भुक्तानी** : ठेक्कामा निर्माण व्यवसायीले रकम कवोल गरेको आधारमा भुक्तानी दिदाँ वीमा प्रिमियम तिरेको आधारमा मात्र भुक्तानी दिनु पर्नेमा लमसममा लागत अनुमान गरेकोमा कवोल अंक वरावरकै भुक्तानी दिने गरेको र प्रोभिजनल सममा राखेर लागत अनुमान तयार गरेकोमा प्रिमियम तिरेको रकम वरावर नै भुक्तानी दिने गरेको देखिन्छ। उस्तै प्रकृतिको काममा कुनैमा लमसम र कुनैमा प्रोभिजनल सममा राख्नुको कुनै आधार प्रमाण देखिदैन। विभिन्न १२ फर्मलाई प्रिमियम तिरेको बिल भन्दारु.३७९९८८। बढी भुक्तानी दिएको पाइयो यस सम्वन्धमा उपयुक्त नीति तय हुनुपर्दछ। त्यसैगरी कार्यालयले एक निर्माण व्यवसायीलाई वीमा बापतको रकम रु.२०,०००। भुक्तानी गरेकोमा वीमा प्रिमियम तिरेको रसिद संलग्न नरहेकोले प्रमाण भए पेश हुनु पर्दछ अन्यथा असुल हुनुपर्दछ।

२२. **भेरियसन** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिम कार्य शुरु भई सकेपछि प्राविधिक कारणबाट त्यस्तो कार्यको परिमाण थप, घट गर्न वा नयां आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा प्राविधिक पुष्टयाइ सहित भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था छ। विभिन्न ठेक्काको निर्माण व्यवसायीसंग ठेक्का सम्झौता भएको आइटमहरु मध्ये केही आइटमहरुमा सम्झौता परिमाण भन्दा बढी कार्य भै उक्त आइटमहरुमा सम्झौता भन्दा बढी भुक्तानी भएको देखिन्छ। सम्झौतामा उल्लेख गरिएको भन्दा बढी काम गर्नु पर्नाको प्राविधिक पुष्टयाइ सहितको भेरिएसन जारी गर्नुपर्नेमा जारी नगरी रु १४८१०२०।- भुक्तानी दिएको छ। अतः भेरिएशन गरेको प्रमाण पेश हुनु पर्दछ अन्यथा रु १४८१०२०।– असुल हुनुपर्दछ।

२३. **राजस्व दाखिला** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(५) मा कार्य सम्पादन जमानत दाखिला गरी बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको बोलपत्रको जमानत रकम जफत गरी राजश्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले दुई निर्माण सेवाको बोलपत्र जमानत रकम रु.९५,०००। जफत गरी धरौटी खातामा राखेको देखिएकोले राजश्व दाखिला गर्नुपर्दछ ।

२४. **ग्रेड कम :** निजामती सेवा ऐन, २०४९ तलवी प्रतिवेदन पारित गराएर मात्र तलव र ग्रेड भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित तलवी प्रतिवेदन भन्दा रु ३४३२ बढी ग्रेड रकम भुक्तानी लिएको देखिएकोले बढी ग्रेड रकम सम्वन्धितबाट असुल गरी राजश्व दाखिला हुनुपर्दछ ।

२५. **मूल्यङ्कन :** सेती नदी मिलनचोक पुरनचौर सडकमा पुल पुलेसा मर्मत कार्यको लागि एक निर्माण व्यवसायीसंग मिति २०७२।२।३ मा रु.१४,१८,३०३। (मु.अ.कर वाहेक) को ठेक्का सम्झौता भएकोमा काम सम्पन्न गर्नुपर्ने २०७२।३।२० उल्लेख भएकोले १ महिना १७ दिनमा निर्माण व्यवसायीले रु.१४,१८,३०३।– वाहेकको काम सम्पन्न गर्नुपर्ने अवस्था छ । छोटो समयमा कार्य सम्पन्न गर्न सक्ने नसक्ने विचार गरी ठेक्काको म्याद दिएको पाइएन साथै उक्त निर्माण कार्य बापत रु ११७८२९३ भुक्तानी भएकोमा प्रमाणित नापि मूल्याङ्कन पेश नभएकोले प्रमाणित नापी कीताव एव कार्य सम्पन्न भएको प्रतिवेदन पेश हुनुपर्दछ ।

२६. **थप व्यय भार :** सिद्धार्थ राजमार्गको विभिन्न चेनेजमा पुल तथा कलभर्ट संरक्षण सम्वन्धी काय गर्नको लागि रु.३५,४२,४६९।– को लागत अनुमान भएकोमा सवैभन्दा कम रु.९,७०,४१७।- कवोल गर्न निर्माण व्यवसायीले म्याद भित्र सम्झौता गर्न नआएकोले निजको बोलपत्रको जमानत रकम रु.१,१५,०००। जफत गरी दोश्रो घटीवालाको बोलपत्र स्वीकृत गरी २०७२।२।५ मा सम्झौता गरेको देखिन्छ । अतः ठेक्का कवोल गरी स्वीकार नगरेर नेपाल सरकारलाई ११९१०१४।- बढी व्ययभार पार्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद नियमावली २०६४ अनुसार कालो सूचीमा राख्ने तर्फ आवश्यक कारवाही हुनुपर्दछ ।

२७. **कार्य सम्पन्न** : पोखरा वाग्लुङ सडकको पुन निर्माण कार्य रु.१,३५,९१२।९४।– को लागतमा २०७३।३।२० सम्ममा सम्पन्न गर्ने गरी २०७३।२।५ मा संझौता भई रु ११८५०००। पेश्की प्रदान गरेकोमा कार्यसम्पन्न गर्न पर्ने अवधि सम्ममा रु.२७,१२,३३५। भुक्तानी लिएको देखिन्छ । कार्य सम्पन्न गर्नुपर्ने अवधिसम्म प्रथम रनिङ बिल मात्र भुक्तानी लिएको र अगाडि प्रदान गरेको पेश्की वांकि रहेकै अवस्थामा पुनः रु.११,८५,०००। पेश्की प्रदान गरेको नियम सम्मत देखिएन । साथै ठेक्काको म्याद थप समेत भएको नदेखिएकोले म्याद समाप्त भएको अवधि देखि पूर्वनिर्धारित क्षतिपूर्ति लिई कार्य सम्पन्न गराउने तथा प्रदान गरेको पेश्की फछ्र्यौट गर्ने व्यवस्था गर्नु पर्दछ ।

२८. **पेश्की जमानत** : एक निर्माण सेवालाई रु.१७,००,०००। पेश्की प्रदान गर्दा लिएको पेश्की जमानतको अवधि २०७२।१२।१७ मा समाप्त भएकोले पेश्की जोखिममा रहेको देखिन्छ । अतः उक्त पेश्की जमानतको अवधि अबिलम्व थप गर्नु पर्दछ ।

२९. **पेश्की बांकी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(२) बमोजिम विभिन्न निर्माण व्यवसायीहरुलाई रु.२०५२८४०००।- मोबिलाइजेशन पेश्की दिइएको छ । उक्त पेश्की रकम सोही नियमको उप-नियम ५ बमोजिम फछ्र्यौट हुनुपर्दछ ।

## जिल्ला प्रशासन कार्यालय

१. **आन्तरिक नियन्त्रण** : ऐन नियमको परिपालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनुपर्नेमा निर्माण कार्यको नापी किताव लुजसुटमा तयार गरेको तोकिएको ढाँचामा प्रगति विवरण तयार नगरेको

नियममानुसार जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको जिन्सी समानको मर्मत संभार, लिलाम विक्री एव मिन्हा सम्वन्धी कारवाही नभएको अवस्था छ । यसमा सुधार हुदुपर्दछ ।

२. **बिल भरपाई** : गोदामघर निर्माण कार्य गर्ने निर्माण व्यवसायीलाई आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । विमा पोलिसी र बिल वेगर रु १४३९२०।- ल्याव टेष्टको बिल वेगर रु ३७७७० र एजबिल डईङ पेश नगरी सो बापत रु १३८००।- भुक्तानी भएकोले उक्त रकम असुल गरिनु पर्दछ ।

३. **बढी भुक्तानी** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५७ मा सार्वजनिक निकायले बिल बीजकको भुक्तानी खरिद सम्झौताको अधिनमा रही भुक्तानी दिनु पर्ने व्यवस्था छ । पुर्नस्थापना केन्द्र भवन निर्माण गर्ने निर्माण व्यवसायीले बोलपत्रको कवोल अंक र प्रत्येक इकाइ दररेटमा १२ प्रतिशत घटीमा काम गर्न मन्जुर गरेको र सोही अनुसार सम्झौतामा उल्लेख गरी १२ प्रतिशत कट्टा गरी सकेपछिको मूल्य अभिवृद्धि कर वाहेकको रु.३,४५,९०,९६०। मा ठेक्का सम्झौता भएकोमा निर्माण व्यवसायीलाई रनिङ बिलको भुक्तानी गर्दा प्रत्येक इकाइ दररेटमा १२ प्रतिशत घटी उल्लेख गरेको दर नघटाइ सातौ बिलसम्म निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर समेत रु.२,७४,२७,९६१।– खर्च लेखी भुक्तानी दिएकोछ । बिल भक्तानी दिदा सम्झौता अनुसार १२ प्रतिशतले हुने रु ३२९१३५६।०० कटाई र भुक्तानी दिनुपर्नेमा कट्टा नगरी भुक्तानी भएको एवं छैठो रनिङ बिलको भन्दा बढी भुक्तानी खर्च लेखेको रु ८ हजार समेत रु ३२९९३५६।- असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

४. **बिल** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च लेख्दा खर्चको बिल भर्पाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था छ। एक निर्माण व्यवसायीलाई प्रोविजनल समको रुपमा व्यवस्था गरेको विभिन्न निर्माण सामाग्रीको ल्याव परीक्षण शुल्क तिरेको बिल भरपाइ तथा प्रमाण कागजात वेगर यस वर्ष रु.१०,०००। भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

५. **ग्रेड** : निजामती सेवा ऐन, २०४९ तलवी प्रतिवेदन पारित गराएर मात्र तलव र ग्रेड भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । एक कर्मचारीलाई पारित ग्रेड भन्दा २४८०। बढी भुक्तानी दिएको देखिएकोले बढी ग्रेड रकम सम्वन्धित बाट असुल गरी राजश्व दाखिला हुनुपर्दछ ।

६. **नागरिकता** : यस वर्ष रु ७५००।- नागरिकता डाटा इन्ट्री गर्ने लक्ष्य तोकिएकोमा कार्यालयले नागरिकताको अभिलेखीकरण गरेको मध्ये १४७२६ संख्याको फोटो सहित स्क्यान गरेको रु ८८३५६। र बांकी ६३३५०।– को डाटा इन्ट्री मात्र गरेको रु.२५३४००। समेत रु.३४१७५६। गृह मन्त्रालयले प्रमाणित गरेको आधारमा खर्च लेखेको छ । गत आर्थिक वर्षमा कति डाटा इन्ट्रि गरेको हो सो को विवरण संलग्न छैन तसर्थ उक्त विवरणलाई अद्यावधिक गरी राख्नु पर्ने देखिन्छ ।

७. **क्षतिपूर्ति रकम** : क्षतिपूर्ति वितरण गर्न परराष्ट्र मन्त्रालय बाट प्राप्त रकमको गत वर्षको मौज्दात रु ४०६७७२२।- रहेकोमा यो वर्ष रु १२७३७८१६।- गरी जम्मा रु १६८०५५३८।- मा रु १६३९८७९४।- सम्वन्धितलाई भुक्तानी दिई रु ४०६७४३।- मौज्दात रहेको देखिन्छ । वाकी रकम सम्वन्धितलाई सूचना दिई भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ ।

८. **भूकम्प रकम** : भूकम्प पीडितलाई तत्काल राहत तथा अस्थाई आवास निर्माण बापत राहत वितरणका लागि गत वर्ष प्राप्त रकम मध्ये मौज्दात रहेको रु १,५९,६३,०००।– मा यो वर्ष रु १५८५५०००।– वितरण गरी रु १०८०००।– मौज्दात देखिन्छ ।

प्राप्त विवरण अनुसार यस जिल्लामा भूकम्प पीडितको संख्या १९९८ रहेकोमा १७११ जनालाई राहत वितरण गरिएको र २८७ जना लाई राहत वितरण गर्न वाकी देखिएकोले राहत पाउन वाकी व्यक्तिलाइ यथासिघ्र राहत उपलब्ध गराउनु पर्ने देखिन्छ ।

## राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय

१. **जिन्सी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा कार्यालय प्रमुखले कम्तीमा वर्षको एक पटक जिन्सी निरीक्षण गरी गराई लिखित प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । जिन्सी निरिक्षण प्रतिवेदनमा लिलाम गर्नुपर्ने भनी उल्लेख गरेको लिलाम विक्री गरी जिन्सी सामानको उचीत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

## राष्ट्रिय अनुसन्धान क्षेत्रिय कार्यालय

१. **जिन्सी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले कम्तीमा वर्षको एक पटक जिन्सी निरीक्षण गरी गराई लिखित प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । जिन्सी निरिक्षण गरेको प्रतिवेदनमा विभिन्न सामानहरु चालु हालतमा नरहेको लिलाम गर्नुपर्ने भनी उल्लेख गरेकोले लिलाम विक्री गरी जिन्सी सामानको उचीत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

## जिल्ला प्रहरी कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले ऐन नियमको पालना गर्ने एवं आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्नेमा प्रगति प्रतिवेदन तयार नगरेको, तोकिएको ढाँचामा जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको तोकिएको ढाँचामा जिन्सी निरिक्षण प्रतिवेदन तयार नगरी जिन्सी निरीक्षण फारमलाई प्रतिवेदन को रुपमा प्रस्तुत गरेको जिन्सी सामानको उचित संरक्षण र मर्मत संभार नभएको जस्ता कमी कमजोरी देखिएका छन् । यसमा सुधार हुनुपर्दछ ।

## अञ्चल प्रहरी कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले ऐन नियमको पालना गर्ने एवं आन्तरिक नियन्त्रण प्रणाली सुदृढ वनाउनुपर्नेमा प्रगति प्रतिवेदन तयार नगरेको, समानुपातिक हिसावले खर्च गर्नुपर्नेमा तेश्रो चौमासिक र असारमा अत्याधिक बढी खर्च गरेको, तोकिएको ढाँचामा जिन्सी निरिक्षण प्रतिवेदन तयार नगरेको, जिन्सी मालसामानको मर्मत लिलाम विक्री तथा मिन्हा सम्वन्धी कारवाही नगरेको कर्मचारीलाई अन्यत्र काज खटाई तलब भत्ता खर्च लेखेको जस्ता कमी कमजोरी देखिएका छन् । यसमा सुधार हुनुपर्दछ ।

## अञ्चल सशस्त्र प्रहरी गुल्म, गण्डकी

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले ऐन नियमको पालना गर्ने एवं आन्तरिक नियन्त्रण प्रणाली सुदृढ वनाउनुपर्नेमा प्रगति प्रतिवेदन तयार नगरेको, समानुपातिक हिसावले खर्च गर्नुपर्नेमा तेश्रो चौमासिक र असारमा अत्याधिक बढी खर्च गरेको, तोकिएको ढाँचामा जिन्सी निरिक्षण प्रतिवेदन तयार नगरेको, जिन्सी मालसामानको मर्मत लिलाम विक्री तथा मिन्हा सम्वन्धी कारवाही नगरेको कर्मचारीलाई अन्यत्र काज खटाई तलब भत्ता खर्च लेखेको जस्ता कमी कमजोरी देखिएका छन् । यसमा सुधार हुनुपर्दछ ।

२. **खर्च संरचना** : यस गुल्मले पूंजीगत खर्च तर्फ जम्मा रु.६,५०,०००। खर्च गरेको मध्ये प्रथम चौमासिकमा रु.२५,०००। (३.८५ प्रतिशत) तेश्रो चौमासिकमा रु.६,२५०००। (९६.१५ प्रतिशत) खर्च गरेको छ भने असार महिनामा मात्र रु.३,००,०००। (४६.१५ प्रतिशत) खर्च गरेको देखियो । तेश्रो चौमासिक र असार महिनामा मात्र अख्तीयारी प्रदान गर्ने र निर्माण सुधार कार्य हतारमा गरी कार्य सम्पन्न गर्दा कामको गुणस्तरमा असर पर्न जान्छ । अत: नियममा व्यवस्था भए अनुसार कार्यक्रम स्वीकृत गरी चौमासिकगत रुपले कार्य संचालन र बजेट खर्च गर्ने व्यवस्था गर्नु पर्दछ ।

३. **जिन्सी निरीक्षण** : कार्यालयबाट पेश भएको जिन्सी निरीक्षण फाराममा ७७ प्रकारका खर्च नहुने जिन्सी मालसामान मध्ये टेक्जीन कुर्सी फलामे सेफ गरी ६ प्रकारका सामान चालु हालतमा नरहेको र २ प्रकारको सामान (कम्प्यूटर २, साइकल ८) वेसावुत भनी उल्लेख गरेको पाइयो । साथै

तोकिएको ढांचामा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन । अतः जिन्सी निरीक्षण फाराममा उल्लेख गरे अनुसार मर्मत गर्नुपर्ने सामान मर्मत गरी मर्मत हुन नसक्ने सामानहरु सोही नियम अनुसार लिलाम विक्री गरी जिन्सी मालसामान अद्यावधिक गरी चालु हालतमा राख्नुपर्ने तथा तोकिएको ढांचामा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्दछ ।

## पश्चिम क्षेत्रीय शसस्त्र प्रहरी गण मुख्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले ऐन नियमको पालना गर्ने एवं आन्तरिक नियन्त्रण प्रणाली सुदृढ वनाउनुपर्नेमा प्रगति प्रतिवेदन तयार नगरेको समानुपातिक हिसावले खर्च गर्नुपर्नेमा तेश्रो चौमासिक र असारमा अत्याधिक बढी खर्च गरेको तोकिएको ढाँचामा जिन्सी निरिक्षण प्रतिवेदन तयार नगरेको जिन्सी मालसामानको मर्मत लिलाम विक्री तथा मिन्हा सम्वन्धी कारवाही नगरेको कर्मचारीलाई अन्यत्र काज खटाई तलब भत्ता खर्च लेखेको अवस्था छ यसमा सुधार हुनुपर्दछ ।

## पश्चिम क्षेत्रीय प्रहरी कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले ऐन नियमको पालना गर्ने एवं आन्तरिक नियन्त्रण प्रणाली सुदृढ वनाउनुपर्नेमा प्रगति प्रतिवेदन तयार नगरेको समानुपातिक हिसावले खर्च गर्नुपर्नेमा तेश्रो चौमासिक र असारमा अत्याधिक बढी खर्च गरेको तोकिएको ढाँचामा जिन्सी निरिक्षण प्रतिवेदन तयार नगरेको जिन्सी मालसामानको मर्मत लिलाम विक्री तथा मिन्हा सम्वन्धी कारवाही नगरेको कर्मचारीलाई अन्यत्र काज खटाई तलब भत्ता खर्च लेखेको अवस्था छ यसमा सुधार हुनुपर्दछ ।

२. **कार्य सम्पन्न :** कार्यालय भवन निर्माण कार्यको लागि रु.४,०८,१८,९१०। (मूल्य अभिवृद्धि कर वाहेक) को लागत अनुमान स्वीकृत भएकोमा सवैभन्दा कम रु.३,६२,२६,०९१। कवोल गर्ने व्यवसायीको बोलपत्र स्वीकृत गरी १२ महिना भित्र कार्य सम्पन्न गरिसक्नुपर्ने गरी २०७२।११।१४ मा संझौता भएको देखिन्छ । सम्झौता अनुसार २०७३।१०।२८ मा सम्पन्न गर्नुपर्ने निर्माण कार्यको लेखापरीक्षण अवधि २०७३।११।९ सम्म कार्य सम्पन्न भएको छैन र म्याद थप समेत भएको छैन । उक्त भवनको स्थलगत अवलोकन गर्दा, डिजाईन अनुसार ३ तला ढलान गरी गाह्रो लगाउने काम सम्पन्न गरेको प्लाष्टर गर्ने काम शुरु भएको र झयाल, ढोका फलोरिङ्ग, खानेपानी, शौचालय, विजुली जस्ता कार्य गर्न बांकी नै रहेको देखिन्छ । अतः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार गरी नियम १२५ अनुसार कार्य सम्पन्न गराउने व्यवस्था गर्नु पर्दछ ।

३. **असुली :** लेखापरीक्षण समयमा लेखापरीक्षणबाट औंल्याइएपछि स्वीकृत तलवी प्रतिवेदन भन्दा ३ कर्मचारीलाई बढी ग्रेड भुक्तानी दिएको रकम रु.६,६४०। राजश्वखाता (बेरुजु) मा दाखिला गरेको छ ।

४. **पेश्की बांकी :** निर्माण व्यवसायी लाई मोवीलाईजेशन बापत गएको पेश्की रु.५८,०३,०४६। फटर्यौट हुन बांकी रहेको देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ अनुसार असुल फछ्यौट हुनुपर्दछ ।

## सशस्त्र प्रहरी बल कालिका गण

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले ऐन नियमको पालना गर्ने एवं आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनुपर्नेमा प्रगति प्रतिवेदन तयार नगरेको, समानुपातिक हिसावले खर्च गर्नुपर्नेमा तेश्रो चौमासिक र असारमा अत्याधिक बढी खर्च गरेको, तोकिएको ढाँचामा जिन्सी निरिक्षण प्रतिवेदन तयार नगरेको, जिन्सी मालसामानको मर्मत लिलाम विक्री तथा मिन्हा सम्वन्धी कारवाही नगरेको, कर्मचारीलाई अन्यत्र काज खटाई तलब भत्ता खर्च लेखेको जस्ता व्यहोरा देखिएका छन् । यसमा सुधार हुनुपर्दछ ।

२. **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा मन्त्रालयले आफु र अन्तर्गत कार्यालयहरुबाट गरिने कार्यको लागि वार्षिक कार्यक्रम स्वीकृत गरी स्वीकृत वार्षिक कार्यक्रम र

खर्च गर्ने अख्तीयारी आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र सम्वन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । नियममा व्यवस्था भए अनुसार स्वीकृत कार्यक्रम अनुसार कार्य गरी नियम २०(१) र २५ को अनुसूची २ को ढांचामा वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने हुन्छ । यस गुल्मको लागि वार्षिक कार्यक्रम स्वीकृत नगरी बजेट उप शीर्षक नं.३१४०३६४ पूंजीगत तर्फ भवन निर्माण र पुंजिगत सुधारमा गरी रु.५,६०,०००। को बजेट व्यवस्था भई रु.५,५९,९८५।– खर्च भएकोमा कार्यक्रम स्वीकृत नभएको साथै प्रगति प्रतिवेदन तयार गरेको पाइएन । अत: नियममा व्यवस्था भए अनुसार कार्यक्रम स्वीकृत गरी गरेको कामको प्रगति प्रतिवेदन तयार गरिनुपर्दछ ।

## सशस्त्र प्रहरी बल तालिम महाविद्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले ऐन नियमको पालना गर्ने एवं आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनुपर्नेमा प्रगति प्रतिवेदन तयार नगरेको समानुपातिक हिसावले खर्च गर्नुपर्नेमा तेश्रो चौमासिक र असारमा अत्याधिक बढी खर्च गरेको, तोकिएको ढाँचामा जिन्सी निरिक्षण प्रतिवेदन तयार नगरेको, जिन्सी मालसामानको मर्मत लिलाम विक्री तथा मिन्हा सम्वन्धी कारवाही नगरेको र कर्मचारीलाई अन्यत्र काज खटाई तलब भत्ता खर्च लेखेको अवस्था छ यसमा सुधार हुनुपर्दछ ।

## पश्चिम क्षेत्रीय सशस्त्र प्रहरी वल मुख्यालय मुक्तिनाथ वाहिनी

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले ऐन नियमको पालना गर्ने एवं आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनुपर्नेमा प्रगति प्रतिवेदन तयार नगरेको, समानुपातिक हिसावले खर्च गर्नुपर्नेमा तेश्रो चौमासिक र असारमा अत्याधिक बढी खर्च गरेको, तोकिएको ढाँचामा जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, जिन्सी मालसामानको मर्मत लिलाम विक्री तथा मिन्हा सम्वन्धी कारवाही नगरेको र कर्मचारीलाई अन्यत्र काज खटाई तलब भत्ता खर्च लेखेको जस्ता व्यहोरा देखिएका छन् । यसमा सुधार हुनुपर्दछ ।

## शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यक्रम संचालन गर्न सहयोग र समन्वयको लागि आर्थिक कार्यविधि नियमावली अनुसार सुचना प्रवाह नगरेको, प्रथम चौमासिक भित्र लागत अनुमान तयार गर्ने कार्य सम्पन्न नगरेको, उपभोक्ता समितिले गरेको कामको अभिलेख व्यवस्थित नगरेको, लागत अनुमान तथा कार्य सम्पन्न प्रतिवेदनमा मिति उल्लेख नगरेको, कार्यालयले ऐन नियम परिपत्र र अख्तियारीका निर्देशनको पालनामा गर्नुपर्ने एवं आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्नेमा बजेट पूर्ण उपयोग गर्न नसकि बजेट निष्कृय भएको, खर्च र प्रगति विच मेल नखाई प्रगति भरपर्दो नभएको, समानुपातिक हिसावले खर्च गर्नुपर्नेमा तेश्रो चौमासिक र आषाढमा बढी खर्च गरेको जस्ता व्यहोरा देखिएका छन् । यसमा सुधार हुनुपर्दछ ।

२. **बोलपत्रमा सहभागीता** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ (२) (च) मा बोलपत्रदाता वा प्रस्तावदाताले खरिद सम्वन्धी काम बांडफांड गर्ने वा बोलपत्र वा प्रस्तावको मुल्य कृतिम वा अप्रतिस्पर्धी तरिकाले कायम गर्ने वा अन्य कुनै तरीकाले सार्वजनिक निकायलाई खुला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट वंचित गर्ने उद्देश्यले बोलपत्र वा प्रस्ताव पेश गर्नु भन्दा अघि वा पछि मिलेमतो गर्न वा गुटवन्दीमा संलग्न नहुने व्यवस्था छ । कार्यालयले विभिन्न भवन निर्माणको लागि बोलपत्र आव्हान गर्दा बोलपत्र विक्रीको १० देखि १५ प्रतिशत सम्म सहभागिता देखिएको एवं २ बोलपत्रमा १०० प्रतीशत नै सहभागी भएतापनि बोलपत्रको प्रतिस्पर्धा हेर्दा लागत अनुमानको हाराहारीमा ठेक्का कवोल तथा सम्झौता गरेको देखिंदा ऐनमा भएको व्यवस्था अनुसार पूर्ण प्रतिस्पर्धाको स्थिति देखिएन ।

३. **प्रतिस्पर्धा** : क्याम्मी स्वास्थ्य चौकी निर्माण कार्यका लागि कम कवोल गर्ने निर्माण व्यवसायीको रु.२४९९७६६३।– (भ्याट वाहेक) को बोलपत्र स्वीकृत गरी संझौता गर्न पत्राचार गरेकोमा निर्माण

व्यवसायीले स्वास्थ्यको कारण जनाई संझौता गर्न आउन असमर्थ भएको भनि २०७२।४।११ मा निवेदन दिएको आधारमा निजको बोलपत्र जमानत जफत गरी दोश्रो घटी रु.२५०४९२१४।०९ कवोल गर्नेसंग २०७२।५।११ मा संझौता भएको देखिन्छ। तर तीनदोबाटो स्वास्थ्य चौकी निर्माणको लागि क्याक्मी स्वास्थ्य चौकी निर्माण कार्यको संझौता गर्न स्वास्थ्यको कारण असमर्थ जनाउने निर्माण व्यवसायी नै उपस्थितभई संझौतामा ०७२।४।२९ मा हस्ताक्षर गरेको देखियो। यसरी एकै निर्माण व्यवसायिले एकै सुचनाको एक निर्माण कार्यमा संझौता गर्न स्वास्थ्यको कारण देखाई असमर्थ जनाउने र अर्कोमा उपस्थित भई संझौता गर्ने देखिएकोले निर्माण कार्यमा पूर्ण प्रतिस्पर्धाको अवस्था छ भनि यकिन गर्न सक्ने अवस्था रहेन।

४. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० (७) संग सम्बन्धित अनुसूची १ मा व्यवस्था भए अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ट स्टाफ खर्च बापत लागत अनुमानको २.५ प्रतिशत र सानातिना अन्य खर्च बापत २.५ प्रतिशत कन्टेन्जेन्सी खर्चको व्यवस्था गरी सोही प्रयोजनमा खर्च गर्नुपर्ने व्यवस्था छ। यस कार्यालयले सो अनुसार अद्यावधिक अभिलेख राखेको पाईएन। कार्यक्रमको नाम, लागत अनुमान रकम, गतवर्ष सम्मको खर्च र यो वर्षको खर्च समेत जम्मा कन्टिन्जेन्सी खर्च देखिने गरी विवरण (अनुसूची-१६) माग गरिएकोमा कार्यालयले कार्यक्रमको लागत अनुमान उल्लेख नगरी गतवर्ष ४० कार्यक्रममा रु.५४,३६,४६६। र यो वर्ष रु.४२,०५,७६२। गरी २ वर्षमा जम्मा रु.९६,४२,२२८। खर्च गरेको एकमुष्ट विवरण पेश गरेको छ। कन्टेन्जेन्सी रकम तोकिएको कार्यमा खर्च गरी अद्यावधिक अभिलेख राख्नुपर्दछ।

५. **ठेक्का म्याद थप** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(३) मा लागत अनुमान तयार गर्दा निर्माण कार्य सम्पन्न गर्न लाग्ने समयावधि किटान गर्नुपर्ने उल्लेख छ। लागत अनुमान तयार गर्दा लाग्न सक्ने समयावधि किटान भए अनुसारको समयावधि दिई ठेक्का सम्झौता गर्नुपर्ने र नियम १२० बमोजिम निर्माण कार्य सम्पन्न गर्नको लागि कावु वाहिरको परिस्थिति परेको हो भने पुष्टयाई भएमा मात्र निर्माण कार्यको सम्झौता अवधि (म्याद) थप गर्नुपर्ने हुन्छ। कार्यालयले यो वर्ष जिल्ला स्वास्थ्य कार्यक्रम अन्तर्गत २९ ठेक्का रहेकोमा ७ ठेक्काको ५० प्रतिशत सम्म, ५ ठेक्काको १०० प्रतिशत सम्म र १ ठेक्काको १०० प्रतिशत भन्दा बढी अवधिको म्याद थप गरेको विवरण पेश भएको छ। जसले गर्दा नियममा व्यवस्था भए अनुसार लागत अनुमान तयार गर्दा निर्माण सम्पन्न गर्न लाग्ने समयावधि किटान गरेको, सो अनुसारको समयावधि दिई ठेक्का सम्झौता गरेको र कावुवाहिरको परिस्थितिले पुऱ्याएको समयको क्षती अनुसार म्याद थप गरेको र सो अवधिमा कार्यसम्पन्न भएको छ, भन्ने अवस्था देखिएन। अतः लागत अनुमान तयार गर्दा, ठेक्का सम्झौता र म्याद थप गर्ने कार्यमा गम्भीर भई निर्माण कार्य सम्पन्न गराउने व्यवस्था गरिनु पर्दछ।

६. **भेरियसन** : याङ्जाकोट स्वास्थ्य चौकि र मल्लाज स्वास्थ्य चौकि निर्माण कार्यको अन्तिम बिल भुक्तानी हुदा संझौतामा उल्लेख भएका कतिपय आइटमको कामै नगरेको र कतिपय आइटममा बढी काम गरी भेरिएशन आदेश समेत स्वीकृत भएको देखियो। लागत अनुमान भन्दा निर्माण व्यवसायिले घटी दरमा काम गर्न कवोल गरेको, आइटममा शुन्य तथा घटि परिमाण काम गर्ने गरी र लागत अनुमानमा भन्दा निर्माण व्यवसायिले बढी दरमा काम गर्न कवोल गरेका आइटममा कामको परिमाण बढाई भेरिएशन आदेश स्वीकृत गरी कार्य सम्पन्न भएको देखिएको छ। लागत अनुमानमा केहि थपघट हुनु स्वाभाविक देखिए पनि लागत अनुमान भन्दा कम कवोल गरेका आइटममा परिणाम घटाउने र बढी रकम कवोल गरेका आइटममा थप कार्य गर्ने गरी भेरिएशन आदेश जारी गर्ने कार्यमा सुधार गरी पर्याप्त प्राविधिक पुष्टयाइका आधारमा मात्र भेरिएशन आदेश जारी गर्नु पर्दछ।

७. **कार्य सम्पन्न :** देउतीखेत-अग्लोपुल सडक निर्माण रु.१२,९६,३३९। भुक्तानी दिएको देखियो । उक्त कार्यको रु.१६,८५,६३०। (मु.अ.कर वाहेक) को लागत अनुमान भएकोमा एक निर्माण व्यवसायीसंग २०७२।३।२५ भित्र कार्य सम्पन्न गर्नुपर्ने गरी रु १६७१०६०।- को सम्झौता भई रु १२९६३३९।- भुक्तानी भएकोमा म्याद थप नभएको एवं लेखारीक्षण अवधि २०७३।११।११ सम्म कार्य सम्पन्न भएको प्रतिवेदन समेत पेश भएको छैन । अतः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार गरी नियम १२५ अनुसार कार्य सम्पन्न गराउनु पर्दछ ।

८. **पूर्वनिर्धारित क्षतिपूर्ति** : पृथ्वी राजमार्गमा सर्भिस ट्र्याक निर्माण कार्यसम्म सम्पन्न गरिसक्नु पर्ने गरी ०७२।११।२५ मा एक निर्माण व्यवसायी संग रु ४७९०८६७- को सम्झौता भएकोमा देखिन्छ । वर्षादको कारणले समयमा कार्य सम्पन्न गर्न नसकेको जनाई ३ महिनाको म्याद थप माग गरेकोले २०७२।६।१५ सम्म म्याद थप गरेको देखिन्छ । निजले कार्य सम्पन्न गरेको कर बीजक २०७२।९।३ मा पेश गरेकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम ढीलो गरि कार्य सम्पन्न गरेको दिन ७८ को सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतले हुने निर्धारित पूर्वक्षतिपूर्ति बापतको रकम रु.१,८६,८४४। पूर्व निर्धारित क्षतिपूर्ति बापतको रकम कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेमा कट्टा गरेको नदेखिएकोले क्षतिपूर्ति रु.१८६,८४४।- असुल हुनुपर्दछ ।

त्यस्तै पृथ्वी राजमार्गको अमर सिंह चोकमा सर्भिस ट्र्याक निर्माण कार्य ०७३।३।२९ भित्र सम्पन्न गर्ने गरी २०७२।३।२३ मा एक निर्माण व्यवसायीसंग रु ८८०४४५।– को सम्झौता भएकोमा तोकिएको ७ दिनको अवधिमा कार्य सम्पन्न गर्न नसकि निजले ०७२।४।१८ मा म्याद थप माग गरेकोले को निर्णयले २०७२।४।२९ सम्म म्याद थप गरेको देखिन्छ । निर्माण व्यवसायीले कार्य सम्पन्न गरी बिल पेश गरेकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार सम्झौता रकमको ०.०५ प्रतिशतले पूर्वनिर्धारित क्षतिपूर्ति बापतको रकम कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेमा कट्टा गरेको नदेखिएकोले ढीलो गरी कार्य सम्पन्न गरेको १४४ दिनको क्षतिपूर्ति बापतको रकम रु.६३,३९२।- अन्यथा असुल हुनु पर्दछ ।

९. **बिल :** एक निर्माण व्यवसायीलाई प्रोभिजनल सम बापत ल्याव टेष्ट तथा इन्योरेन्स बापतको रकम रु.४७,९५८। भुक्तानी दिएकोमा ल्यावटेष्ट र वीमा गराई रकम तिरेको प्रमाण पेश नभएकोले भुक्तानी दिएको रकम रु.४७,९५८।-असुल हुनुपर्दछ ।

१०. **ठेक्का** : वालीङमा वसपार्क निर्माण कार्यको लागत अनुमान रु.३३,७१,३३६। (मूल्य अभिवृद्धि कर वोहक भएको र बोलपत्र आव्हान गर्दा सवैभन्दा कम रु.२५,५५,५६०। कवोल गर्ने एक बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आसयको सूचना प्रकाशीत गरेकोमा निजले विरामीको कारण काम गर्न असमर्थ भनी बोलपत्र जमानत रु.१,२०,०००। नगद जम्मा गरेको, दोश्रो घटी रु.३३,५५,५४६। कवोल गर्ने अर्को बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी २०७३।३।३१ सम्ममा कार्य सम्पन्न गर्नुपर्ने गरी २६ मे २०१६ मा सम्झौता भई रु ३५७०३९२ भुक्तानी भएको छ । कार्य गर्न नसक्ने उपयुक्त कारण भए बोलपत्र फिर्ता लिनु पर्नेमा बोलपत्र स्वीकृत गर्ने आसयको सूचना प्रकाशीत भएपछि मात्र कार्य गर्न असमर्थ भएको जनाएकोले रु.७,९९,९८६। बढी कवोल गर्ने को ठेक्का स्वीकृत गर्नुपरेको कारण नेपाल सरकारलाई बढी व्ययभार पर्न गएको छ । अतः बोलपत्रमा सहभागी भई ठेक्का स्वीकार नगर्नेलाई सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम आवश्यक कारवाही हुनुपर्दछ ।

११. **स्थलगत अवलोकन :** वालिङ वसपार्क निर्माण कार्यको स्थलगत निरिक्षण गर्दा बसपार्क जाने बाटोको दुवैतर्फ वनाउन रिटेनिङ्गवाल लगाएकोमा सोमा माटो थुपारेकोले वालको अवलोकन गर्न पाइएन । बसपार्क निर्माण स्थल समेत सयौं माटोका थुप्राहरु रहेको र ट्याक्टर तथा ट्रकबाट क्रमस माटो थुपार्ने काम भईरहेको देखियो । जस्ले गर्दा वसपार्क भित्र काम गरेको थियो थिएन अवलोकन गर्न सकिएन । स्थानीय जनताको सुविधाको लागि निर्माण गरेको वसपार्कमा कार्य

अवरोध हुने गरी समेत कार्यालयले चासो नराखेको अवस्था देखिंदा वसपार्क निर्माणमा खर्च गरेको रु ३५७०३९२।- माटो थुपार्दा कुनै उपादेयता देखिएन । अतः ठेकेदारले निर्माण गरेको रिटेनिङ्गवाल भत्कीएको भए पुन निर्माण गर्न लगाउने र थुपारिएको उक्त माटो व्यवस्थापन गरी वसपार्क संचालनमा ल्याउनु पर्दछ ।

१२. **म्याद थप** : स्याङ्गजा वसपार्क निर्माण ०७३।३।३१ सम्ममा सम्पन्न गरिसक्नु पर्ने गरी १८ मे. २०१६ मा रु ३२२८७३३।– को सम्झौता भएकोमा २०७३ पौष मसान्त सम्म म्याद थप भएको छ । तत्पश्चात् म्याद थप भएको छैन र ०७३।११।१ सम्म कार्य सम्पन्न भएको प्रतिवेदन समेत पेश भएको छैन । तसर्थ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ र १२५ अनुसार कार्य सम्पन्न गराउनु पर्दछ ।

१३. **उपभोक्ता समिति** : स्याङ्गजा वसपार्क निर्माणका ठेकेदारले कवोल अंकमा ४१ प्रतिशत कममा कवोल गरेको कारण सो वसपार्क निर्माण कार्यको लागि स्वीकृत भएको कार्यक्रम बजेट बचत भएको र बचेको रकमबाट थप कार्य गर्ने तत्परता देखाई उपभोक्ता समितिले निवेदन दिएको हुंदा थप कार्य गर्न स्वीकृतिको लागि २०७३।२।३० मा पत्र पठाएकोमा विभागको ०७३।२।१३ को पत्रबाट रु.९९००००।– को अख्तीयारी थप गरेको देखिन्छ । थप कार्य गर्ने अख्तीयारी प्राप्त भएपछि थप कामको लागि भनी ५६ मीटर लम्वाई १.४५ मिटर चौडाईको रिटेनिङ वाल लगाउने, सुख्खा ढुंगााको गाह्रो लगाउने, पीसीसीको काम, आरसीसी, सिमेन्ट पोईन्टीङ्ग आदि कार्य गर्ने भनी ति आईटमको लागि रु.१३,६४,४१३। को लागत अनुमान स्वीकृत गरी रु.९,५०,०००। कार्यालयले उपलब्ध गराउने र बांकी कार्य श्रमदानबाट गराउने तथा निर्माण कार्य ०७३ असार मसान्त सम्म सम्पन्न गर्ने गरी ०७३।३।१८ मा उपभोक्ता समितिसंग सम्झौता भएको देखिन्छ । उक्त निर्माण कार्य ०७३।३।३१ मात्रै (१२दिनमा) सम्पन्न भएको जनाई रु.१३,६६,४१७ को कार्य सम्पन्न प्रतिवेदन तयार गरी रु.९,५०,०००। उपभोक्ता समितिको नाममा भुक्तानी दिएको देखियो ।

उक्त निर्माण कार्यको २०७३।११।११ मा अवलोकन गर्दा उपस्थित उपभोक्ता समितिका सदस्यहरुको भनाई अनुसार राजमार्गसंग जोडिएको सानु भुभाग स्थानीय लामो दुरीको वसपार्क र तल ठेकेदार मार्फत निर्माण भई रहेको स्थानीय वसपार्क रहेको जानकारी प्राप्त भयो । उक्त रकम बाट माथि टयाक्सी स्टैण्डपार्कको भित्तामा लगाएको भनिएको ५४ मीटर लम्वाईको रिटेनिङ्गवाल र तल एक कन्स्ट्रक्सनले निर्माण गर्दै गरेको बसपार्क जाने बाटोमा अर्को २२ मिटरको रिटेनिङ्गवाल लगाएको देखियो । भिरालो स्थानमा वसपार्क निर्माण कार्य गरेर गत विगत वर्षदेखि करोडौं रकम खर्च भईसकेको र अव पनि ठूलो रकम खर्च हुने देखिन्छ । उक्त रकमवरावर अन्यत्र साईट छनोट गरी जग्गा खरिद गरेको भए थोरै रकम खर्च गर्दा पनि राम्रो र दीगो संरचना निर्माण हुन सक्ने हुंदा अव पुनः सोही स्थानमा ठूलो रिटेनिङ्गवाल लगाई रकम खर्च गर्नुको कुनै औचित्यता देखिदैन ।

१४. **कार्यसम्पन्न** : जिल्ला वन कार्यालय, पर्वतको भवन निर्माणको लागि रु.१,८०,३०,९१७ (मु.अ.कर वाहेक) को लागत अनुमान भएकोमा सवैभन्दा घटी रु.१,२५,५६,९६३। कबोल गर्ने एक निर्माण सेवाले तोकिएको समय भन्दा १ दिन घटीको वीडवण्ड पेश गरेको उल्लेख गरी दोश्रो घटी कवोल गर्ने अर्को कन्स्ट्रक्सनको रु.१,३२,१८,१५५। को बोलपत्र स्वीकृत गरी कार्य गराएको पाईयो । उक्त निर्माण कार्य २०७३।६।२८ सम्ममा कार्य सम्पन्न गरी सक्नु पर्नेमा म्याद थप भएको छैन र लेखापरीक्षण अवधि २०७३।११।१ सम्ममा कार्य सम्पन्न भएको प्रतिवेदन पेश भएको छैन । उक्त कार्यको स्थलगत अवलोकन गर्दा ३ तलाको भवन निर्माण गरी भित्री वाहिरी प्लास्टर गर्ने काम सम्म भएको देखियो भने कम्पाउण्ड वाल निर्माण सम्वन्धी केही कार्य गर्दै गरेको पाईयो । झयाल ढोका लगाउने काम, विजुली, पानी, रंगरोगन जस्ता कार्यहरु गर्न बांकी रहेको पाईयो । अतः

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार गरी नियम १२५ अनुसार यथाशीघ्र कार्य सम्पन्न गराईनु पर्दछ ।

१५. **बढी भुक्तानी :** जिल्ला सरकारी वकिल कार्यालय, स्याङ्जाको भवन निर्माणको भुक्तानी दिन बांकी रु.५,२१,९१६। हुनेमा रु.५२८,९१८। देखाएको बढी देखाएको रकम रु.७,००२। असुल हुनुपर्ने पर्ने साथै निर्माण व्यवासयिलाई भुक्तानी दिंदा कुल बिलबाट धरौटी र अग्रीम कर बापतको रकम कट्टा गरेर बांकी मात्र भुक्तानी दिनुपर्नेमा धरौटी र कर कट्टा नगरी सो रकम समेत भुक्तानी दिन बांकीमा देखाएकोले धरौटी र राजश्व रकम रु.१,६८,६७०। सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ । त्यस्तै पांचौं बिलसम्मको भुक्तानी मूल्य अभिवृद्धि कर वाहेक रु.९४,५२,३१७ भएको र सोको ४.५ प्रतिशतले छुट रु.४२५,३५२। हुनेमा रु.४,१०,३५२। मात्र घटाएकोले कम घटाएको रु.१५,०००। र रु.४२५,३५२। मा मूल्य अभिवृद्धि कर दिएको रु.५५,२९६। समेत जम्मा रु.७७,२९८। असुल हुनुपर्दछ ।

१६. **बिल :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार भुक्तानी गर्दा बिल भरपाई सहित खर्च पुष्ट्याई गर्ने कागजात संलग्न गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वास्थ्य चौकि निर्माण कार्य क्याक्मीको निर्माण कार्य बापतको एक निर्माण व्यवसायीलाई रु.३८,६८,८८७। भुक्तानी दिनुपर्नेमा रु.४१,२५,२४२। भुक्तानी दिएकोले पाउनुपर्ने रकम भन्दा रु.२,५६,३३७। बढी भुक्तानी गरेको देखिएकोले असुल गरी राजश्व दाखिला गर्नुपर्दछ ।

१७. **कर समायोजन :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा बीजक जारी गर्नुपर्ने व्यवस्था रहेको छ र कर बीजक अनुसुची ५ बमोजिमको ढांचामा हुनुपर्ने व्यवस्था छ । स्वास्थ्य चौकी क्याक्मी र थुम्की निर्माण कार्यको कर बीजकमा बीजक नं. हातले लेखेकोले मूल्य अभिवृद्धि कर रु.११,८५,९८१। समायोजन भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिन्छ ।

१८. **नापी भन्दा बढी भुक्तानी :** भवनपोखराको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले सातौ बिलसम्म काम सम्पन्न गरेको बिल तथा नापी किताव बमोजिम बाटर प्रूफीङ लिक्सिीडको काम २.५२ लिटरको सम्पन्न भएको उल्लेख गरेको देखिन्छ तर निर्माण व्यवसायीलाई छैंठौ रनिङ बिलमा उक्त काम बापत २८० लि.को भुक्तानी भएको छ । तसर्थ वास्तविक कामभन्दा २७७.४८ लि.को ठेक्का दर रु.५८१। ले मूल्य अभिवृद्धि कर समेत बढी भुक्तानी भएकोले रु.१८२,१७४।– असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

१९. **सम्झौताभन्दा बढी परिमाणको भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य शुरु भइसकेपछि प्राविधिक कारणबाट त्यस्तो कार्यको परिमाण थपघट गर्न ऐनको दफा ५४ को अधिनमा रही भेरियसन आदेश जारी गरी मात्र सम्झौता परिमाण भन्दा बढी कार्यको भुक्तानी गर्नसक्ने अवस्था छ । तर कार्यालयले कार्यालय भवन निर्माणको सर्फेस ड्रेसिङको कार्य सम्झौतामा १०९२ वर्ग मिटर भएकोमा २१५६.१२ वर्ग मिटरको भुक्तानी भएको अवस्थामा नियम अनुसार भेरिएसन अर्डर जारी गरेको छैन । यस प्रकार भेरिएसन आदेश जारी नगरी सम्झौता भन्दा बढी कार्य गरेको १०६४.१२ वर्ग मिटरको प्रतिवर्गमिटर रु.४१।५० ले मूल्य अभिवृद्धी कर समेत रु.४९,९०१। बढी भुक्तानी भएको रकम निर्माण व्यवसायीबाट असुल गरी राजश्व दाखिला हुनुपर्दछ ।

२०. **शीर्षक फरक पारी खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ बमोजिम खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्वन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बांकी छ भने मात्र खर्च गर्ने निकासाको आदेश दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले खर्च शीर्षक तलबबाट महंगी भत्ता खर्च शीर्षकमा रु ३८९९८। रकम खर्च लेखेको देखिएकोले शीर्षक फरक पारी खर्च लेखेको रकम अनियमित देखिएको छ ।

२१. **प्रमाण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एजबिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ । कार्यालयले डिभिजन कार्यालय कास्कीको भवन निर्माण कार्यको अन्तिम तथा पांचौ रनिङ्ग बिल भुक्तानी बापत निर्माण व्यवसायी लाई एज बिलट ड्रइङ बापत रु.३५०००। रकम भुक्तानी दिएको देखिएकोमा एजबिल्ट ड्रइङ तयार नगरेकोले पेश गर्ने अन्यथा असुल गर्नुपर्दछ ।

२२. **भेरिएशन र छुट** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ (४) अनुसार खरिद सम्झौता बमोजिमको निर्माण कार्यमा नयां आइटम थप गर्नुपर्ने भएमा सार्वजनिक निकायले त्यस्तो नयां आइटमको दर समेत विश्लेषण गरी दररेट निर्धारण गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ । कार्यालयले डिभिजन कार्यालय कास्कीको कार्यालय भवन निर्माण कार्य गरेबापत यस रु.२७,४७,५६०। (मूल्य अभिवृद्धि कर समेत) भुक्तानी गरेको देखिन्छ । भवन निर्माण कार्य सम्पन्न गर्नका लागि ६ नयाँ आईटमको रु.८०६१६९। को थप गरेकोमा नियमावलीमा भएको व्यवस्था बमोजिम उक्त नयां आइटमको दर समेत विश्लेषण गरेको देखिएन । साथै सम्झौतामा२७.७७ प्रतिशत छुट दिने उल्लेख भएमा थपिएका नयां आइटमको छुट रु.२,२३,८७३। समेत लिएको नदेखिएकोले उक्त छुट बापतको रकम असुल गरिनुपर्दछ ।

२३. **कार्य स्वीकार** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(१) अनुसार खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि मात्र निर्माण व्यवसायीलाई करारका सर्त बमोजिम अन्तिम भुक्तानी दिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । खानी तथा भूगर्भ विभाग पोखराको भवन मर्मत संभार कार्य गर्नको लागि रु.१२,६४,१४८। ( मूल्य अभिवृद्धि कर वाहेक) लागत अनुमान भएकोमा सवैभन्दा कम कवोल गर्नेसंग २०७३।३।२५ मा सम्पन्न गर्ने गरी २०७३।२।१९ मा रु.१२,५२,१७७। (मूल्य अभिवृद्धि कर वाहेक) को सम्झौता गरी कार्य गराई रु.१०,५६,३५०। भुक्तानी दिएकोमा कार्य स्वीकार प्रतिवेदन पेश नभएकोले कार्य स्वीकार प्रतिवेदन पेश हुनुपर्दछ ।

२४. **दोहोरोपन** : झाङ्गखोला ल्याङ्गघलेल सडक विस्तार कार्य बापत उपभोक्ता समितिलाई रु.१८,९९,८२३। भुक्तानी गरेकोमा उक्त कार्यको स्थलगत अवलोकन गर्दा सडक केही विस्तार र ग्रावेलिङ्ग गर्ने कार्य भएको देखियो । उक्त सडकको कुल लम्वाई कति हो र लागत अनुमानमा निर्माण कार्य गराईने स्थान उल्लेख भएको छैन । स्थानीय उपभोक्ता समितिसंग छलफल तथा उपभोक्ता समितिको बैठक पुस्तिका र कागजातहरु हेर्दा यो वर्ष सो कार्यको लागि जिल्ला भू संरक्षण कार्यालयबाट २० थान ग्यावियन जाली, गाउं विकास समितिबाट रु.२,००,०००। र जिल्ला विकास समितिबाट रु.३,८०,०००। प्राप्त भई खर्च भएको उल्लेख छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) विपरीत हेभी मेशिन प्रयोग गरी कार्य भएको देखियो । यसरी सडकको खण्ड समेत उल्लेख नगरी विभिन्न निकायबाट छुट्टा छुटै लगत इष्टिमेट गरी कार्य गरेको देखिंदा कार्यक्रममा दोहोरोपन पर्न गएको छ । अतः निकायगत रुपले बजेट खर्च गरेकोमा कामको खण्ड छुटयाई सो अनुसारको नापी मूल्याङ्कन पेश हुनुपर्दछ ।

२५. **बढी भुक्तानी** : स्याङजाको वडाचौर देखि शेरबजारसम्म सडक विस्तार कार्य उपभोक्ता समिति मार्फत गराई कार्यालयको तर्फबाट रु.१८२८७०६।०० व्यहोर्ने उल्लेख भएकोमा उक्त निर्माण कार्यको रु.२२,८५,८८३। को कार्य स्वीकार प्रतिवेदन पेश भएको अवस्थामा समितिलाई रु.२५,५०,७२३। भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु.७२२०१७ असुल हुनुपर्दछ ।

२६. **जटील काम** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनुपर्ने र सार्वजनिक निकायले त्यसरी सूचना प्राप्त गरेपछि

सो सम्वन्धमा आवश्यक जांच गरी सो समिति वा समुदायसंग भएको सम्झौता तोडी बांकी काम ऐन र यस नियमावली बमोजिम गराउनुपर्ने व्यवस्था छ । उपभोक्ता समितिले लागत अनुमान अनुसारको केही आइटम कार्य नगरेको अवस्थामा गरेको कामको आधारमा मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाईयो । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समितिले गर्न सक्ने काम मात्र उपभोक्ता समिति मार्फत गराउनु पर्दछ र काम गर्न नसक्ने उपभोक्ता समितिलाई पुनः त्यस्तो काम नदिई बोलपत्रको माध्यमबाट गराउनुपर्दछ ।

२७. **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने र भुक्तानी दिंदा रीत पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ। एक निर्माण व्यवसायी लाई गुए खोला स्तरोन्नती कार्य बापत कर बीजक अनुसार रु.४,४३,५११। खर्च लेखेकोमा भुक्तानी आदेशमा निर्माण व्यवसायीको नाममा भएको एक आमा समूहको नाउंमा भुक्तानी दिएको देखियो । अतः खर्च पुष्ट्याई गर्ने अन्य कागजात पेश हुनुपर्ने अन्यथा असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

२८. **पेश्की :** विभिन्न व्यक्ति संस्थालाई दिएको पेश्की रु.३,५९,१६,७३६। फछ्र्यौट नभएकोले आर्थिक कार्यविधि नियमावली २०६४ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार फछ्र्यौट हुनुपर्दछ ।

२९. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफ ८८ अनुसार भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्नेमा सिक्लेस स्वास्थ्य चौकीको मर्मत सुधार कार्यको निर्माण सामाग्री खरिद बापत विभिन्न फर्महरुलाई रु.४,७२,६११। भुक्तानी दिंदा अग्रिम कर रु.६,२७३। कट्टी नभएकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

## अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना

१. **आन्तरिक नियन्त्रण :** आयोजनाले ऐन नियम, कार्यविधिको पालना गरी कायं प्रभावकारी बनाउनुपर्नेमा ढिला गरी कार्यक्रम स्वीकृत गरेको, तोकिएको ढांचामा वार्षिक कार्यक्रम तयार नगरेको, कार्यक्रमको अनुगमन गरी प्रतिवेदन गर्ने परिपाटी विकास नगरेको, विनियममा तोकेको समयमा आन्तरिक लेखापरीक्षण नगराई ढिला गराएको, तोकिएको ढांचामा प्रगति प्रतिवेदन तयार नगरेको, चौमासिक खर्च र प्रगतिको अभिलेख नराखेको, ढिला अख्तियारी प्रदान गरेको, लाभग्राही समूहबाट खर्चको अनुमोदन नगराएको, जिन्सी मालसामानको उचित संरक्षण मर्मत संभार एवं ललाम विक्री सम्बन्धी कारबाही नगरेको, उपभोक्ता समितिबाट भएको कामको व्यवस्थित अभिलेख नराखेको अवस्था देखिएको छ । यसमा सुधार हुनुपर्दछ ।

२. **दण्ड जरिवाना कोष :** संरक्षण क्षेत्र व्यवस्थापन निर्देशिका २०५६ को दफा २५(२) अनुसार संरक्षण क्षेत्र भित्रको ऐन नियम तथा यस निर्देशिकाको वर्खिलाप गरे बापत लाग्ने दण्ड जरिवानाबाट हुने आम्दानीको ५० प्रतिशत रकम सम्वन्धित समितिको कोषमा जम्मा हुने छ र उक्त रकम सोही समिति अर्न्तगत संरक्षण तथा विकास कार्यमा उपयोग गरिने उल्लेख छ । मुद्दा हेर्ने अधिकारीले जरिवाना तोक्ने र जरिवाना बापतको रकम राजश्व खातामा दाखिला गरी वाकी धरौटी फिर्ता गर्ने भनि आदेश दिएको देखिन्छ । आयोजनाको वित्तिय विवरण अनुसार यस्तो दण्ड जरिवाना बापत उठेको गत वर्ष सम्मको रु ११००६५८। र यो वर्षको रु.२२७०८०।०० समेत रु.१३२७७३८।– कोषमा रहेको देखिएकोले दण्ड जरिवाना बापतको ५० प्रतिशत रकम रु.१३२७७३८।– राजश्व जम्मा गर्नुपर्दछ ।

३. **वाह्य श्रोत फण्ड :** विभिन्न वैदेशिक संस्थाबाट प्राप्त भएको सहायता रकमबाट संचालन हुने कार्यक्रम र गैर अनुमानित रकम यस फण्ड अर्न्तगत आम्दानी गरी खर्च गरेको छ । यो वर्ष कार्यालयले वैदेशिक संस्थाबाट रकम प्राप्त नगरी रु ७५२१३४। खर्च गरेको छ ।यस्तो रकम वासलातको दायित्व शीर्षक अर्न्तगत देखाएको छ । वित्तीय विवरण अनुसार गत वर्षसम्म वाह्य श्रोतबाट प्राप्त रकम भन्दा रु ३७९१०४०। बढी खर्च गरेकोमा यो वर्ष अन्तसम्मा रु.१५९००९४।

प्राप्त हुन बाँकी देखाएको छ । रकम प्राप्त नभइ खर्च गर्ने परिपाटीमा पुनरावलोकन हुनुपर्दछ । यस वर्ष वाह्य श्रोत अन्तर्गत खर्च भएको रकम रु.७,५२,१३४। समयमै सोधभर्ना लिनुपर्दछ ।

४. **प्रवेश शुल्क** : संरक्षण क्षेत्र व्यवस्थापन नियमावली २०५३ को नियम १९(१) अनुसार विदेशी नागरिकले संरक्षण क्षेत्र भित्र प्रवेश गर्न चाहेमा अनुसूची–२ बमोजिम सार्क राष्ट्रका मुलुकका नागरिकलाई रु २००।– र अन्य विदेशी नागरिकलाई रु २०००।–का दरले प्रवेश शुल्क लिने व्यवस्था अनुरुप यो वर्ष विभिन्न मुलुकका पर्यटकबाट रु १४०४२६६००।०० प्रवेश शुल्क आम्दानी गरेको छ । उक्त शुल्क विगत १५ वर्ष अगाडि निर्धारण गरेकोमा हाल सम्म पनि पुनरावलोकन नगरेकोले आयोजनाको आयवृद्धि गर्न शुल्कमा समयसापेक्ष वृद्धि गर्नुपर्दछ ।

५. **सानो नगदी कोष परिचालन** : राष्ट्रिय प्रकृति संरक्षण कोषको आर्थिक प्रशासन सम्बन्धी विनियम २०५३ को ११७(३) अनुसार सानो नगदी कोष संचालनको लागि सहरी क्षेत्रमा अधिकत्तम रु २५०००।– र ग्रामिण क्षेत्रमा अधिकत्तम रु ५००००।– को सानो नगदी कोषको रुपमा राख्न सकिने व्यवस्था छ । त्यस्तै ११७(४) अनुसार बैङ्क नभएको स्थानमा कार्यालय रहेको खण्डमा आर्थिक महाशाखाको सहमति लिई रु १०,००,०००।– सम्म नगद कार्यालयमा राखी कार्य संचालन गर्न सकिने उल्लेख छ । आर्थिक वर्षको अन्त्यमा आयोजना अर्न्तगत इलाका संरक्षण कार्यालय घान्द्रुकले रु.१३८०६७, सिक्लेसले रु.२०५८९०, भुजुङ्गले रु ७४८०६, मनाङ्गले रु ६३५०८, जोमसोमले रु.४४६७६८। र मुस्ताङ्गले रु.९५९११। नगद मौज्दात राखेको देखिन्छ । तोकिएको सीमा भन्दा बढी नगद राखेकोमा केन्द्रीय कार्यालयको अनुमति लिएको देखिएन । विनियममा तोकिएको सीमा भित्र रही नगदको कारोवार नगर्दा वित्तीय अनुशासन नहुने भएकोले सिमा भित्र रही कोष परिचालन गर्नुपर्दछ ।

६. **बजेट भन्दा बढी खर्च** : राष्ट्रिय प्रकृति संरक्षण कोषको आर्थिक प्रशासन सम्बन्धी विनियम, २०५३ को विनियम ११४(४) अनुसार कुनै शीर्षमा खर्च गर्न स्वीकृत भएको रकमले नपुग हुने भएमा सदस्य सचिवको स्वीकृति लिएर तलव भत्ता र भैपरी खर्च वाहेक अन्य उप शीर्षकमा एक उप शीर्षक वा विभिन्न उप शीर्षकबाट रकमान्तर गरिने शीर्षकको विनियोजन भएको बजेटको बढीमा १० प्रतिशतसम्म रकमान्तर गर्न सकिने र सो भन्दा बढी रकम रकमान्तर गर्नु परेमा समितिको स्वीकृति लिनुपर्ने व्यवस्था छ । कार्यालयले रकमान्तर वा तालुक निकायबाट स्वीकृत बेगर विभिन्न बजेट शीर्षकहरुमा स्वीकृत बजेट भन्दा रु.१५,२१,५५६। बढी खर्च गरेको नियमसम्मत देखिएन ।

७. **पेश्की** : आर्थिक बर्षको अन्त्यमा विगत देखिको पेश्की समेत रु.२११९५७२। पेश्की बांकी देखिन्छ । पेश्की बाँकी मध्ये एक निकायको नाममा विगत ११ वर्षदेखि रु.११,१२,५३०। र अर्को एक साना जलविद्युत समितिको गत वर्षको रु ६६२३०८। फछ्र्यौट हुन बांकी रहेको देखिन्छ । आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार कारवाही गरी पेश्की फछ्र्यौट गर्नु पर्दछ ।

८. **लिन बाँकी हिसाब** : आयोजनाले लिन बांकी हिसाव समयमै व्यवस्थापन गर्नुपर्दछ । आर्थिक बर्षको अन्त्यमा विगतदेखिको रु.२७२५७४१। लिन बाँकी देखिन्छ । समयमै लिन बांकी हिसाव मिलान नहुदां वित्तिय व्यवस्थापन एवं अनुशासन कमी आउने भएको हुदां लिन बांकी रकम प्राप्त गरी आयोजनाको कोषमा दाखिला गर्नुपर्दछ ।

९. **तिर्न बाँकी हिसाब** : आयोजनाले तिर्न बांकी हिसाव समयमै व्यवस्थापन गर्नुपर्दछ आर्थिक बर्षको अन्त्यमा विगतदेखिको रु.१६६३१५४६। तिर्न बाँकी देखिन्छ । समयमै तिर्न बांकी हिसाव मिलान नगर्दा वित्तीय व्यवस्थापन एवं अनुशासन कमी आउने भएको हुदां समयमै तिर्न बांकी हिसाव फरफारक गर्नुपर्दछ । साथै तिर्न बांकी रकम मध्ये रु.२०८८४६। राजस्व बापतको रकम देखिएकोले सम्बन्धित राजश्व खातामा जम्मा गरी प्रमाण पेश गर्नुपर्दछ ।

१०. **तालिम सञ्चालन कार्यविधि** : आयोजनाबाट संचालन गरिने विभिन्न तालिम तथा गोष्ठी संचालनका लागि सबै कार्यालयलाई एकरुपता हुने गरी तालिम संचालन निर्देशिका वा कार्यविधि स्वीकृत हुनुपर्नेमा आयोजनाले हालसम्म छुट्टै नर्मस स्वीकृत गराएको पाईएन । यसरी स्वीकृत नर्मस नहुँदा कार्यक्रमको बजेट अनुसार लागत अनुमान तयार गरी सञ्चालन गर्ने गरेको र एकै प्रकृतिका तालिमहरुमा पनि प्रशिक्षकसँगको सम्झौताको आधारमा प्रशिक्षण भत्ताको दर फरक फरक राखी भुक्तानी दिएको एवं भत्ताको अतिरिक्त खाने बस्ने ब्यबस्था,यातायात खर्च समेत आयोजनाले ब्यहोरेको देखियो । तालिम कार्यक्रमको लागत अस्वभाबिक रुपमा बढेको पाईयो । अतः आयोजनाले छुट्टै तालिम सञ्चालन सम्बन्धि कार्यविधि, निर्देशिका वा नर्मस तयार गरी केन्द्रबाट स्वीकृत गराई लागु गराउनुपर्दछ ।

## ईलाका संरक्षण कार्यालय, घान्द्रुक

११. **आन्तरिक नियन्त्रण** : कार्यालयले ऐन नियम कार्यविधिको पालना गर्ने एवं आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरी कार्य प्रभावकारिता अभिवृद्धि गर्नुपर्नेमा तोकिएको ढांचामा प्रगति प्रतिवेदन तयार नगरेको, न्यून प्रगति गरेको, उपभोक्ता वा लाभग्राहीवर्गले सम्पन्न गरेका कामको श्रमदान, नगद र जिन्सी समेत कुल खर्च खुल्ने विवरणको अद्यावधिक अभिलेख नराखेको अवस्था छ । यसमा सुधार हुनुपर्दछ ।

१२. **बढी खर्च** : राष्ट्रिय प्रकृति संरक्षण कोषको आर्थिक प्रशासन सम्बन्धी विनियम, २०५३ को ११४(४) अनुसार कुनै शीर्षकमा खर्च गर्न स्वीकृत भएको रकमले नपुग हुने भएमा सदस्य सचिवको स्वीकृत लिएर तलव भत्ता र भैपरी खर्च वाहेक अन्य उप शीर्षकमा एक उप शीर्षक वा विभिन्न उप शीर्षकबाट रकमान्तर गरिने शीर्षकको विनियोजन भएको बजेटको बढीमा १० प्रतिशतसम्म रकमान्तर गर्न र सो भन्दा बढी रकम रकमान्तर गर्नु परेमा समितिको स्वीकृति लिनुपर्ने व्यवस्था छ । यस वर्ष विभिन्न बजेट शीर्षकहरुमा स्वीकृत बेगर बजेट भन्दा रु.२७०५९२। बढी खर्च गरेको नियमसम्मत देखिएन ।

१३. **सम्झौता अघिको भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा भुक्तानी गर्दा रीत पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । एक माध्यमिक विद्यालयसंग २०७२।९।५ मा सम्झौता गरी २०७२ श्रावणदेखि २०७३ आषाढ मसान्त सम्मको भाडा रु.३०,०००। मा कर कट्टा गरी रु.२७,०००। प्रधानाध्यापकलाई नगद रु.२७,०००। भुक्तानी गरेको छ । यस प्रकार सम्झौता मिति भन्दा ५ महिना ५ दिन अगाडीको भाडा भुक्तानी गरेको एवं विद्यालयको खातामा जम्मा नगरी प्राधानाध्यापकलाई नगद वुझाइएको नियम संगत देखिएन । अतः उक्त रकम विद्यालयकले आम्दानी वांधिएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गरी राजश्व खातामा जम्मा गर्नुपर्दछ ।

१४. **अनुपातिक भुक्तानी** : समितिसंग लाम दुवाली गैरीवाङ गोरेटो ममर्त गर्न मिति २०७२।१२।११ मा संरक्षण क्षेत्र व्यवस्थापन समितिले रु.३१,४८३। कार्यालयले ६०,०००। व्यहोर्ने गरी रु.९१,४८३। को ठेक्का सम्झौता गरेकोमा समितिले रु.८२,७००। को काम गरेकोमा कार्यालयले रु.६०,०००। नै समितिलाई भुक्तानी गरेको छ । कार्यालयले दामासाहीले हिसाव गरी रु.५४,०६५। भुक्तानी गर्नुपर्नेमा सवै रकम भुक्तानी गर्ने गरेकोले अनुपातिक हिसाबले रु.५,९३४। बढी भुक्तानी भएको छ ।

१५. **प्रमाण** : व्यवस्थापन समिति संग भएको सम्झौता, प्राविधिक प्रतिवेदन र समितिले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) अनुसार खर्च अनुमोदन गरेको प्रमाण बेगर खरिद बिल र डोर हाजिरको आधारमा रु.२,००,०००। खचं लेखेकोले उक्त प्रमाण पेश हुनुपर्दछ ।

१६. **जिन्सी आम्दानी** : आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना पोखराले

